# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **डी.पी. अधिकारीका समालोचनाको विश्लेषण** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजन परिपूर्तिका लागि तयार पारिएको हो ।

## १.३ समस्याकथन

डी.पी. अधिकारीले कथा, उपन्यास र समालोचना विधामा कलम चलाएका छन् । उनका कथासङ्ग्रह **माउसुली** (२०४६) र **लङ्गडो मान्छे** (२०२७) छन् । उनका उपन्यास **आशमाया** (२०२५) **धर्ती अझै बोल्दैछ** (२०२७) र **युगान्तकारी** (२०५६) छन् । उनका समालोचना **यथार्थवादी समालोचना** (२०१७), **नेपाली साहित्य र आलोचना** (२०३२) र **नेपाली उपन्यास र जनजीवन** (२०६०) हुन् । समालोचकका रूपमा नेपाली समालोचनाको प्रगतिशील धारामा कलम चलाउने समालोचक छन् । हालसम्म उनका समालोचनाहरूको समग्र अध्ययन विश्लेषण हुनसकेको देखिदैन । नेपाली साहित्यका विभिन्न विधामा विस्तारित डी.पी. अधिकारीका समालोचनाको विश्लेषण केलाउनु यस शोधकार्यको प्रमुख समस्या रहेको छ भने यसै समस्यासँग गाँसिएर निम्नलिखित समस्याहरू आएका छन् :

(१) डी.पी. अधिकारीको संक्षिप्त परिचय केकस्तो रहेको छ ?

(२) समालोचनाको सैद्धान्तिक स्वरूप केकस्तो रहेको छ ?

(३) नेपाली समालोचनाको विकास प्रक्रिया केकस्तो छ ?

(४) डी.पी. अधिकारीको समालोचना यात्रा केकस्तो रहेको छ?

(५) डी.पी. अधिकारीका समालोचनाको विश्लेषण के कसरी गर्न सकिन्छ ?

## १.४ शोधपत्रका उद्देश्यहरू

नेपाली साहित्यका बहु-आयामिक समालोचकका रूपमा परिचित "डी.पी. अधिकारीको समालोचकीय निर्धारण गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । यस शोधकार्यमा निम्नलिखित उद्देश्यहरू आएका छन् :

(१) डी.पी. अधिकारीको संक्षिप्त परिचय प्रस्तुत गर्नु,

(२) समालोचनाको सैद्धान्तिक स्वरूप केलाउनु,

(३) नेपाली समालोचनाको विकासप्रक्रिया प्रस्तुत गर्नु,

(४) डी.पी. अधिकारीका समालोचना यात्रा निर्धारण गर्नु ,

(५) डी.पी. अधिकारीका समालोचनाको विश्लेषण गर्नु ।

यिनै उद्देश्यहरूमा केन्द्रित रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.५ पूर्वकार्यको समीक्षा

समालोचक डी.पी. अधिकारीको बारेमा लेखकहरूले विभिन्न पुस्तक समालोचनात्मक ग्रन्थ र पत्रपत्रिकामा कलम चलाए तापनि उनका समालोचनात्मक कृतिहरूको छुट्टै अध्ययन विश्लेषण हुन सकेको देखिँदैन । यहाँ उनको समालोचकीयताका बारेमा पूववर्ती अध्येताहरूले गरेका अध्ययनलाई पूर्वकार्यका रूपमा लिइएको छ । यस्ता पूर्वकार्यहरूलाई यहाँ कालक्रमका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

डी.पी. अधिकारीको **नेपाली साहित्य र आलोचना** (२०३२) नामक समालोचनात्मक पुस्तकको भूमिकामा वासुदेव त्रिपाठीले भन्न खोजेको कुरालाई स्पष्टसँग भन्ने सूक्ष्मतम विचारलाई त्यसको तर्क प्रतियोगितामा समेत सजिलो छोटो र छरितो तरिकाले प्रकट गर्ने सामर्थ्य अधिकारीको कलममा रहेको बताएका छन् ।

ऋषिराम भुसालले **प्रगतिवादी समालोचना र नेपाली समालोचना** (२०३८) शीर्षक स्नातकोत्तर शोधपत्रमा डी.पी. अधिकारी उपन्यासकार र कथाकार भन्दा अगाडि समालोचक बनेर प्रगतिशील फाँटलाई हरियो भरिलो पार्न उद्यत भएको ठहऱ्याएका छन् ।

राजेन्द्र सुवेदीले **स्रष्टा सृष्टि द्रष्टा-दृष्टि** (२०४९) मा डी.पी. अधिकारीका विशेषताहरू केलाउँदै भाषामा यथार्थता र दृष्टिकोणमा समाजवादिता अधिकारीका विशेषता हुन् भन्ने दृष्टिकोण अगि सारेका छन् ।

घनश्याम कँडेलद्वारा सम्पादित **नेपाली समालोचना** (२०५५) मा सामाजिक परिवेशलाई महत्त्व दिने साहित्यमा सामाजिक यथार्थ प्रतिबिम्बित हुनुपर्दछ भन्ने मान्यता राख्ने र सोअनुसार नै सैद्धान्तिक एवम् व्यावहारिक समालोचना लेख्ने डी.पी. अधिकारी यथार्थवादी समालोचकहरूमध्ये एक हुन् भन्ने दृष्टिकोण अगि सारिएको छ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले **नेपाली गद्यभाषा साहित्य र इतिहास** (२०५५) मा डी.पी. अधिकारीलाई प्रगतिवादी नेपाली समालोचकका रूपमा चर्चा गर्ने क्रममा डी.पी. अधिकारीको नाम र उनका समालोचनाको चर्चा गरेका छन् ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले **नेपाली कविता नाटक र इतिहास** (२०५६) मा नेपाली समालोचनाको विकासक्रम र समालोचनाका प्रकारहरूको चर्चा गर्ने क्रममा प्रगतिवादी समालोचकका रूपमा डी.पी. अधिकारीलाई उल्लेख गरेका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले **आधुनिक नेपाली समालोचना** (२०५७) नामक पुस्तकमा नेपाली समालोचनाको परिदृश्य प्रस्तुत गर्ने क्रममा प्रगतिवादी नेपाली समालोचकको सूचीमा डी.पी. अधिकारीका र उनका समालोचनात्मक कृतिको उल्लेख गरेका छन् ।

नरेन्द्रराज प्रसाईले **नेपाली साहित्यका समालोचक र समालोचना** (२०५७) मा डी.पी. अधिकारी गहन चिन्तनका आधारमा साहित्य लेख्छन्, राजनीति लेख्छन् र राष्ट्रवादलाई आधारशिला बनाएर लेख्छन् । उनी एउटा राष्ट्रवादी लेखक हुन् त्यति मात्र नभई उनको लेखनीमा नेपाली माटोको सुभाष भेटिन्छ स्तरीयताको माप पाइन्छ र यथार्थताको धरातल देखिन्छ भनेर अधिकारीलाई प्रस्तुत गरिएको छ ।

राजेन्द्र सुवेदीले **नेपाली समालोचना परम्परा र प्रवृत्ति** (२०६१) मा २०३० सालपूर्वको समयमा समीक्षामा स्थापित बनिसकेका समालोचक अधिकारी २०३० सालपछि निस्क्रिय र शिथिल बनेको दृष्टिकोण अगि सारेका छन् ।

यसरी डी.पी. अधिकारीको समालोचनात्मक व्यक्तित्वको बारेमा विभिन्न पुस्तक पत्रपत्रिकामा संक्षिप्त चिनारी पाइएतापनि उनका समालोचनात्मक कृतिहरूको समग्र अध्ययन हुन सकेको देखिँदैन, त्यसैले समालोचक अधिकारीको समालोचकीयताको अध्ययन गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ ।

## १.६ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

नेपाली साहित्यमा डी.पी. अधिकारीको समालोचनाको के कस्तो भूमिका रहेको छ र तिनका प्रमुख समालोचनाहरूको अध्ययन पूर्ण हुन नसकेको परिप्रेक्ष्यमा समष्टिगत र वस्तुगत अध्ययन गरी तयार गरिएको प्रस्तुत शोधपत्र औचित्यपूर्ण रहेको छ । प्रस्तुत शोधपत्रबाट डी.पी. अधिकारीका प्रमुख समालोचनात्मक कृतिका विषयमा जानकारी लिन चाहने जिज्ञासुपाठकहरू लाभान्वित हुने भएकाले तथा पुस्तकालयीय अध्ययन परम्पराको विकासमा महत्त्वपूर्ण रहने भएकाले प्रस्तुत शोधपत्र औचित्यपूर्ण रहेको छ । समालोचनाको सैद्धान्तिक स्वरूप र विकासक्रमको अध्ययन विश्लेषण गरिएको प्रस्तुत शोधपत्र भावी शोधकर्ताहरूका लागि समेत मार्गदर्शक रहन सक्ने भएकाले यसको प्राज्ञिक तथा अनुसन्धात्मक औचित्य समेत रहेको छ ।

## १.७ अध्ययनको सीमाङ्कन

डी.पी. अधिकारीले नेपाली साहित्यको कथा, उपन्यास र समालोचना विधामा कलम चलाएका छन् । पुस्तकाकार कृतिका अतिरिक्त पत्रपत्रिकामा समावेश भएका फुटकर समालोचनात्मक लेखहरू रहेका छन् । प्रस्तुत शोधपत्रमा डी.पी. अधिकारीको समालोचनात्मक कृतिहरूको मात्र अध्ययनमा प्रस्तुत शोधपत्र सीमित पारिएको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्रको विषय समालोचना भएकाले सामग्री सङ्कलनका लागि पुस्तकालयीय अध्ययन पद्धतिलाई अवलम्बन गरिएको छ । साथै आवश्यकताअनुसार

विषयविशेषज्ञहरूसँग सम्पर्क गरिएको छ । सङ्कलित सामग्रीलाई अध्ययन र विश्लेषण गर्नाका लागि सैद्धान्तिक , वर्णनात्मक र विश्लेषणात्मक पद्धति अपनाइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवम् सुगठित रूप दिनका लागि सात परिच्छेदभित्रका मूल शीर्षकहरूमा विभाजन गरी आवश्यकताअनुसार विभिन्न शीर्षक उपशीर्षकसमेत राखेर अध्ययन प्रतिवेदन तयार पारिएको छ । यस शोधपत्रको परिच्छेद विभाजनका मुख्य शीर्षकहरू निम्नानुसार रहेका छन्:

(१) पहिलो परिच्छेद : **शोधपरिचय**

(२) दोस्रो परिच्छेद : **डी.पी. अधिकारीको संक्षिप्त परिचय**

(३) तेस्रो परिच्छेद : **समालोचनाको सैद्धान्तिक स्वरूप**

(४) चौथो परिच्छेद : **नेपाली समालोचनाको विकासप्रक्रिया**

(५) पाचौँ परिच्छेद : **डी.पी. अधिकारीको समालोचना यात्रा**

(६) छैटौँ परिच्छेद : **डी.पी. अधिकारीका समालोचनाको विश्लेषण**

(७) सातौ परिच्छेद : **उपसंहार**

शोधपत्रको अन्त्यमा प्रस्तुत शोधपत्र तयार पार्दा प्रयोग गरिएका विभिन्न पुस्तकहरू एवम् पत्रपत्रिकाको छुट्टाछुट्टै सूची राखिएको छ ।

## दोस्रो परिच्छेद

# डी.पी. अधिकारीको संक्षिप्त परिचय

## २.१ जीवनी

### २.१.१ जन्म र पारिवारिक स्थिति

देवीप्रसाद अधिकारीको जन्म वि.सं १९८३ असारमा कोशी अञ्चल सुनसरी जिल्लाको बराह क्षेत्रअन्तर्गत अर्चले गाउँमा जमिनदार परिवारमा भएको हो ।[१] यिनका पिताको नाम नरपति अधिकारी र आमाको नाम दिव्यकुमारी अधिकारी हो । यिनको न्वारनको नाम देवीप्रसाद अधिकारी हो ।[२] नरपति अधिकारी र दिव्यकुमारी अधिकारीका पाँच भाइ छोराहरूमा काँहिला छोरा देवीप्रसाद अधिकारीका तीन दाजु र एक भाइ छन् ।[३] देवीप्रसाद अधिकारीको प्रेमविवाह भएको थियो । यिनका श्रीमतीको नाम सरला अधिकारी हो ।[४]

देवीप्रसाद अधिकारीको जन्म धरानको बराह क्षेत्रमा भए तापनि चार वर्षको उमेरमा बुवाको मृत्युको कारणले विभिन्न ठाउँको वातावरणमा उनको बाल्यकाल बित्यो ।[५] बुवाको मृत्यु पश्चात् उनको परिवारमा संरक्षणको अभाव देखापरेकाले धरानमै मावलीघरमा रेखदेख हुने गरी बसाई सरेकाले उनको बाल्यकाल कहिले मावलीघर र कहिले आफ्नो घर गर्दै बित्यो ।[६] मावली घरमा बङ्गाली मास्टरको सङ्गतले हिन्दी र अङ्ग्रेजीमा राम्रो ज्ञान प्राप्त गर्ने अवसर पाए । यसबाट उनमा हिन्दी उपन्यासको विशेष प्रभाव परेको पाइन्छ ।[७]

आर्थिक दृष्टिमा देवीप्रसाद अधिकारीको पारिवारिक पृष्ठभूमि जमिनदार वर्गको थियो ।[८] अधिकारीका पिता नरपति अधिकारीको विराटनगरमा २० विघा जमिन थियो ।[९] त्यही पैतृक सम्पत्तिको कारणले अधिकारीलाई शिक्षा आर्जनमा कुनै कठिनाइ परेन । सानैदेखि आर्थिक समस्यामा नपरेका देवीप्रसाद अधिकारी हाल आएर कुपण्डोलमा घर बनाएर बसेका छन् ।

---

१ ऋषिराज बराल, **प्रगतिवादी उपन्यासका मूलप्रवृत्ति**, (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध , त्रि.वि. , २०४८), पृ. ३५४ ।

२ घटराज भट्टराई, **प्रतिभैप्रतिभा र नेपाली साहित्य**, (काठमाडौं: नेशनल रिसर्च एशोसियट्स, २०४०), पृ. ५२ ।

३ डी.पी. अधिकारीबाट प्राप्त जानकारी ।

४ ऐजन ।

५ ऐजन ।

६ ऐजन ।

७ ऐजन ।

८ भीम रावल, **नेपालमा साम्यवादी आन्दोलन : उद्भव र विकास**, (काठमाडौं: पैरवी प्रकाशन, २०४७), पृ. ९० ।

९ डी.पी. अधिकारीबाट प्राप्त जानकारी ।

### २.१.२ शिक्षादीक्षा

डी.पी. अधिकारीको बाल्यकाल धरानको मावलीघरमा बिते पनि शिक्षाको अवसरबाट वञ्चित हुनु परेन । डी.पी. अधिकारीले दसवर्षको उमेरसम्म धरानस्थित पाठशालामा साधारण अध्ययन गरे । पैतृक सम्पन्नताले गर्दा पछि पनि उनलाई शिक्षा आर्जनमा कुनै कठिनाइ परेन ।[१०] १३ वर्षको उमेरमा विराटनगरको आदर्श विद्यालयमा कक्षा ४ मा भर्ना भएका डी.पी. ले वि.सं २००२ मा प्रवेशिका उत्तीर्ण गरे । त्यसपछि उनी आई ए. तहमा पढ्नाका लागि बनारस हिन्दू विश्वविद्यालयमा भर्ना भए ।[११] बनारसमा आई.ए. प्रथम वर्षमा अध्ययन गरिरहेकै समयमा यता जोगमनीमा मजदुर हड्ताल सुरु भयो र त्यही मजदुर हड्तालमा भाग लिन आउँदा उनले त्यसको जाँच दिन पाएनन् । त्यहाँबाट आई. ए. तह उत्तीर्ण गर्न नसकेपछि दार्जिलिङको सेन्टजेवियर कलेजमा भर्ना भए ।[१२] त्यस सेन्टजेवियर कलेजमा पढ्दा पढ्दै बढी राजनीतिमा सक्रिय भएकाले उनको अध्ययन अपूरो नै रह्यो । कालिम्पोङको चर्चमा अध्ययन गरेर दुई वर्षपछि उनले आई.ए तह तेस्रो श्रेणीमा २००६ सालमा उत्तीर्ण गरे । स्नातक तह पढ्न कलकत्तामा गएका अधिकारीको त्यहीँ कम्युनिष्ट पार्टीका नेता मनमोहन अधिकारी र पुष्पलालसँग भेट भयो । तत्कालीन स्थितिमा उच्च शिक्षा आर्जन गर्ने मौका पाएका अधिकारीले निजी अध्ययनबाट मार्क्सवादलाई बुझ्ने उपयुक्त वतावरण पाए ।[१३] यसरी उनी औपचारिक अध्ययन भन्दा राजनीतिमा बढी सक्रिय देखिए ।

### २.१.३ सेवा/पेसा

डी.पी. अधिकारी धरान सेवा समितिको स्वयं सेवक धरान रात्री स्कुलको संस्थापक, त्यस्तै धरान आदर्श पुस्तकालयको संस्थापक र नेपाल विश्वान्ति परिषद् कलकत्ताको सचिव भएर काम गरेको पाइन्छ ।[१४] नेपाल विश्वशान्ति परिषद् कलकत्ताको सचिव, नेपाल कम्युनिष्ट पार्टीअन्तर्गत पोलिट व्युरोको सदस्य बनेका थिए । २०२० सालमा आएर अधिकारी कम्युनिष्ट पार्टीबाट अलग रहेको अवस्थामा नेपालको संविधान सुधार गर्ने आयोगको सदस्यमा २०३३ सालमा मनोनित हुन पुगे ।[१५] २०३२ सालमा राष्ट्रिय पञ्चायत सदस्यमा मनोनित भएका अधिकारी २०३४ भदौदेखि २०३६ जेष्ठ १२ सम्म २१ महिना जलस्रोत तथा कृषि मन्त्री हुन पुगे ।[१६]

---

[१०] ऋषिराज बराल, पूर्ववत्, पृ. ३५४ ।

[११] डी.पी. अधिकारीबाट प्राप्त जानकारी ।

[१२] ऐजन ।

[१३] भीम रावल, पूर्ववत्, पृ. ९०।

[१४] घटराज भट्टराई, पूर्ववत्, पृ. ५३० ।

[१५] ऐजन ।

[१६] डी.पी. अधिकारीबाट प्राप्त जानकारी ।

### २.१.४ जीवनदर्शन

डी.पी. अधिकारीको वैचारिक धरातल मार्क्सवादबाट प्रभावित छ, त्यसैले उनको दृष्टिकोणमा मार्क्सवादको गहिरो छाप परेको छ । उनको जीवनप्रतिको दृष्टिकोण पलायनवादी नभएर आशावादी छ । उनको विचारमा समाज परिवर्तनशील छ र मानिस पनि त्यही समाजसँगै परिवर्तन भइरहन्छ । उनको जीवनजगत् सम्बन्धी विश्वासमा मान्छेले प्रकृतिबाटै बाँच्न सिक्यो प्रकृतिकै सङ्घर्षबाट नै आगो पायो र त्यही आगोबाट मान्छेले अरुअरु नयाँ नयाँ कुराको विकास गऱ्यो भन्ने रहेको पाइन्छ । डी.पी. अधिकारी मार्क्सवादी विचारबाट प्रभावित भएको कुरा उनको लेखनबाट पनि थाहा पाइन्छ । उनी हरेक कुरालाई सामाजिक धरातलमा राखेर हेर्दछन् । कला र जीवनलाई कहिल्यै पनि एकअर्कामा भिन्न राखेर हेर्न सकिदैन भन्ने अधिकारीमा पाश्चात्य विद्वान् जोन किट्सको प्रभाव परेको देखिन्छ ।[१७]

### २.१.५ साहित्यमा रुचि, प्रेरणा

आफ्नो उमेरको १०-११ वर्षदेखि नै डी.पी. अधिकारीमा साहित्यिक पत्रपत्रिका कथा उपन्यास आदि पढ्ने चाख रहेको देखिन्छ ।[१८] विद्यार्थी जीवनदेखि नै कथा लेख्न थालेका अधिकारीले त्यसैबेला **भूत** र **दुईमूर्ति** भन्ने कथा लेखेको पाइन्छ तर ती प्रकाशनमा भने आउन सकेनन् । कलकत्तामा स्नातक अध्ययनका सिलसिलामा पार्टीको प्रतिवेदन र दस्तावेज लेख्ने जिम्मेवारी पनि पाए । यसले उनमा लेखन र साहित्यप्रतिको अभिरुचि पनि बढाएको पाइन्छ ।[१९] अधिकारीको साहित्यिक रुचि प्रारम्भिक कालमा राजनीतिक लेख र टिप्पणीमार्फत देखा परेको हो ।[२०]

### २.१.६ लेखन र प्रकाशनको प्रारम्भ

डी.पी. अधिकारीको साहित्यिक लेखन केही पहिले नै प्रारम्भ भए पनि प्रकाशनको आरम्भिक रूप आफ्नी साली सरिता ढकाललाई लेखेको चिठी हो । यसका माध्यमबाट नै सबैभन्दा पहिले उनको साहित्यिक अग्रसरता प्रकाशमा आउँदछ ।[२१] साहित्यप्रति उनको क्रियाशीलता बढाउने माध्यमका रूपमा प्रकाशित चिठीहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । यिनै चिठीहरूको सँगालो समालोचनात्मक कृति **यथार्थवादी समालोचना** (२०१७) प्रकाशित भयो । यसरी प्रकाशनका माध्यमबाट उनको साहित्यिक जीवनको सुरुवात (२०६१) सालदेखि मात्रै भएको देखिन्छ ।[२२]

---

[१७] ऐजन ।

[१८] ऐजन ।

[१९] ऐजन ।

[२०] ऋषिराज बराल, पूर्ववत्, पृ. ३५४ ।

[२१] ऋषिराज बराल, पूर्ववत्, पृ. ३५४ ।

[२२] ऐजन ।

२.१.७ प्रकाशित कृतिहरू

डी.पी. अधिकारीले आफ्नो साहित्य यात्राको क्रममा नेपाली साहित्यका विभिन्न क्षेत्रमा कलम चलाई सफलता प्राप्त गरेका छन् । अधिकारीको पहिलो प्रकाशित कृति **यथार्थवादी समालोचना** (२०१७) हो । उनका हालसम्म प्रकाशित सिर्जनात्मक र समालोचनात्मक कृतिहरू निम्नानुसार छन्-

**(१) साहित्यिक कृतिहरू**

कथासङ्ग्रह (क) **माउसुली** (२०२३)

(ख) **लङ्गडो मान्छे** (२०२७)

उपन्यास क) **आशमाया** (२०२५)

ख) **धर्ती अझै बोल्दैछ** ( २०२७)

ग) **युगान्तकारी** (२०५६)

**(२) समालोचनात्मक कृतिहरू**

(क) **यथार्थवादी समालोचना** (२०१७)

(ख) **नेपाली साहित्य र आलोचना** (२०३२)

(ग) **नेपाली उपन्यास र जनजीवन** (२०६०)

**(३) फुटकर समालोचनात्मक कृति**

(क) *राष्ट्रियता,* **कोपिला** (सामयिक साहित्य सङ्कलन) २०१८ मा प्रकाशित

(ख) *नेपाली साहित्य र सामाजिक यथार्थ,* **रूपरेखा** पत्रिका (२०२१)

(ग) *दुई भाइ दुई उपन्यास,* **रश्मि वाङमय विशेषाङ्क,** २०४९ ।

(घ) *आलोचनात्मक हेराइमा त्रिदेवी,* **मधुपर्क,** २०५२ जेष्ठ ।

**(४) पुस्तकाकार साहित्येतर कृति**

(क) ***सामन्तवाद र साम्राज्यवादको चक्कीमुनि नेपाली जनता,*** २००८

(ख) *झापा किसान सङ्घर्ष,* **रूपरेखा** पत्रिका २००९

(ग) *नेपालका नयाँ समाजवादीसँग,* २०१३ ।

(घ) *आजको नेपाल,* २०५२ जेष्ठ ।

(ङ) *नेपाल कम्युनिष्ट पार्टी भित्रको सैद्धान्तिक मतभेद के हो ?* (२०२०)

(च) *नेपाल कम्युनिष्ट पार्टी विगत १८ वर्षको अनुभवमा,* (२०२६)

(छ) *नेपाली राष्ट्रियताको इतिहास,* (२०४५) ।

(५) फुटकर साहित्येतर कृति

(क) *अविश्वासको प्रस्ताव र राष्ट्रिय स्वार्थ,* ***सगरमाथा,*** २०५२ चैत्र १३

(ख) *अविश्वासको प्रस्तावले उत्पन्न गरेका प्रश्नहरू,* **नेपाली पत्र,** २०५३ वैशाख ७

(ग) *वामआन्दोलन र बहुदलीय जनवाद,* **सगरमाथा**, २०५३ जेठ ११

(घ) *महाकाली सन्धि र उत्पन्न विवादहरू,* **सगरमाथा**, २०५३ आषाढ १३,

## २.२ निजी व्यक्तित्व र स्वभाव

गहुँगोरो वर्ण, आँखा केहीभित्र पसेका मझौला कदका डी.पी. अधिकारीको निजी व्यक्तित्व सामान्य देखिन्छ । सानैदेखि कसैसँग नडराउने तथा चाकडी चाप्लुसी र दलाली गर्न नजान्ने डी.पी. अधिकारी धेरै तार्किक छन् । कसैले खान नपाएर छट्पटाएको वा कतै कोही दुःख पाएको उनलाई मन पर्दैन । उनले आफ्नो मनमा लागेको कुरा स्पष्ट रूपमा सबैका सामु राख्छन् । यिनी अहिले आफ्नै घर कुपण्डोलमा श्रीमती तथा छोरा र बुहारी साथ सुखी जीवन बिताएर बसेका छन् ।[२३]

नेपाली साहित्यमा डी.पी.अधिकारी साहित्यकार एवम् समालोचकको रूपमा चिनिदै आएका छन् । अधिकारीले नेपाली साहित्यका कथा, उपन्यास र समालोचना आदि क्षेत्रमा योगदान पुऱ्याइसकेका छन् । आफूले कलम चलाए जति सम्पूर्ण विधाामा नवीन दृष्टि प्रदान गरी प्रसिद्धि प्राप्त गरेका साहित्यकार डी.पी. अधिकारीका साहित्यिक व्यक्तित्वका विविध पाटाहरको सङ्क्षिप्त चर्चा क्रमशः गरिन्छ ।

### २.२.१ समालोचक व्यक्तित्व

आधुनिक नेपाली समालोचनाका प्रखर हस्ती डी.पी.मा दुवै चेत पाइन्छ । समालोचनाका क्षेत्रमा २०१३/२०१४ सालदेखि कलम चलाउने अधिकारीको पहिलो प्रकाशित कृति **यथार्थवादी समालोचना** (२०१७) हो ।

अधिकारीका महत्त्वपूर्ण समालोचनात्मक पुस्तकाकार कृतिहरू **यथार्थवादी समालोचना** (२०१७), **नेपाली साहित्य र आलोचना** (२०३२), **नेपाली उपन्यास र जनजीवन** (२०६०) आदि छन् । यिनका विविध समालोचनात्मक लेख-रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

समालोचक अधिकारीले साहित्यिक समालोचनाका साथै साहित्येतर लेखहरूमा पनि आफ्नो आलोचनात्मक दृष्टि प्रस्तुत गरेका छन् । यस क्रममा उनले राजनीतिका घोषणा वक्तव्य र आलोचना समेत लेख्ने काम गरेका छन् ।[२४]

---

[२३] डी. पी. अधिकारीबाट प्राप्त जानकारी ।

[२४] राजेन्द्र सुवेदी, **स्रस्टा-सृष्टिः द्रष्टा-दृष्टि,** (साझा प्रकाशन, २०५२), पृ. १०३ ।

नेपाली साहित्यमा प्रगतिवादको प्रभाव बढिरहेको समयमा प्रगतिवादी फाँटमा कलम चलाउनेहरू प्रसस्त देखिए तर प्रगतिवादप्रति वस्तुस्थिति जति क्रूर र प्रतिकूल हुन थाल्यो त्यति नै प्रगतिवादतिर पलायन र विग्रहका लक्षण देखापर्न थालेको पाइन्छ ।[२५] डी.पी. अधिकारी व्यावहारिक र राजनैतिक जीवनमा जे भए पनि समीक्षा क्षेत्रमा आफ्नो अडानबाट च्यूत नभएका देखिन्छन् ।[२६] साहित्यलाई हेर्ने डी.पी. अधिकारीको दृष्टिकोण द्वन्द्वत्मक भौतिकवादी दृष्टिकोण हो । मार्क्सवाद र साहित्यको सम्बन्ध देखाउँदै उनी भन्छन् मार्क्सवाद एक मूढो नभएर जिम्दो जाग्दो सिद्धान्त हो र साहित्यसँग पनि यसको उत्तिकै जिम्दोजाग्दो सम्बन्ध हुन्छ ।[२७]

यस प्रकारका समालोचक व्यक्तित्व डी.पी. अधिकारीको समालोचनाको विश्लेषण शीर्षकमा यो शोधपत्र केन्द्रित हुने भएकाले यसको विस्तृत चर्चा पछाडिका अध्यायहरूमा गरिएको छ ।

**२.२.२ कथाकार व्यक्तित्व**

डी.पी.अधिकारीलाई साहित्यकार व्यक्तित्वका रूपमा चिनाउने एक महत्त्वपूर्ण पक्ष कथाकार व्यक्तित्व हो । कथाकार डी.पी. का दुईवटा महत्त्वपूर्ण कथासङ्ग्रहरू हुन् : (१) **लङ्गडो मान्छे** (२०२७), (२) **माउसुली** (२०३२) । यी दुई कथासङ्ग्रह लिएर देखापर्ने अधिकारीले नेपाली कथा साहित्यमा निम्न मध्यम वर्गीय पात्रहरूको चरित्रचित्रण सामन्ती शोषण र दमनको थिचाइले पिल्सिएका जनताको मर्म र वेदना असन्तुष्टिबाट उत्पन्न सामाजिक प्रतिक्रियको चित्तबुझ्दो वर्णनबाट यथार्थवादी धारालाई सबल बनाउने प्रयास गरेका छन् ।[२८] कथामा रमेश विकल र गोविन्दप्रसाद लोहनीका समकालीन कथामा अधिकारीले सामाजिक मूल्य र मान्यतालाई यथार्थवादी दृष्टिले हेर्ने नयाँ परम्पराको जग बसाल्ने कार्यमा यथेष्ट योगदान गरेका छन् ।[२९]

सामाजिक सन्दर्भमा मात्रै होइन, मनोवैज्ञानिक र सांसारिक चिन्तन जगतका मसिना कणहरू केलाउने प्रसङ्गमा पनि अधिकारीले योगदान दिएका छन् । यसरी कथाकार डी.पी.का बारे निचोडमा के भन्न सकिन्छ भने कुनै पनि घटना होस् वा प्रसङ्ग त्यसलाई संवेदनशील बनेर हेर्ने र विस्तारै उद्घाटन गर्ने आफ्ना कथामा विचारपक्ष र चिन्तनपक्ष दुबैलाई उत्तिकै स्थान दिने कथाकारका रूपमा अधिकारीलाई बुझ्न सकिन्छ ।

यसरी अधिकारीले नेपाली कथाविधामा गरेको योगदानले पनि साहित्यिक जगतमा उल्लेखनीय कथाकार मध्ये एक कथाकार हुन भनेर चिनाएको छ ।

---

[२५] ऋषिराम भुसाल, **प्रगतिवादी समालोचना र नेपाली समालोचनामा यसको प्रयोग,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. २०३८), पृ. ९३ ।

[२६] ऐजन ।

[२७] डी.पी. अधिकारी, **यथार्थवादी समालोचना**, (काठमाडौं : टी. आर विश्वकर्मा २०१७) , पृ. २२ ।

[२८] रविमान लमजेल, **कोशी अञ्चलको साहित्यिक इतिहास**, (रत्नमाया दलित साहित्य संरक्षण समिति २०५०), पृ. १३६ ।

[२९] ऐजन ।

### २.२.३ उपन्यासकार व्यक्तित्व

डी.पी. अधिकारीको साहित्यिक व्यक्तित्वको चर्चा गर्नुपर्दा अर्को महत्त्वपूर्ण पक्ष उपन्यासकार व्यक्तित्व हो । उनका तीनवटा उपन्यासहरूमा : (१) **आशमाया** (२०२५), (२) **धरती अझै बोल्दैछ** (२०२७) र (३) **युगान्तकारी** (२०५६) हुन् ।

यी तीनवटा उपन्यासहरूमार्फत उनी नेपाली साहित्यको उपन्यास विधाको फाँटमा समाजवादी, यथार्थवादी, उपन्यासकारका रूपमा परिचित हुन पुगेका छन् । अधिकारी कविताभन्दा कथा र उपन्यास लेख्न बढी मन पराउँछन् । कविताले जीवनका सम्पूर्णताको अभिव्यक्ति गर्न सक्दैन त्यो त एक पक्षको आवेगको भरणपोषण मात्रै हो त्यसैले सामाजिक जनजीवनको सम्पूर्णताको अभिव्यक्रि गर्नाका लागि उपन्यास लेख्ने गर्दछु भन्ने अधिकारीको आत्मस्वीकृति छ ।[३०] अधिकारीको पहिलो उपन्यास **आशामाया** मा तत्कालीन पञ्चायती व्यवस्थाको सामाजिक यथार्थलाई उद्घाटन गर्न खोजेका छन् । अधिकारीको दोस्रो उपन्यास **धरती अझै बौल्दैछ** मा सामान्ती र पूँजीवादी समाजका विगतका यथार्थहरू प्रवल रूपमा देखाउने प्रयत्न गरेका छन् । त्यसै गरी **युगान्तकारी** उपन्यासले पनि आम नेपालीको जनजीवन पछि पर्ने र सम्भ्रान्त वर्गको सामाजिक, राजनीतिक प्रभुत्व जम्ने यथार्थ र विकास निर्माणको प्रश्न ओझेलमा पर्नुपर्ने वास्तविकताको सचेत रहस्य उद्घाटन गरिदिएको छ ।

यसरी नेपालमा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित रहेको र जनपक्षीय साहित्यप्रति कुदृष्टि लगाइएको बेला उनी प्रगतिवादी उपन्यासकारका रूपमा देखिएका छन् । शून्यवादी र अस्तित्ववादी उपन्यासको चापमा नेपाली समाज पछि परेको बेला अधिकारीले प्रगतिवादी भावनालाई पच्छ्याउँदै हृदयचन्द्र प्रधानको औपन्यासिक परम्परालाई निरन्तरता दिने महत्वपूर्ण काम गरे ।[३१]

### २.२.४ सम्पादक व्यक्तित्व

कम्युनिष्ट पार्टीमा लागेर राजनीतिक लेख र टिप्पणी लेख्न सुरु गरेका डी.पी. अधिकारीले कम्युनिष्ट पार्टीसम्बन्धी पत्रिका **नवयुग**को सम्पादन भएको पाइन्छ ।[३२] **नवयुग** पत्रिकाको सम्पादक भइसकेका डी.पी. अधिकारी राजनीतिक क्षेत्र मार्फत पनि साहित्यलाई डोऱ्याउन चाहने व्यक्तित्वका रूपमा देखापर्दछन् ।

### २.२.५ साहित्येतर व्यक्तित्व

### २.२.६ समाजसेवी व्यक्तित्व

डी.पी. अधिकारी समाजसेवामा लागेका व्यक्ति हुन् । उनी २००३ सालतिर नै राणाशासनका विरोधमा नेपालीहरूलाई नयाँ कुरा सिकाउने काम गर्थे । उनी दुःख पाएका

---

[३०] डी.पी. अधिकारीबाट प्राप्त जानकारी ।

[३१] ऋषिराज बराल, पूर्ववत्, पृ. ३५७ ।

[३२] ऐजन ।

व्यक्तिहरूलाई सहयोग गर्न पनि अग्रसर रहन्थे । राणाशासनको समयमा धरानमा पहाडबाट झरेको मानिसहरू वा भरियाहरू धरानकै पार्टीमा आएर बास बस्ने गर्थे । उनीहरूमध्ये कति त त्यहीँ बास बसेकै ठाउँमा मर्थे । यसरी वेवारिसे भएका लासलाई बोकेर लैजाने र जलाउने काममा अधिकारी स्वयं आफै सेवकका रूपमा रहने गरेका थिए ।[३३] त्यस्तै अरू समाजसेवी काममा धरान सेवा समितिको स्वयंसेवक, धरान रात्री स्कुलको संस्थापक, त्यस्तै धरान आदर्श पुस्तकालयको संस्थापक र नेपाल विश्वशान्ति परिषद कलकत्ताको सचिव भएर काम गरेको पाइन्छ । [३४]

### २.२.७ शिक्षक व्यक्तित्व

डी. पी. अधिकारीले केही समय शिक्षकका रूपमा पनि काम गरेको पाइन्छ । दार्जिलिङमा आई.ए. पढ्दै गरेको समयमा उनी धरान आउँदा धरान हाई-स्कुलमा दुई-तीन महिना शिक्षण कार्य गरे ।[घछ] आई.ए. उत्तीर्ण गरेपछि उनले चार-पाँच महिना अध्यापन गरेको पाइन्छ । जागिरकै रुपमा शिक्षक पेसालाई नअँगाले पनि शिक्षक कार्यको संलग्नताले गर्दा उनको शिक्षक व्यक्तित्व निर्माण भएको छ ।

### २.२.८ राजनीतिक व्यक्तित्व

डी.पी. अधिकारी प्रखर राजनीतिक नेता भएको हुनाले उनको साहित्यिक व्यक्तित्वसँगसँगै राजनीतिक व्यक्तित्व पनि प्रबल रूपमा अगाडि बढेको पाइन्छ । कलकत्तामा बी. ए. सम्मको अध्ययन गरेका अधिकारीको आफ्नो जीवनको प्रारम्भिक अवस्थादेखि नै राजनीतिमा विशेष अभिरुचि राखेको पाइन्छ ।[३६] आई. ए. तहको अध्ययनको सिलसिलामा दार्जिलिङ गएका अधिकारीको काङ्ग्रेसका नेता गणेशमान र बालचन्द्रसँग सम्पर्क भयो । त्यसैबेला उनी काङ्ग्रेसपक्षसँग नजिकिन पुगे । केही समयपछि काङ्ग्रेसका नेताको व्यवहार मन नपरेकाले उनी केही समयपछि काङ्ग्रेस त्याग गर्न पुगे ।

२००६ सालमा आई. ए. तह उत्तीर्ण गरेर स्नातक पढ्न कलकत्ता विश्वविद्यालय गएपछि उनको मनमोहन अधिकारी, पुष्पलाल श्रेष्ठ, शैलेन्द्र कुमार उपाध्याय र तुलसीलाल अमात्यसँग भेट भयो । [३७] त्यसपछि उनीहरू पाँचजना मिलेर कम्युनिष्ट पार्टीमा संलग्न भएका डी. पी. अधिकारी २००८ सालमा कम्युनिष्ट पार्टीको कलकत्तामा भएको पहिलो सम्मेलनमा सदस्यका रूपमा सहभागी भए । उनले वि.सं. २०१० मा सोभियत रुस तथा चीनको भ्रमणमा जाने नेपालको सद्भावना टोलीमा नेताको भ्रमण पनि गरे । [३८]

---

[३३] डी.पी. अधिकारीबाट प्राप्त जानकारी ।

[३४] घटराज भट्टराई, पूर्ववत्, पृ. ५३० ।

[३५] डी.पी. अधिकारीबाट प्राप्त जानकारी ।

[३६] घटराज भट्टराई, पूर्ववत्, पृ. ५३० ।

[३७] डी.पी. अधिकारीबाट प्राप्त जानकारी ।

[३८] घटराज भट्टराई, पूर्ववत्, पृ. ५३१ ।

वि.सं. २००८ को कम्युनिष्ट पार्टीको प्रथम महधिवेशनले मनमोहन अधिकारीलाई महासचिव चुन्यो र उनी सहित पुष्पलाल, शम्भुप्रसाद श्रेष्ठ र शैलेन्द्रकुमार उपाध्याय रहेको पोलिटब्यूरो गठन भयो । तर पार्टीभित्र सामन्ती तत्व घुसेको आरोप लगाई डी.पी. अधिकारीलाई छ महिनाको लागि निलम्बन गरी पछि २०११ सालमा केन्द्रीय समितिमा पुनः स्थापित गरियो ।[३९] यसरी स्थापित भए-तापनि उनी कम्युनिष्ट पार्टीमा सधैंभरी टिकिरहन भने सकेनन् । कम्युनिष्ट पार्टीमा रहेर पनि बेलाबखत कम्युनिष्ट विरोधी गतिविधिमा संलग्न हुन पनि पछि नपरेका अधिकारीलाई डिसेम्बर १९९० को अप्रजातान्त्रिक कार्यको समर्थन गरेको आरोप लगाउँदै पार्टीको तेस्रो अधिवेशनले अधिकारी र अरु पाँचजनालाई निस्कासित गरेको प्रस्ताव पारित गऱ्यो । [४०] २०२० सालमा आएर अधिकारी कम्युनिष्ट पार्टीबाट अलग रहेको अवस्थामा नेपालको संविधान सुधार गर्ने आयोगको सदस्यमा २०३३ सालमा मनोनित हुन पुगे ।[४१] २०३२ सालमा राष्ट्रिय पञ्चायत सदस्यमा मनोनित भएका अधिकारी २०३४ भदौदेखि २०३६ जेष्ठ १२, २१ महिना जनस्रोत तथा कृषि मन्त्री हुन पुगे ।[४२] उनी २०४२ सालसम्म पञ्चायतमै रहेर काम गरे पनि त्यहाँ उनलाई उनलाई सन्तुष्टि भएन । पञ्चायत कालमा केही गर्ने उद्देश्य लिएर प्रवेश भएपनि पञ्चायतकै आपसी कलहले केही सुधार हुन नसकेकाले २०४२ सालदेखि २०४६ सालसम्म स्वतन्त्र रहेको दावी गर्छन् । [४३] अधिकारीले आफ्नो राजनीतिक चिन्तन र मान्यतालाई विभिन्न कृतिहरूका माध्यमबाट पनि प्रकाशनमा ल्याएका छन् ।

२०४६ सालमा आएर राजिनामा नै दिएर पञ्चायत त्याग गर्ने अधिकारीले हाल स्वतन्त्र जीवन बिताउँदैछन् । तर पनि आफ्नो जीवनको धेरैजसो परिवर्तनशील समय कम्युनिष्ट पार्टीमा नै बितेको कुरा अधिकारी स्वयं बताउने गर्दछन् ।[४४] उनी आफ्नो तार्किक स्वभावले गर्दा कुनै पनि पार्टीमा स्थायी रूपमा आबद्ध छैनन् । राजनीतिक बहस र टिकाटिप्पणीमा बेलाबेलामा भाग लिने अधिकारीले भर्खरै कतिपय व्यक्तिहरूसँग मिली कुनै एउटा नयाँ पार्टी खोल्ने कुरा गरे पनि सो पार्टीको नाम भने बताउन चाहेनन् । उनले अब गठन गर्ने पार्टीलाई कम्युनिष्ट विरोधी शक्तिका रूपमा नउभ्याउने बचनबद्धता प्रकट गरेका छन् ।

---

[३९] भीम रावल, पूर्ववत्, पृ. ५९ ।

[४०] ऐजन ।

[४१] घटराज भट्टराई, पूर्ववत्, पृ. ५३१ ।

[४२] डी.पी. अधिकारीबाट प्राप्त जानकारी ।

[४३] ऐजन ।

[४४] ऐजन ।

## तेस्रो परिच्छेद

# समालोचनाको सैद्धान्तिक स्वरूप

## ३.१ समालोचनाको अर्थ

समालोचना साहित्यका विधाहरूमध्ये अपेक्षाकृत नयाँ विधा हो । समालोचना शब्दको पूर्वीय व्युत्पत्ति सम्+अ+ लोच्+ ल्युट+आ बाट गरिन्छ ।[४५] लोच् धातुमा ल्युट (अन) प्रत्यय लगाउँदा लोचन शब्द बन्दछ । यस शब्दको अर्थ हेर्ने साधन वा हेराइको भाव भन्ने हुन्छ । समालोचनाका लागि प्रयुक्त हुने अङ्ग्रेजी शब्द Criticism को पश्चिमेली व्युत्पत्ति Krites धातुबाट गरिन्छ । Criticism मा रहेको Krites धातुको अर्थ केलाउनु, निर्णय गर्नु र मूल्याङ्कन गर्नु हो ।[४६] Krites धातुबाट निर्मित Criticism को नेपाली रूपान्तर समालोचनाको शाब्दिक अर्थ कुनै पनि साहित्यिक कृतिको गुण दोष केलाई त्यसको मूल्याङ्कन गर्नु भन्ने हुन्छ ।[४७] पूर्वीय र पश्चिमेली दुबै व्युत्पत्तिबाट समालोचना तथा criticism शब्दको तात्पर्य कुनै साहित्यिक कृतिको गुणदोष सन्तुलित दृष्टिले हेर्नु र त्यसको पारख गर्दै मूल्याङ्कन गर्नु हो ।[४८] सृजनात्मक साहित्यसित समालोचनाको सम्बन्ध रहेको हुन्छ ।

'समालोचना', 'आलोचना', र समीक्षा लगभग एउटै अर्थका शब्द हुन् । 'लोच्' धातुमा 'आ' उपसर्ग र 'ल्युट' (अन) प्रत्यय लागेपछि स्त्रीलिङ्गमा 'टाप्' (आ) प्रत्यय जोडिंदा आलोचना र त्यसमा 'सम्' उपसर्ग थपिँदा समालोचना शब्द बन्दछ । संस्कृत व्युत्पत्ति अनुसार आलोचनाको अर्थ 'आसमन्तात् लोचनम् अवलोकनम्' भन्ने हुन्छ र यसै शब्दभित्र नै सन्तुलित एवं नियन्त्रित रूपमा साहित्यिक कृतिलाई हेर्नु जाँच्नु भन्ने अर्थ निहित भएको पाइन्छ । [४९] यति हुँदाहुँदै पनि समयका क्रममा आचोचना शब्द दोषदर्शन वा दोषानुसन्धानका अर्थमा सीमित हुँदै गएकाले नेपाली साहित्यका सन्दर्भमा 'आलोचना' भन्दा समालोचना शब्द नै बढी प्रचलित देखापर्छ । समीक्षा (सम्+ईक्ष+आ) शब्दको पनि अर्थ सम्यक् ईक्षण अर्थात् कृतिलाई राम्ररी नियाल्नु परीक्षण गर्नु हुन्छ । [५०] तर पनि पत्रपत्रिकामा वा पुस्तक पुस्तिकामा प्रकाशित सामान्यखालका गुण विवेचनातर्फ लम्केका समालोचनात्मक लेखनलाई अहिले समीक्षा भन्ने गरिएको पाइन्छ ।

यसप्रकार समालोचना, आलोचना र समीक्षा शब्द एउटै अर्थमा प्रयोग भए तापनि अङ्ग्रेजी Criticism को सबैभन्दा नजिक समालोचना शब्द नै देखिन्छ । सम्यक् आलोचना अर्थात् विना पूर्वाग्रह सन्तुलित एवं नियन्त्रित रूपमा कृतिका गुणदोषको विवेचना र

---

[४५] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **नेपाली गद्य भाषा साहित्य र इतिहास**, (काठमाडौँ: नवीन प्रकाशन, २०६०), पृ. ३०७ ।

[४६] ऐजन ।

[४७] खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना**, (काठमाडौँ: ने.रा.प्र.प्र., २०५६), पृ. १९१ ।

[४८] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **नेपाली गद्य भाषा साहित्य र इतिहास**, पूर्ववत्, पृ. ३०७ ।

[४९] घनश्याम कँडेल, **नेपाली समालोचना**, (काठमाडौं साझा प्रकाशन, २०५५), पृ. क ।

[५०] ऐजन ।

मूल्याङ्कन जस्ता अर्थमा समालोचना शब्दको नै बढी प्रयोग हुने गरेको छ ।[५१] वास्तवमा समालोचना भनेको कुनै पनि साहित्यिक कृतिको अध्ययन, आस्वादन र बोध भइसकेपछि गुण दोषलाई केलाई त्यसको मूल्याङ्कन गर्नु हो ।

समालोचना विधा सिर्जनात्मक साहित्यका बारेमा लेखिएको साहित्य हो, त्यसैले यी दुईका बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । साहित्यसिद्धान्त र त्यसमा समयसापेक्ष आएका परिवर्तनहरू, समकालीन लेखनको दिशा र कलात्मक मूल्यको लेखाजोखा गर्ने क्षमता समालोचकमा हुनुपर्दछ । यदि समालोचक सचेत भई वास्तविक मूल्याङ्कन गर्न सकेन भने समालोचना नै मूल्यहीन बन्छ । साहित्य जस्तै समालोचना पनि सिर्जनात्मक विधा भएकाले समालोचकका लागि सिर्जनात्मक क्षमताको आवश्यकता पर्दछ र सिर्जनात्मक सिर्जनात्मकता विहीन व्यक्तिले सही ढङ्गमा समालोचना गर्न सक्दैन ।[५२] समालोचनाले सिर्जनात्मक साहित्यको मात्र अध्ययन गर्दैन, यसले समालोचना र साहित्यको उपयोगिताको अध्ययन गर्दछ ।

## ३.२ समालोचनाको परिभाषा

क मान्यताका आधारमा विभिन्न किसिमबाट गरेको पाइन्छ । पूर्वीय संस्कृत साहित्यमा रसवाद, अलङ्कारवाद, रीतिवाद, बक्रोक्तिवाद, ध्वनिवाद, औचित्यवाद आदि विभिन्न सम्प्रदायहरू रहेका छन् । तिनले समालोचना सम्बन्धी छुट्टै परिभाषा दिएको पाइँदैन, तर प्रत्येक काव्यशास्त्रीहरूले छुट्टाछुट्टै रूपमा आफ्ना प्रमुख मान्यतालाई आधार मानेर काव्यको परिभाषा दिने काम गरेका छन् । यिनले साहित्यमा रसचिन्तनको परम्परा आरम्भ गरेका हुन् । यो चिन्तन समालोचनाको आधारभूमि हो, संस्कृत साहित्यको सुदीर्घ परम्परामा सौन्दर्यशास्त्रीय चिन्तन गर्दै विभिन्न सौन्दर्यशास्त्रीयहरू देखापरे । भरतमुनिबाट सुरु भएर अगाडि बढ्नेक्रममा चौथो शताब्दीका भामह र सातौँ शताब्दीका दण्डीले अलङ्कारलाई समीक्षाको मूल आधार मानेका छन् ।[५३] यसैगरी दसौँ शताब्दीका कुन्तक र एघारौँ शताब्दीका वामनले शैली र अभिव्यक्ति पक्षलाई समीक्षाको मूलआधार मानेका छन् । त्यस्तै विश्वनाथ र जगन्नाथजस्ता विद्वान्ले पनि भरतको रसपरम्परालाई मूल मन्त्र मानेका छन् ।

संस्कृत साहित्यमा 'कविः कवयते काव्यं मर्मं जानाति पण्डितः' भनेर समालोचकलाई पण्डित भनिएबाट समालोचना भनेको पाण्डित्यपूर्ण गम्भीर लेखन हो[५४] भन्ने बुझिन्छ । पूर्वीय साहित्यमा काव्यहेतुको चर्चाका क्रममा मीमांशाकार राजशेखरले कारयित्री र भावयित्री दुई प्रकारका प्रतिभाको चर्चा गरेका छन् । उनका अनुसार काव्यको निर्माण गराउने प्रतिभालाई भावयित्री प्रतिभा भनिन्छ । [५५] यस किसिमको प्रतिभा भएको

---

[५१] ऐजन ।

[५२] खगेन्द्रप्रसाद, लुइटेल, **आधुनिक नेपाली समालोचना**, पूर्ववत्, पृ. २०९ ।

[५३] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त**, तेस्रो संस्करण, (काठमाडौँः साझा प्रकाशन, २०५५), पृ. १३ ।

[५४] जगन्नाथ शर्मा त्रिपाठी, **आलोचक र आलोचना, मधुपर्क**, (वर्ष ३, अंक ११, २०२७ चैत्र), पृ. ४६ ।

[५५] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६१), पृ. ९ ।

स्रष्टालाई भावक, समालोचक वा समीक्षक भन्ने गरिन्छ । यिनले समालोचना सम्बन्धी परिभाषा यसरी दिएका छन्:

समालोचकले ब्रह्माजीले नदेखेको, नजानेको पनि देख्न र जान्न सक्दछ र ब्रह्माजी भन्दा पनि सूक्ष्मदर्शी हुन्छ । [५६] भावयित्री प्रतिभाले कविको श्रम र अभिप्रायलाई प्रकाशित गर्दछ भन्दै पूर्वमा समालोचना साहित्यको वास्तविक सूत्रपात राजशेखरले **काव्यमीमांसा**बाट गरेको पाइन्छ ।

## ३.२.२ पश्चिममा समालोचनाको परिभाषा

समालोचनाको व्यवस्थित रूपमा परिभाषा दिनेक्रम पश्चिमका विद्वान्हरूले सुरु गरेका हुन् । तिनीहरूका समालोचना सम्बन्धी अनेकौं परिभाषाहरूमध्ये केही प्रमुख परिभाषाहरू निम्नअनुसार छन्:

ब्रिटानिका विश्वकोशंले समालोचनाको परिभाषा यसरी प्रस्तुत गरेको छ:

समालोचनाले साहित्य एवं ललितकलामा निहित सौन्दर्यपरक तत्वको गुण र मूल्यको कलात्मक परीक्षण गर्दछ । [५७]

**हड्सनले** समालोचनाको परिभाषा यसरी गरेका छन्:

सिर्जनात्मक साहित्यले जीवन र जगत्को व्याख्या गर्दछ भने समालोचनाले त्यस व्याख्याको पनि व्यख्या गर्दछ । [५८]

**ड्राइडनले** समालोचनाको परिभाषा यसरी गरेका छन्:

कुनै साहित्यिक कृतिको मूल्याङ्कन गर्ने कसीलाई संमालोचना भनिन्छ । [५९]

**कार्लाइलले** समालोचनाको परिभाषा यसरी दिएका छन्:

पुस्तक पढ्दा पर्ने प्रभावलाई समालोचना भनिन्छ । [६०]

**मैथ्यु आर्नल्डका** विचारमा समालोचनाको परिभाषा यस्तो देखिन्छ:

तटस्थ भएर वस्तु (कृति) को स्वरूप जान्ने प्रयासलाई समालोचना भनिन्छ । [६१]

**टी. यस इलियट**ले समालोचनाको परिभाषा यसरी दिएका छन्:

समालोचना लिखित शब्दका माध्यमद्वारा गरिने कलाकृतिको टीकाटिप्पणी र व्याख्या विवेचना हो । [६२]

---

५६ डिल्लीराम तिमसिना अनु, **काव्यमीमांसा**, (काठमाडौ : ने.रा.प्र..प्र. २०३०), पृ. ७५ ।

५७ हिमांशु थापा, **साहित्यपरिचय**, (काठमाडौं : साझा प्रकाशन, ते. सं. २०४७), पृ. २०० ।

५८ विलियम हेनरी हड्सन, **एन इन्ट्रीडक्सन टु ड स्टडी अफ लिट्रेचर**, (नवौं भारतीय संस्करण, वि.सं. २०३६), पृ. २६१ ।

५९ मोहनराज शर्मा र डा. खगेन्द्रप्रसाद लुइटेल, **नेपाली गद्य भाषा साहित्य र इतिहास**, पूर्ववत्, पृ. ३०७ ।

६० ऐजन ।

६१ ऐजन ।

**इमर्सन**ले समालोचनालाई यसरी चिनाएका छन्:

आलोचकको कार्य शिक्षा दिनु होइन, अपितु स्रष्टालाई प्रेरित या उत्साहित गर्नु हो । [६३]

**कलरिजले** समालोचनाको परिभाषा यसरी दिएका छन्:

साहित्य रचनाका नियमहरूको निर्धारण एवं निश्चितीकरणलाई समालोचना भनिन्छ ।[६४]

**आई.ए. रिचर्डसन**ले दिएको समालोचनाको परिभाषा यस्तो देखिन्छ:

साहित्यिक अनुभूतिबारे विचार गरी तिनको सम्यक् विवेचना तथा मूल्य निर्धारणलाई समालोचना भनिन्छ । [६५]

**सी.टी. विन्चेस्टरका** विचारमा समालोचनाको परिभाषा यसरी दिएका छन्: साहित्यिक कृतिको बौद्धिक-आस्वादन, मूल्याङ्कन र श्रेणीनिर्धारणलाई समालोचना भनिन्छ । [६६]

**सेन्टसवरी**ले समालोचनाको परिभाषा यसरी दिएका छन्:

साहित्यमा प्रयोगको तर्कपूर्ण परीक्षण र त्यसको श्रेष्ठ एवम् आनन्ददायी तत्त्वहरूको सङ्केतलाई समालोचना भनिन्छ । [६७]

यसरी विभिन्न विद्वान्हरूले समालोचनाको परिभाषा गरेको पाइन्छ ।

### ३.२.३ नेपालीमा समालोचनाको परिभाषा

समालोचनाको परिभाषाकै क्रममा नेपाली साहित्यका विद्वान्हरूले आ-आफ्ना ढङ्गले परिभाषित गरेका छन् । ती मध्ये प्रमुख केही विद्वान्हरूका परिभाषा यसप्रकार छन्:

सूर्यविक्रम ज्ञवालीले आफ्नो **नैवेद्य समालोचना** (१९७९) मा समालोचनासम्बन्धी धारणा यसरी व्यक्त गरेका छन्:

योग्यताको आदर गर्नु भनेको दोषपट्टि आँखा चिम्लिदिनु भनेको हैन । [६८]

लक्ष्मीप्रसाद देवकोटाले आफ्नो **शाकुन्तल महाकाव्य** (२००२) को भूमिकामा समालोचनालाई यसरी चिनाएका छन्:

---

[६२] घनश्याम कँडेल, पूर्ववत्, पृ. ग ।

[६३] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **नेपाली गद्य भाषा साहित्य र इतिहास**, पूर्ववत्, पृ. ३०७ ।

[६४] ऐजन ।

[६५] ऐजन ।

[६६] ऐजन ।

[६७] ऐजन ।

[६८] सूर्यविक्रम ज्ञवाली, **नैवेद्य समालोचना**, कृष्णचन्द्रसिंह प्रधान, संम्पा. **साझा समालोचना**, पाँचौ संस्क., (काठमाडौं साझा प्रकाशन, २०५८), पृ. ४८ ।

हुन त समालोचनाको छेड कतै कुतकुच्याउँछ, चिलाउने ठाउँमा कन्याइदिन्छ, कतै लिखा परेको ठाउँमा ठुङ् मार्छ, घाउ चिरिदिन्छ, रालसिङ्गान पुछ्दछ । व्याकरणले कुर्कुल्याबर्धन्याको दायाँ बायाँको घुम्टो ठाउँठाउँमा मिलेन भनेर नाक चेप्राउने अवकाश कहीँ पाउला तर रसिक अर्कै चीजमा रमाउला । [६९]

यदुनाथ खनालले **समालोचनाको सिद्धान्त** (२००३) मा समालोचनको परिभाषा यसरी दिएका छन्:

पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो, नदीको बारेमा अरु विशेष कुरा जान्नु उसको मूल, मुख खोज्नु समालोचना हो । [७०]

रामकृष्ण शर्माले समालोचनाको परिभाषा **सप्तशारदीय** (२०२४) मा यसरी दिएका छन् ।

सुखदुःख, राम्रो-नराम्रो, मनपर्दोनपर्दो इत्यादि कुराको मस्तिष्कमा जब विवेचना हुन्छ, त्यसको परिणाम स्वरूप समालोचनाको जन्म हुन्छ । [७१]

कृष्णचन्द्र सिंह प्रधानले **साझा समालोचना** (२०२५) मा समालोचनाको परिभाषा यसरी दिएका छन् ।

सैद्धान्तिक निरूपण तथा मूल्यान्वेषण नै समालोचना भएकाले यस कार्यमा कल्पनाको भन्दा न्यायको, भावुकताको भन्दा तर्कको, हृदयको भन्दा मस्तिष्कको महत्त्व बढी हुन्छ । [७२]

वासुदेव त्रिपाठीले समालोचनालाई **साझा समालोचना** (२०२५) मा यसरी चिनाएका छन्:

टी. यस. इलियटले भनेझैं तुलना र विश्लेषणका हतियारहरूको प्रयोग गर्दै परम्परा र व्यक्तिगत प्रतिभाको मूल्याङ्कन नै समालोचना हो । [७३]

दयाराम श्रेष्ठ ‘संभवले’ **नेपाली साहित्यका केही पृष्ठ** (२०३२) मा समालोचनालाई यसरी परिभाषित गरेका छन्:

समालोचना तार्किक भाव विशिष्ट बौद्धिक प्रक्रिया हो । [७४]

मोहनराज शर्माले समालोचनाको परिभाषा **नेपाली साहित्यको संक्षिप्त इतिहास** ( **२०३४**) मा यसरी दिएका छन्:

साहित्यिक कृतिको व्याख्या र मूल्याङ्कन समालोचना हो । [७५]

---

[६९] लक्ष्मीप्रसाद, देवकोटा, **नेपाली शाकुन्तल** (महाकाव्य), सातौं संस्क., (काठमाडौं: साझा प्रकाशन, २०६१), पृ. वक्तव्य ।

[७०] यदुनाथ खनाल, **समालोचना सिद्धान्त,** दोस्रो संस्का, (काठमाडौं: साझा प्रकाशन, २०२३), पृ. ३ ।

[७१] रामकृष्ण शर्मा, **सप्त शारदीय**, (काठमाडौं: जगदम्वा प्रकाशन, २०२४), पृ. ४१ ।

[७२] कृष्णचन्द्र सिंह प्रधान, सम्पा. **साझा समालोचना,** पाचौं संस्क, (काठमाडौं: साझा प्रकाशन, २०५८), पृ. १५८ ।

[७३] वासुदेव त्रिपाठी, **कवि माधव घिमिरेका काव्यप्रवृत्ति**, ‘कालीगण्डकी’ कविताका केन्द्रीयतामा, ऐजन ।

[७४] दयाराम श्रेष्ठ, ‘सम्भव’ **नेपाली साहित्यका केही पृष्ठ,** द्वितीय संस्क, (काठमाडौं: साझा प्रकाशन, २०४१), पृ. १६४ ।

ईश्वर बरालले समालोचनालाई **छरिएको समीक्षा** (२०५३) मा यसरी चिनाएका छन्:

नेपाली समालोचनाको नाउँ उच्चरित गर्दा हामी रसग्राही समालोचना गर्न सक्दैनौं । अरुअरु देशका साहित्यसित यसले तँछाड कहिले गर्नु ?[७६]

घनश्याम कँडेलले **नेपाली समालोचना** (२०५५) मा समालोचनाको परिभाषा यसरी गरेका छन्:

वास्तवमा समालोचना एकातर्फ साहित्यकारका कृतिको सहृदयतापूर्वक गरिने व्याख्या र पूर्वाग्रह विहिन भएर त्यसबारे गरिने निर्णय हो भने अर्कातर्फ कृतिका जङ्गलभित्र प्रवेश गर्ने क्रममा पाठकको मार्गनिर्देशक पनि हो । [७७]

खगेन्द्रप्रसाद लुइटेलले समालोचनाको परिभाषा **आधुनिक नेपाली समालोचना** (२०५७) मा यसरी दिएका छन् ।

समालोचना भनेको कृतिको व्याख्या, विश्लेषण, वर्गीकरण र मूल्याङ्कन गर्ने प्रक्रिया हो । [७८]

राजेन्द्र सुवेदीले समालोचनालाई **नेपाली समालोचना परम्परा र प्रवृत्ति** (२०६१) मा यसरी परिभाषित गरेका छन्:

सृजित वस्तुको अन्तर्तहमा कलागत सौन्दर्यको गम्भीरतापूर्वक विवेचना गरेर सकारात्मक वा नकारात्मक परिणतिसमेतको उद्‌घोष गरिदिनु समालोचना हो । [७९]

यसरी विभिन्न विद्वान्‌हरूका समालोचना सम्बन्धी परिभाषाको अध्ययन गरिसकेपछि यसमा समालोचनाको परिभाषा यसरी दिइएको छ:

समालोचना भन्नाले कुनै कृतिभित्र प्रवेश गरी त्यसमा पाइने गुणदोषलाई केलाएर त्यसको व्याख्या विश्लेषण गर्नु  हो ।

## ३.३ समालोचनाका प्रकार

समालोचना एउटा साहित्यिक र सृजनात्मक विधा हो । पूर्व र पश्चिम दुबैतिर साहित्यका विभिन्न विधासम्बन्धी कृतिहरूको रचना गरिएपछि तिनको व्याख्या, विश्लेषण र मूल्याङ्कन गरी आफ्ना दृष्टिकोणहरू प्रस्तुत गर्ने क्रममा समालोचनाको जन्म भएको हो । कृतिसम्बन्धी समालोचकीय दृष्टिकोण प्रस्तुत गर्ने सन्दर्भमा विविध खालका अवधारणा र

---

[७५] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, (काठमाडौँ: साझा प्रकाशन, २०३४), पृ. १५७ ।

[७६] ईश्वर बराल, **छरिएका समीक्षा**, (काठमाडौं : साझा प्रकाशन, २०३५), पृ. ४९ ।

[७७] घनश्याम कँडेल, पूर्ववत्, पृ. ग ।

[७८] खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना**, पूर्ववत्, पृ. २०९ ।

[७९] राजेन्द्र सुवेदी, **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, पूर्ववत्, पृ. ९ ।

मान्यताहरू विकसित हुँदै गई समालोचनाका पनि अनेक विधाहरू देखिन थालेका हुन् । अहिले प्रचलित समालोचनाका विभिन्न प्रकारहरूमध्ये प्रमुख प्रकारहरू निम्नलिखित छन्: [८०]

ज्ञ। प्रभाववादी समालोचना

द्द। सैद्धान्तिक समालोचना

घ। ऐतिहासिक समालोचना

द्ध। प्रगतिवादी समालोचना

छ। प्रयोगात्मक समालोचना

ट। निर्णयात्मक समालोचना

ठ। तुलनात्मक समालोचना

ड। वर्णनात्मक समालोचना

ढ। रूपवादी समालोचना

१० मनोवैज्ञानिक समालोचना

११ शैलीवैज्ञानिक समालोचना

१२ समकालीन समालोचना

यसरी समालोचनाका विभिन्न प्रकारहरू प्रचलनमा देखिएतापनि नेपालीमा प्रभाववादी, सैद्धान्तिक, ऐतिहासिक, प्रगतिवादी, मनोवैज्ञानिक, शैलीवैज्ञानिक, समकालीन नारीवादी, संरचनावादी, समालोचनाका साथै कृतिपरक निर्णयात्मक, वर्णनात्मक, व्याख्यापरक समालोचनाहरू पाइन्छन् ।

### ३.३.१ प्रभाववादी समालोचना

कुनै पनि कृति पढ्दा आफ्ना मनमा परेको प्रभावका आधारमा गरिने समालोचनालाई प्रभाववादी समालोचना भनिन्छ । यसमा वैयक्तिक वा आत्मपरक ढङ्गले रचना वा रचनाकारको प्रशंसा वा विरोध बढी मात्रामा हुन्छ । [८१] व्यक्ति अभिरुचि र कृतिको अध्ययनबाट आफूमा परेको प्रभावको केन्द्रीयतामा समालोचना गरिने हुँदा प्रभाववादी समालोचनालाई व्यक्तिप्रधान वा आत्मप्रधान समालोचना पनि भन्ने गरिन्छ । कुनै कृति पढ्दा उसलाई जस्तो प्रभाव पर्छ र उसले जेजस्तो अनुभव गर्छ, त्यसैलाई ऊ इमानदारीसाथ व्यक्त गर्न मन पराउँछन् । [८२] यसमा केही हदसम्म तथ्य अन्वेषणको मात्रा पनि रहन्छ र सैद्धान्तिक आधारहरूको चयन पनि केही मात्रामा प्रभावपरक ढङ्गमा गरिएको

---

[८०] ऐजन ।

[८१] ऐजन ।

[८२] घनश्याम कँडेल, पूर्ववत्, पृ. घ ।

हुन्छ ।[८३] त्यसरी नै यसमा साहित्यका रूपगत दृष्टिले रचनाका बाह्य पक्षलाई पनि केलाइन्छ र सारगत दृष्टिले रचनाको आन्तरिक पक्षलाई पनि धेरथोर नियालिन्छ । समग्रमा सत्यको निकट पुग्ने प्रयत्न गरिएका समालोचनालाई बहुल समालोचना प्रणालीका नामबाट पनि चिन्न सकिन्छ । यस्तो समालोचकीय धर्मको निकट पुग्ने प्रयत्न गरिएका समालोचनालाई बहुल समालोचना प्रणालीका नामबाट चिन्न सकिन्छ । यस्तो समालोचकीय धर्मको निकट पुग्न खोजेको समालोचना प्रभावपरक समालोचनाका रूपमा परिचित बन्न पुग्दछ । [८४] यसरी प्रभावपरक समालोचनाले स्वतन्त्र रूपमा समालोचना गर्ने गर्छ ।

नेपालीका अधिकांश समालोचकहरू प्रभाववादी छन् र हाल प्राध्यापकीय समालोचनाका नामले बढी प्रचलित समालोचना पनि यसै कित्तामा पर्दछ । नेपाली समालोचनाका क्षेत्रमा प्रभाववादी समालोचनाको थालनी मोतीराम भट्टबाट भएको हो । उनको **कवि भानुभक्ताचार्यको जीवन चरित्र** (१९४८) पहिलो कृति हो । सूर्यविक्रम ज्ञवाली गुणग्राही र रामकृष्ण शर्मा दोषग्राही समालोचकका रूपमा चर्चित छन् । यसमा पनि ज्ञवाली विशुद्ध प्रभाववादी छन् भने रामकृष्ण शर्मा तार्किक, निर्भीक र निर्णयात्मक पनि छन् ।[८५] रत्नध्वज जोशीको **आधुनिक नेपाली साहित्यको झलक** (२०२१) इन्द्रबहादुर राईको **नेपाली उपन्यासका आधारहरू** (२०३१) र गोविन्दराज भट्टराईको **काव्यिक आन्दोलनको परिचय** (२०४९) विशेष उल्लेखनीय छन् । समालोचकका हृदयमा रचनाका बारेमा जस्तो प्रभाव पऱ्यो त्यसैलाई व्यक्त गर्नु नै प्रभाववादी समालोचनाको मूल प्रवृत्ति हो । नेपाली समालोचनाका क्षेत्रमा तारानाथ शर्मा र रामकृष्ण शर्मा जस्ता समालोचकले यसको विकास र विस्तार गरेको पाइन्छ ।

### ३.३.२ सैद्धान्तिक समालोचना

पूर्व र पश्चिम दुवैतर्फ प्राचीन कालदेखि नै सैद्धान्तिक समालोचनाले प्रमुख स्थान प्राप्त गरेको छ । साहित्य सम्बन्धी परम्परित शास्त्रीय सिद्धान्तमा आधारित समालोचनालाई सैद्धान्तिक समालोचना भनिन्छ । यसमा साहित्यमा प्रचलित विभिन्न सिद्धान्तहरूको व्याख्या विश्लेषण गरिन्छ ।[८६] यसमा समालोचनाको मापदण्डका रूपमा सामान्य सिद्धान्तहरूको निर्माण गरिन्छ र तिनका आधारमा कृतिको वस्तु रूप आदिलाई केलाउने एवं कृतिका विशेषताको निरूपण गर्ने प्रयास गरिन्छ । [८७] यसरी साहित्य प्रतिको चिन्तनको निर्माण गर्नु नै सैद्धान्तिक समालोचना हो ।

साहित्यका मूल्य र वैशिष्ट्यलाई सिद्धान्तीकरण गर्न थालिएपछि सैद्धान्तिक समालोचनाको जन्म भएको हो । पूर्वीय साहित्यशास्त्रका रस, ध्वनि, अलङ्कार आदि

---

[८३] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ३६८ ।

[८४] ऐजन ।

[८५] खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना**, पूर्ववत्, पृ. २११ ।

[८६] ऐजन ।

[८७] घनश्याम कँडेल, पूर्ववत्, पृ. घ ।

सम्प्रदायहरू मूलतः समालोचना नै हुन् ।[८८] आचार्य भरतको **नाट्यशास्त्र,** भामहको **काव्यालङ्कार,** दण्डीको **काव्यादर्श,** आनन्दवर्धनको **ध्वन्यालोक,** मम्मटको **काव्यालङ्कार** र **काव्यप्रकाश**, कुन्तकको **बक्रोक्तिजीवित**, विश्वनाथको **साहित्यदर्पण**, जगन्नाथको **रसगङ्गाधर** लक्षणग्रन्थहरू सैद्धान्तिक समालोचनासँग सम्बन्धित छन् । पश्चिममा प्लेटो, अरिष्टोटलदेखि लिएर आई. ए. रिचर्डस र अफ उनीपछिका प्रमुख समालोचकहरूको योगदान मूलतः सैद्धान्तिक समालोचनासित नै सम्बन्धित छ । अरिष्टोटलको **पोइटिक्स,** आइ. ए. **रिचर्ड्सको प्रिन्सिपुल्स अफ लिटरेरी** आदि समालोचनाका ग्रन्थहरू हुन् । यिनै सिद्धान्तका आधारमा नवीन र प्रयोगमुखी साहित्यिक कृतिको पनि अध्ययन सैद्धान्तिक समालोचनामा गर्न सकिन्छ ।

सैद्धान्तिक समालोचनाको प्रवर्तन कुलचन्द्र गौतमबाट भएको हो, उनको **अलङ्कार चन्द्रोदय** (१९७५) पहिलो कृति हो । यस समालोचनाका प्रमुख समालोचक यदुनाथ खनाल, सोमनाथ सिग्द्याल र मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल हुन् । यिनका प्रमुख समालोचना यदुनाथ खनालको **समालोचनाको सिद्धान्त** (२००३) सिग्द्यालको **साहित्यप्रदीप** (२०१६) पाश्चात्य साहित्य सिद्धान्तबाट प्रभावित छ । यी दुवैमा आधारित मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** (२०६१) महत्त्वपूर्ण कृति मानिन्छ । रागात्मक पक्ष भन्दा ज्ञानात्मक पक्ष प्रवल हुनु नै यस समालोचनाको मूल प्रवृत्ति हो । पूर्व र पश्चिम दुवैतर्फ सैद्धान्तिक समालोचनाको विकास हुँदै आएको छ ।

**३.३.३ ऐतिहासिक समालोचना**

ऐतिहासिक समालोचना पद्धतिमा कुनै युगको तत्कालीन परिवेश र परिस्थितिका आधारमा कृतिको विश्लेषण र मूल्याङ्कन गरिन्छ । बहुकालिक वा कालक्रमिक सन्दर्भबाट साहित्यिक रचना र रचनाकारको विश्लेषण गरी मूल्याङ्कन गरिने पद्धतिलाई ऐतिहासिक समालोचना भनिन्छ ।[८९] यस समालोचनमा कुनै युगको तत्कालीन परिवेश र परिस्थितिका कृतिको विश्लेषण र मूल्याङ्कन गरिन्छ । कुनै कृति वा कृतिकारको अध्ययन गर्दा तत्कालीन इतिहास र युग प्रवृत्तिको पनि अध्ययन आवश्यक हुन्छ । यसप्रकारको समालोचनामा साहित्यलाई समाजको प्रतिबिम्ब मानिन्छ । यसमा अनुसन्धान र व्याख्याको विशेष भूमिका रहन्छ । साहित्य लेखनका लागि कृतिकारले आफ्नो युगको सामाजिक, राजनैतिक, आर्थिक परिस्थितिबाट सामग्री ग्रहण गर्छ ।

त्यही युगीन परिस्थितिको विश्लेषण गरेर सम्बन्धित परिप्रेक्ष्यमा कृति र कृतिकारको अध्ययन गर्ने विधि ऐतिहासिक समालोचना हो । जति पनि पुराना कवि लेखकहरू छन्, तिनीहरूका युगजीवनका वैयक्तिक र सामाजिक घटनाहरूको अध्ययन गरी आलोच्य कृतिको सही मूल्याङ्कन हुन सक्ने दृष्टिकोण ऐतिहासिक समालोचनाले राखेको पाइन्छ । साहित्य र युगको के कस्तो सम्बन्ध छ? त्यसको खोजी गरेर एकअर्कामा परेको प्रभावको विवेचना गर्ने काम ऐतिहासिक समालोचनाले गर्दछ । ऐतिहासिक

---

[८८] ऐजन ।

[८९] खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना**, पूर्ववत्, पृ. २१२ ।

समालोचनामा लेखकले समाजलाई के दिएको छ वा के दिनुपर्दछ भन्दा पनि देशकाल वातावरण सम्बन्धी युगीन परिस्थितिबाट कति प्रभावित भएर उसले कृतिको सिर्जना गरेको छ भन्ने विषयमा ध्यान दिइन्छ ।

नेपाली समालोचना परम्परामा बाबुराम आचार्यले यस समालोचनाको प्रवर्त्तन गरेका हुन् । उनको कृति **पुराना कवि र कविता** (२००३) रहेको छ । यस समालोचनाका प्रमुख समालोचक र तिनका प्रमुख कृतिहरूको आआफ्नो ठाउँमा महत्त्वपूर्ण भूमिका हुँदा-हुँदै पनि प्राथमिक कालअन्तर्गत दयाराम श्रेष्ठ 'सम्भव' को **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा** (२०३८) मध्यमिक कालमा शरदचन्द्र शर्मा भट्टराईको **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल २०३७) समग्र साहित्यको इतिहास अन्तर्गत दयाराम श्रेष्ठ, 'सम्भव' र मोहनराज शर्माको **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०३४) महत्वपूर्ण कृति मानिन्छ । कृष्णचन्द्र सिंह प्रधानको **नेपाली उपन्यास र उपन्यासकार** (२०३७) उपन्यास क्षेत्रमा महत्वपूर्ण कृति मानिन्छ भने कविताका क्षेत्रमा खगेन्द्रप्रसाद लुइटेलको **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) विशेष उल्लेखनीय देखिन्छ । पूर्व र पश्चिम दुवैतर्फ यस समालोचनाको उत्तरोत्तर विकास भइरहेको पाइन्छ । समाकालीन इतिहास र युग प्रवृत्तिको अध्ययनबिना कुनै पनि कृतिको मूल्याङ्कन हुन सक्दैन भन्ने यस समालोचना पद्धतिको मूल प्रवृत्ति रहेको छ ।

### ३.३.४ प्रगतिवादी समालोचना

प्रगतिवादी समालोचनामा समाजको संरचना आरम्भदेखि नै वर्गीय किसिमको रहेको देखिन्छ । मर्क्सेली द्वन्द्वात्मक भौतिकवाद अनुसार समाजको आर्थिक स्थिति र वर्गसङ्घर्षका परिप्रेक्ष्यमा कृतिको मूल्याङ्कन गरिने समालोचनालाई प्रगतिवादी समालोचना भनिन्छ । यसमा समाजवादी, यथार्थवादी दृष्टिकोणको प्रधानता रहन्छ । [९०] यस सिद्धान्तलाई समाजवादी यथार्थवादी समालोचना पनि भनिन्छ ।

प्रगतिवादी समालोचनाले समाजसँग साहित्य र साहित्यकारलाई सम्बद्ध गरेर समाजकै सन्दर्भमा साहित्यिक कृति र कृतिकारको अध्ययन विश्लेषण गर्दछ । प्रगतिवादी समालोचना वर्गीयद्वन्द्वलाई बढी प्राथमिकता दिएर लेखिएको कृतिमा बढी केन्द्रित हुन्छ । वर्गसङ्घर्षको आदर्श र विचारलाई प्राथमिकता दिइने यस समालोचनामा साहित्यकार र समाजका बीचको सम्बन्धलाई महत्त्वपूर्णरूपमा हेरिन्छ ।[९१] यस समालोचनाले 'कला-कलाका लागि' भन्ने सिद्धान्तको विरोध गर्दै कला समाजका लागि हुनुपर्दछ तथा कलाको आधार नै समाज हो भन्ने मान्यता राख्दछ । यो एउटा द्वन्द्वात्मक भौतिकवाद र वर्ग भावनाले प्रेरित ऐतिहासिक समालोचनाको अङ्ग हो । यसमा सर्वहारा र श्रमजीवी वर्गको हितलाई ध्यानमा राखी कृति र कृतिकारको विश्लेषण मूल्याङ्कन गरिन्छ । द्वन्द्वात्मक भौतिकवादी दर्शनका प्रतिस्थापक कार्ल मार्क्स हुन् र यसै दर्शनबाट प्रभावित प्रगतिवाद

---

[९०] ऐजन ।

[९१] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश,** तेस्रो संस्क; (काठमाडौं: साझा प्रकाशन, २०४९), पृ. २१५ ।

अनुप्राणित भएकाले यस सिद्धान्तलाई मार्क्सवादी समालोचना पनि भनिन्छ ।[९२] यसमा पूँजीपतिवर्गले निमुखावर्गलाई कसरी शोषण गर्दछन् भन्ने कुरालई देखाउँदै कला र साहित्यले पूँजीवादी समाजका विरुद्ध लड्ने हतियारको भूमिका निर्वाह गर्नुपर्ने दृष्टिकोण पाइन्छ । विश्वका जुनसुकै समाज र समयका सत्ताधारीवर्गले आफ्नो विचार, हैकम र शक्ति सम्पन्न देखाउँदै आइरहने प्रचलन रहेकाले वर्गवर्गका बीचमा चलिरहने सङ्घर्षका आधारमा द्वन्द्वको स्थितिलाई मार्क्सवादमा अभिव्यक्त गरिएको हुन्छ ।[९३] प्रगतिवादी समालोचकहरूले देशको राजनैतिक, आर्थिक पृष्ठभूमिमा मार्क्सवादी दर्शन वा सिद्धान्तका मापदण्डले कृतिको व्याख्या र आलोचना गरी यसको सफलता असफलता, श्रेष्ठता, अश्रेष्ठता किट्दछन् ।[९४] प्रगतिवादी समालोचना लेख्ने समालोचकहरू विश्वका विभिन्न भागमा अद्यावधि क्रियाशील देखिन्छन् ।

प्रगतिवादी समालोचना प्रायः राजनीति र अर्थनीतिका सिद्धान्तमा आधारित भएकाले पछि गएर यो प्रायः क्रान्तिकारी नाराका रूपमा रहन थाल्यो । नेपालीमा २००७ सालको क्रान्तिपछि प्रगतिवादी चिन्तन व्यापकरूपमा देखापरेको पाइन्छ । हृदयचन्द्रसिंह प्रधानबाट नेपालीमा प्रगतिवादी समालोचनाको थालनी [९५] भएको हो । हृदयचन्द्र सिंह प्रधानको **केही नेपाली नाटक** (२००४) बाट नेपालीमा प्रगतिवादी समालोचनको आरम्भ भएको हो । नेपालीका प्रमुख प्रगतिवादी समालोचक गोविन्द भट्ट, हृदयचन्द्रसिंह प्रधान निनु चापागाई र ऋषिराज बराल हुन् । नेपालीमा प्रगतिवादी समालोचनाको विकास हुँदै आएको देखिन्छ ।

### ३.३.५ मनोवैज्ञानिक समालोचना

मनोवैज्ञानिक समालोचनामा कृतिकार एवं कृतिगत पात्रका मनस्थितिको अध्ययन विश्लेषण गरिन्छ । कृतिकार, कृति, कृतिगत चरित्र तथा पाठकको मानसिक स्नायविक विश्लेषणलाई मनोविज्ञानपरक वा मनोविश्लेषणात्मक समालोचना भनिन्छ ।[९६] यसमा कृतिकारको अभिवृत्ति एवम् आन्तरिक, व्यक्तित्व, कृतिमा, अभिव्यञ्जित मानसिकता, कृतिगत चरित्रहरूको मनोवृत्तीय अन्वेषण तथा पाठकका मनमा पर्ने प्रभावको विश्लेषण गरिन्छ ।[९७] ऐतिहासिक समालोचनामा जीवनको बाह्यपक्षको मात्र अध्ययन हुन्छ भने मनोवैज्ञानिक समालोचनामा आन्तरिक पक्षको मात्र अध्ययन गरिन्छ । मनोवैज्ञानिक समालोचनामा साहित्यिक कृतिको विश्लेषण प्रत्येक कृतिलाई त्यसमा कृतिकारको व्यक्तित्व तथा मानसिक अवस्थाको अभिव्यक्ति मानेर गरिन्छ । यस समालोचना सिद्धान्त अन्तर्गत कृति र कृतिकारका बीचमा के कस्तो सम्बन्ध रहेको छ भनेर केलाउने काम पनि गरिन्छ । यसले कृतिकारद्वारा सिर्जित पात्रहरू, कृतिमा प्रयुक्त भाषा तथा विम्बहरूको

---

[९२] देवीप्रसाद गौतम, **प्रगतिवादी परम्परा र मान्यता**, (काठमाडौं: श्रीमती: मुना गौतम, प्र.सं., २०४९), पृ. २८ ।

[९३] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ५३ ।

[९४] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ५३ ।

[९५] खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना**, पूर्ववत्, पृ. २१३ ।

[९६] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, पूर्ववत्, पृ. १६ ।

[९७] ऐजन ।

विश्लेषण गर्छ ।[९८] साथै यस समालोचना पद्धतिले पाठकमा पर्ने प्रभावको समेत अध्ययन गर्छ ।

बीसौँ शताब्दीका सुप्रसिद्ध मनोविज्ञानी सिग्मण्ड फ्रायडले मनोविज्ञान सम्बन्धी आफ्नो चिन्तन एवं सिद्धान्तलाई मनोविश्लेषण नामकरण गरेर यसको शुभारम्भ गरेका हुन् ।[९९] फ्रायडपछिका युङ्ग, एडलर, लँक आदिका मनोवैज्ञानिक स्थापना र मान्यताको प्रभाव मनोवैज्ञानिक समालोचनाको स्रोत हो । यस आधारमा स्रष्टाका आन्तरिक प्रवृत्तिको अध्ययन उसका रचनाका सापेक्षतामा गरिएको पाइन्छ । साहित्यको सम्बन्ध मानवमनसँग रहेको हुँदा साहित्य र मानवमनका वीच घनिष्ट सम्बन्ध रहेको हुन्छ । प्राचीन कालदेखि नै साहित्यकारहरूले जानी वा नजानी मनोविज्ञानको प्रयोग आफ्ना साहित्यमा गर्दै आएका छन् । मानव मनका मातृरति, पितृरति जस्ता मनोवृत्ति एवं प्रवृत्तिहरूको चित्रण साहित्यमा प्राचीन कालदेखि निरन्तर हुँदै आएको देखिएतापनि यसको सचेत र सैद्धान्तिक प्रयोग आधुनिक युगमा मनोविज्ञानको प्रवर्तनपछि हुन थालेको हो ।[१००] मनोविज्ञानपरक समालोचनाको मन मस्तिष्कसँग सम्बन्ध रहेको हुन्छ ।

फ्रायडको मनोवैज्ञानिक आधार लिई नेपाली साहित्यमा केही कथा, नाटक, उपन्यासहरूको रचना भएको छ ।[१०१] यस्ता कृतिहरूको रचना गर्दा समालोचकहरूले मनोविज्ञानको सहायता लिएका छन् । नेपाली समालोचनामा यसको उपयोग पात्रहरूको स्थिति बुझ्न यौनविकृति र यस्तै विभिन्न मनोग्रन्थिहरू केलाई फुकाउन तथा त्यस्तै माध्यमबाट स्वयम् लेखकको मनोभावको विश्लेषण गर्नमा भएको छ ।[१०२] नेपाली समालोचनामा मनोविश्लेषणात्मक पद्धतिबाट समालोचना गर्ने प्रमुख समालोचक मुरारीप्रसाद रेग्मी मानिन्छन् । उनको **मनोवैज्ञानिक समालोचना** (कथाखण्ड, २०३६) बाट यसको प्रवर्तन भएको हो । उनका **मनोविश्लेषणात्मक समालोचना** (उपन्यासखण्ड, २०४०), **मनोविश्लेषणात्मक समालोचना** (समसामयिक कथाखण्ड, २०५३) प्रकाशित छन् । यी कृतिहरूमा मनोविज्ञानको आधार लिएर समालोचना गरिएको छ । यस समालोचनाको विकास १९ औं शताब्दीबाट हुँदै आएको छ । जीवनको आन्तरिक पक्षको अध्ययन गर्नु नै यस समालोनाको मूल विशेषता हो ।

### ३.३.६ शैलीवैज्ञानिक समालोचना

शैलीविज्ञान साहित्यिक समालोचनाको नवीनतम विधा वा प्रकार हो । समालोचनाका फाँटमा यो नवीनतम विधा भाषावादी सिद्धान्त र पद्धतिका रूपमा देखा परेको छ ।[१०३] भाषाविज्ञानले साहित्यिक भाषा वा काव्यभाषाको समेत अध्ययन गर्न

---

[९८] ऐजन ।

[९९] ऐजन ।

[१००] ऐजन ।

[१०१] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. १७ ।

[१०२] ऐजन ।

[१०३] मोहनराज शर्मा, **शैलीविज्ञान, दोस्रो संस्क;** (काठमाडौं: ने.रा.प्र.प्र. २०५९), पृ. १ ।

थालेपछि शैलीविज्ञानको प्रारम्भ भएको मानिन्छ । आधुनिक युगमा शैलीविज्ञानको शुभारम्भ गर्ने श्रेय प्रसिद्ध भाषाविज्ञानी फर्डिनान्ड ड सस्युरलाई छ ।[१०४] भाषाविज्ञानले अर्थविज्ञानसँग साइनो गाँसी भाषाविज्ञान विशिष्ट भाषाको अध्ययनतर्फ उन्मुख भएपति शैलीविज्ञानको सुरुवात भएकाले यसलाई भाषावादी समालोचना सिद्धान्त मानिन्छ । आचोचनाको नयाँ विधा र दृष्टि शैलीविज्ञानले भाषिक तथ्याङ्कका आधारमा वस्तुनिष्ठ ढङ्गले कृतिको वैज्ञानिक र सिर्जनात्मक मूल्याङ्कन गर्छ ।[१०५] यसले कृतिको सुस्पष्ट सुव्यवस्थित र वस्तुगत अध्ययन विश्लेषण गर्ने हुनाले यसलाई आधुनिक समालोचनाका क्षेत्रमा नवीनतम र वैज्ञानिक प्रणाली मानिएको हो ।

भाषाविज्ञानका विभिन्न पद्धतिहरूबाट साहित्यको विश्लेषण गर्ने समालोचना शैलीविज्ञानलाई साहित्यिक कृतिहरूको अन्तरकुन्तर केलाएर रहस्योद्‌घाटन गर्न सामर्थ्य समालोचनात्मक पद्धतिका रूपमा लिइन्छ । वैज्ञानिक, प्रयोगात्मक र सिर्जनात्मक समालोचना प्रणााली मानिने शैलीविज्ञानलाई भाषाविज्ञान र साहित्यको एकान्वित रूप मानिन्छ । [१०६] यसले भाषा र शैलीका माध्यमबाट साहित्यिक कृतिको गहिराइमा पुगेर त्यसको आन्तरिक र वास्तविक अर्थ केलाउँछ । भाषावादी सिद्धान्त र पद्धतिका रूपमा देखापरेको यो भाषाविज्ञानको एउटा शाखा हुनाले यसमा साहित्यिक शैली अर्थात् साहित्यमा भाषा प्रयोगको तरिका के-कस्तो छ ? त्यसको पनि वैज्ञानिक अध्ययन गरिन्छ । शैलीवैज्ञानिक आलोचनाले साहित्यको समाजनिरपेक्ष व्याख्या गर्छ भन्ने आरोप लगाइएको पाइन्छ, जुन सत्य होइन । यो साहित्यको सामाजिक व्याख्या त अवश्य होइन, तर यसले साहित्यमा समाज अर्थात् कृतिभित्रका संसारको व्याख्या प्रस्तुत गरेर समाज सापेक्षतालाई सिद्ध गर्छ । [१०७] यो समालोचना भाषाविज्ञान र साहित्यशास्त्रको मिलनबाट निर्मित समालोचना हो । यस पद्धतिले साहित्यिक कृतिमा सर्जकले आफ्ना अनुभूतिको अभिव्यक्ति दिँदा अपनाएको भाषिक प्रयोग कस्तो रहेको छ ? त्यो भाषिक पक्षको अध्ययन गर्दछ । कृतिको वस्तु र शिल्प दुवैको उद्‌घाटन गर्ने यस पद्धतिले कृतिका अन्तर्तहमा रहेको सन्देश सौन्दर्य पक्षलाई कलात्मक पाराले बाहिर ल्याउँछ ।[१०८] आधुनिक युगमा शैलीवैज्ञानिक समालोचनाले निकै सूक्ष्मता प्राप्त गरिरहेको छ ।

नेपाली समालोचनाका फाँटमा शैलीवैज्ञानिक समालोचना पद्धतिको प्रवर्तन मोहनराज शर्माबाट भएको हो । यिनको पहिलो शैलीवैज्ञानिक समालोचनात्मक लेख **नयाँ आलोचनाकाव्यको शैलीवैज्ञानिक विश्लेषण (प्रज्ञा,** ६/४, २०३४) हो । साहित्यिक सिर्जनात्मक कृतिलाई नेपालीमा शैलीवैज्ञानिक समालोचना प्रणालीका कसीबाट नाप, जाँच र मूल्याङ्कन गर्ने परम्पराको थालनी यिनीबाट भएको हो । [१०९] यिनको **शैलीविज्ञान** (

---

१०४ ऐजन ।

१०५ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १५८ ।

१०६ खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालेचना,** पूर्ववत्, पृ. २१५ ।

१०७ मोहनराज शर्मा, **शैलीविज्ञान**, पूर्ववत्, पृ. २१४ ।

१०८ खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना**, पूर्ववत्, पृ. २१५ ।

१०९ ऐजन ।

२०४८) नेपाली समालोचनाका फाँटमा कोसेढुङ्गो सावित भएको छ । त्यस्तै अभि सुवेदीको **भाषाशास्त्र र साहित्यको सम्बन्ध** (२०३८) शैलीवैज्ञानिक समालोचनामा महत्वपूर्ण कृति मानिन्छ । शैलीवैज्ञानिक समालोचनाले साहित्यिक कृतिको वस्तुवादी समालोचना गर्छ, यसले भाषाविज्ञानमा उपलब्ध उपकरणहरूको प्रयोग गर्छ र भाषाविज्ञानमै निर्धारित प्रविधि एवं प्रक्रियाको उपयोग गरी कृतिको विश्लेषणात्मक विवेचनात्मक समालोचना गर्नु,[११०] यस समालोचना पद्धतिको मूल प्रवृत्ति रहेको छ । नेपालीमा मोहनराज शर्माले यसको संवर्द्धन विकास र प्रयोग गरेको देखिन्छ ।

### ३.३.७ समकालीन समालोचना

विश्वसाहित्यमा देखापरेको अधुनातन समालोचनात्मक पद्धतिलाई समकालीन समालोचना भनिन्छ । उत्तरआधुनिकतावाद र त्यसपछिका नवीन समालोचना सिद्धान्त एवं पद्धतिको सामूहिक नाम समकालीन समालोचना हो । [१११] परम्परित समालोचनाको विपरीत समकालीन समालोचना विशेषतः वस्तुवादी, भाषावादी र अन्तर्विषयक हुन्छ । [११२] उत्तरआधुनिकतावादको विशाल छातामुनी हुर्केका उत्तरसंरचनावाद, विनिर्माणवाद, नवव्यावहरिकतावाद, नवइतिहासवाद, नारीवाद, नवमार्क्सवाद, सङ्कथनबाद पाठकप्रतिक्रिया सिद्धान्तका साथै बहुकालिक समालोचना आदि अन्य सिद्धान्तको सामूहिक नाम समकालीन समालोचना हो । [११३] समकालीन समालोचना भन्ने साझा नाम पाएका उपर्युक्त सिद्धान्त वा समूहमा प्रशस्त भिन्नता, विविधता र असमानता रहेतापनि सबै नै उत्तिकै वस्तुवादी, भाषाकेन्द्री र अन्तर्विषयक छन् । उत्तरआधुनिकतावाद र उत्तरसंरचनावादको आविर्भावदेखि समकालीन समालोचना बढी शक्तिशाली भएर देखिन थालेको हो ।

नेपाली समालोचना परम्परामा यस किसिमको समालोचना पद्धति भित्र्याउने श्रेय मोहनराज शर्मालाई जान्छ । नेपालीमा यस समालोचनाको नमुना शर्माको **समकालीन समालोचनाः सिद्धान्त र प्रयोग** (२०५५) हो । [११४] यिनको यो पुस्तक नेपाली समालोचनाका क्षेत्रमा कोसेढुङ्गो सावित भएको छ । यस समालोचना पद्धतिको विकास र विस्तार मोहनराज शर्माबाट भएको छ ।

### ३.३.८ नारीवादी समालोचना

नारीवादी समालोचना नारीसित सम्बन्धित साहित्यको अध्ययन गर्ने समालोचना हो । यसले साहित्यमा चित्रित नारीको अवस्थाको अध्ययन गर्दछ । पुरुषद्वारा स्थापित नारीसम्बन्धी समस्त धारणा, दृष्टिकोण, पूर्वाग्रह, मान्यता, कल्पना र साहित्यमा नारीको स्थिर चरित्रचित्रण आदिलाई नकार्दै यस समालोचना पद्धतिले नारीको वास्तविक अस्तित्व

---

[११०] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, पूर्ववत्, पृ. २४८ ।

[१११] मोहनराज शर्मा, **समकालीन समालोचनाः सिद्धान्त र प्रयोग,** (काठमाडौं: ने.रा.प्र.प्र., २०५५), पृ. क ।

[११२] ऐजन ।

[११३] ऐजन ।

[११४] खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना,** पूर्ववत्, पृ. १७७ ।

तथा पहिचान कायम गर्नेतर्फ पाइला चालेको छ ।[११५] पुरुष उत्पिडन, पुरुषको भोग्या र खेलौना बन्नु पर्ने अवस्था नारीमाथि हुने राजनीतिक, आर्थिक र साँस्कृतिक भेदभावहरूलाई खोतल्दै र यस्ता भेदभावको विरोध गर्दै सही नारी चित्रणको माग नारीवादी समालोचनाले गर्दछ । यसले नारी लेखनमा पुरुष मूल्यमान्यता र सौन्दर्यशास्त्रको अनुकरण नगरी नारीहरूले आफ्नै संसारको निर्माण तथा सत्वको खोजीमा जोड दिन्छ ।[११६] नारीवादी समालोचनाले पुरुष लिखित साहित्यमा नारीको चित्रण कसरी गरेका छन्, महिला साहित्यकारको लेखनयात्रा कस्तो छ ? महिला लेखकहरुले महिलाको चित्रण कसरी गरेका छन् ? भन्ने कुराको पनि अध्ययन गर्दछ । साहित्यमा स्त्रीलाई कमजोर पार्ने प्रवृत्तिको खोजी गर्दै त्यसको आलोचना गर्नु साहित्यको पुरुषकेन्द्री इतिहासलाई सच्याउनु र नारी लिखित साहित्यको खोजी गरी तिनको नयाँ व्याख्या गर्नु नै नारीवादी समालोचनाको मुख्य कार्य हो । यसले प्रचलित पद्धति अनुरूप पुरुषद्वारा लेखिएका कृतिमा वर्णित नारीको स्वरूप, अनुभूति, अभिव्यक्ति आदिको विश्लेषण गर्छ । यसले बहुलवादी दृष्टिकोण अँगाली मार्क्सवाद, मनोविश्लेषणात्मक, उत्तरसंरचनावाद, विनिर्माणवाद आदिसँग घनिष्ठ सम्बन्ध राखेको छ ।[११७] नारीवादी समालोचनाले नारीका जीवनमा सुधारको चाहना राख्दछ । पुरुषको शोषणबाट मुक्त गराउने अपेक्षा गर्छ र नारीको व्यक्तित्वको विकास चाहन्छ । नेपाली समालोचना प्रणालीमा नारीवादी समालोचनाको थालनी गोमा उपाध्यायबाट भएको हो । उनको **चार नारी हस्ताक्षर** (२०४२) नेपाली समालोचनाका क्षेत्रमा उल्लेखनीय रहेको छ । यस समालोचनाका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने समालोचक लीला लुइटेल हुन् । उनको **नेपाली महिला कथाकार** (२०६०) विशुद्ध नारीवादी समालोचनामा आधारित भई लेखिएको महत्त्वपूर्ण कृति मानिन्छ । नारीवादी समालोचनाले पितृसत्तात्मकताको विरोध गरी नारीलाई पुरुषको थिचोमिचोबाट मुक्त गराउने मार्ग प्रशस्त गर्नु[११८] यस समालोचनाको मूल विशेषता हो । १८ औं शताब्दीको अन्त्यतिरबाट पश्चिममा विकास हुँदै आएको यस समालोचना प्रणालीमा नेपालीमा लीला लुइटेल र गोमा उपाध्याय जस्ता समालोचकले यसको विकास र विस्तार गर्दै आएका छन् ।

### ३.३.९ संरचनावादी समालोचना पद्धति

संरचनावादी समालोचना प्रणालीमा कृतिमा एउटा निश्चित व्यवस्था हुन्छ । कुनै पनि वस्तु, कृति वा विषयको संरचनामाथि केन्द्रित भई त्यसको वस्तुगत र बैज्ञानिक ढङ्गले विश्लेषण गर्ने पद्धतिलाई संरचनावाद भनिन्छ ।[११९] संरचनावादी समालोचना कृति विशेषको विश्लेषण निर्वैयक्तिक रूपमा वस्तुगत ढङ्गले गर्ने वैज्ञानिक पद्धति हो ।[१२०]

---

[११५] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** पूर्ववत्, पृ. १७७ ।

[११६] ऐजन ।

[११७] ऐजन ।

[११८] ऐजन ।

[११९] ऐजन ।

[१२०] खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण,** (अप्रकाशित शोधप्रबन्ध, त्रि.वि. २०५८), पृ. १४१ ।

संरचनाबाद, भाषाविज्ञान, समाजशास्त्र, मानवशास्त्र हुँदै साहित्यिक समालोचनाका क्षेत्रमा प्रवेश गरेको विश्लेषणको एउटा आधुनिक र नवीन पद्धति हो । यसले परम्परित वा बाह्य नियमका आधारमा कृतिको खोतलखातल नगरी कृतिमै प्रयुक्त नियमको खोजी गरी त्यसको संरचना स्पष्ट पार्दछ ।[१२१] संरचनामाथि केन्द्रित भई वस्तुगत र वैज्ञानिक ढङ्गले विश्लेषण गर्ने संरचनावादी समालोचना पद्धतिद्वारा ज्ञान विज्ञानका जुनसुकै विषयक्षेत्रको पनि अध्ययन गर्न सकिन्छ । संरचनामाथि केन्द्रित भई कृतिविशेषको विश्लेषण वस्तुगतरूपमा गर्ने हुनाले यसले लेखकीयतालाई अलग्ग राखेर पाठकीयतालाई विशेष महत्ता प्रदान गर्दछ । कृतिका बाह्य संरचनाबाट क्रमशः आन्तरिक संरचनातर्फ उन्मुख भई कृतिभित्रका अनेक अनुपस्थित तथ्यहरूलाई समेत साकार तुल्याउने संरचनावादी समालोचना पद्धति आधुनिक समालोचनाका क्षेत्रमा बौद्धिक, प्राविधिक र वस्तुगत समालोचनाका रूपमा स्थापित छ ।[१२२] यस समालोचना पद्धतिमा कृतिभित्रको व्यवस्थालाई पढेपछि पाठकले सौन्दर्यानुभूति प्राप्त गर्दछ ।

कृतिगत सौन्दर्य व्यवस्था नै यसको संरचना हो । परम्परावादी समालोचकहरू पाठलाई जीवनसँग सम्बद्ध गरेर हेर्दछन् भने संरचनावादीहरू त्यसरी पाठभन्दा बाहिर जाने रुचि नराखी पाठकै प्रकार्यमा केन्द्रित हुन्छन् र यस प्रकारको अध्ययनलाई उनीहरू बैज्ञानिक ठान्दछन् ।[१२३] यसले पाठकको ठूलो संरचना वा वनोटको मात्र नभएर त्यसका साना घटकहरू वा बुनोटको पनि व्याख्या विश्लेषण गर्दछ । प्रत्येक रचना निश्चित नियमद्वारा संरचित हुन्छ भन्ने मान्यता राख्ने संरचनावादले कृति वा पाठभन्दा बाहिरको सामाजिक, साँस्कृतिक, सन्दर्भ र जीवनलाई हेर्ने परम्परित मान्यतालाई अस्वीकार गरी कृतिभित्रकै समग्रतालाई विश्लेषण गर्दछ ।[१२४] वास्तवमा कृति बाहिरको संसारलाई भन्दा कृतिभित्रकै संसारलाई खोतलखातल गरी सूक्ष्मअतिसूक्ष्म विश्लेषण गर्ने संरचनावादले परम्परित विश्लेषण पद्धतिलाई अस्वीकार गरी नवीन विश्लेषण पद्धतिको निर्माण गर्छ ।

नेपाली समालोचनाका क्षेत्रमा नवीनतम समालोचकीय पद्धतिको प्रवर्तन गर्ने व्यक्ति डा. खगेन्द्रप्रसाद लुइटेल हुन् । यिनको **आशिष कविताको संरचनावादी विश्लेषण** [१२५] लेख यस क्षेत्रको पहिलो लेख हो । यस लेखबाट नेपालीमा संरचनावादी समालोचनाको थालनी भएको हो । शैलीवैज्ञानिक समालोचना पद्धतिको चर्चा गर्ने क्रममा कतिपय विद्वान्ले संरचना शब्दको चर्चा गरेको पाइएतापनि संरचनावादी समालोचनाको स्पष्ट प्रारूप तयार पारी सैद्धान्तिक र प्रायोगिक रूपमा समालोचना गर्ने व्यक्ति लुइटेल नै हुन् ।

यिनको कविताको **संरचनात्मक विश्लेषण** (२०६२) समालोचनाका क्षेत्रमा कोसेढुङ्गो सावित भइसकेको छ । जीवनसम्बन्धी परम्परावादी धारणालाई तल पारेर वा महत्वहीन तुल्याएर कृतिको भाषा र त्यसको संरचनालाई हेर्नु संरचनावादी समालोचना पद्धतिको मूल

---

[१२१] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, पूर्ववत्, पृ. २६२ ।

[१२२] खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. १४१ ।

[१२३] खगेन्द्र प्रसाद, लुइटेल, **संरचनावादी समालोचना पद्धति, गरिमा,** (वर्ष २१, अङ्क १, २०५९ पुस) पृ. २१-३० ।

[१२४] ऐजन ।

[१२५] खगेन्द्रप्रसाद, लुइटेल, **आशिष कविताको संरचनावादी विश्लेषण, जुही,** (वर्ष २०, अङ्क १, २०५७/५८), पृ. ७७-८१ ।

प्रवृत्ति रहेको छ ।[१२६] १९६० को दशकबाट प्रारम्भ भएको संरचनावादी समालोचना नेपाली समालोचनाका क्षेत्रमा यसको विकास र विस्तार डा. खगेन्द्रप्रसाद लुइटेलले गरेका छन् ।

---

१२६ खगेन्द्रप्रसाद लुइटेल, **संरचनावादी समालोचना पद्धति**, पूर्ववत्, पृ. २१-२७ ।

## चौथो परिच्छेद

# नेपाली समालोचनाको विकास प्रक्रिया

## ४.१ परिचय

समालोचना भनेको कृतिको व्याख्या, विश्लेषण वर्गीकरण र मूल्याङ्कन गर्ने प्रक्रिया हो । साहित्य जस्तै समालोचना पनि सिर्जनात्मक विधासमेत भएकाले समालोचकका लागि सिर्जनात्मक क्षमताको आवश्यकता पर्दछ ।[१२७] समालोचना साहित्यको पछिल्लो विधा हो । यस विधाको थालनी साहित्यका कविता विधाको सिर्जना गरिएपछि मात्र हुन्छ । स्रष्टाको सृष्टिसम्बन्धी, द्रष्टाको दृष्टि समालोचना भएकाले यस विधाको थालनी साहित्यका रचनाको सृष्टिभन्दा पछि भएको[१२८] कुरा उल्लेख गरिएको छ ।

साहित्यका कविता, कथा, उपन्यास, नाटक अरु विधाले आफ्नो विकासका गतिविधिहरू अगि सारेपछि मात्र समालोचनाको थालनी हुन्छ ।[१२९] 'स्रष्टाले आलोचनाका क्षेत्रमा पनि आधार बनाएपछि मात्र आलोचकले लेख्न थाल्दछ' भन्ने कुरा उपयुक्त देखिन्छ । नेपाली समालोचनाको आरम्भ गर्ने व्यक्ति मोतीराम भट्ट हुन् । मोतीराम भट्टको **कवि भानुभक्ताचार्यको जीवनचरित्र** (१९४८) नै नेपाली समालोचनाको पहिलो कृति हो । मोतीराम भन्दा अगाडि प्राथमिककालीन नेपाली साहित्यमा समालोचनाका झिल्का यदाकदा पाइए पनि तिनलाई समालोचना लेखनको सचेत प्रयास मान्न सकिदैन । हीनव्याकरणी विद्यापतिबाट शृङगारिक वर्णन गरिएको सातश्लोके कविता **सातराग**( १८८८) नायिकाका विशेषतासहति सम्बन्धित कविता **सात नायिका** (१८८८) मार्फत र पतञ्जली गजुर्याल (१८८८-१९४०) बाट **अनुनयपद्य, रसवर्णन** र **भानुपरिचय** जस्ता कृतिमार्फत समालोचनाका केही आभास दिने असेचत प्रयास देखिए तापनि ती समालोचना भन्दा धेरै टाढाका रचना देखिए ।[१३०] पाल्पाली कवि छविलाल नेपालको **भानुपरिचय** जस्ता कृतिका माध्यमबाट भानुभक्तका कविताको रसास्वादन पक्षको चर्चा गरिएको पाइन्छ ।[१३१] मोतीराम भट्टपछि नेपाली समालोचना क्षेत्रमा विभिन्न समालोचकहरू देखापरेका छन् । शम्भुप्रसाद ढुङ्ग्यालको **कविताको फल** (१९७६) शीर्षकको साहित्यचिन्तन सम्बन्धी लेख प्रकाशित भएको केही समयपछि सूर्यविक्रम ज्ञवालीले **जन्मभूमि** पत्रिकाको माध्यमबाट साहित्यकार र साहित्यिक रचनाको मूल्याङ्कन गर्ने परिपाटी थाली नेपाली समालोचनाको उठान गरेका हुन् । यसैक्रममा दीनानाथ सापकोटा, नरदेव पाण्डे, राममणि आदी, कुलचन्द्र गौतम आदिका समालोचनात्मक कृतिहरू देखिएका

---

१२७ खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना**, पूर्ववत्, पृ. २०९ ।

१२८ ऐजन ।

१२९ यदुनाथ खनाल, **साहित्यिक चर्चा**, (काठमाडौंः साझा प्रकाशन, २०३४), पृ. ३५ ।

१३० घनश्याम कँडेल, पूर्ववत्, पृ. ६ ।

१३१ दयाराम श्रेष्ठ, **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास परम्परा**, (काठमाडौंः पाठ्यक्रम विकास केन्द्र, २०३८), पृ. २३५ ।

छन् ।[१३२] मोतीराम भट्टद्वारा १९४८ सालमा प्रकाशित भएको **कवि भानुभक्ताचार्यको जीवनचरित्र** शीर्षकको जीवनीपरक समालोचना ग्रन्थबाट विधिवत् रूपमा नेपाली समालोचनाको जग बसेको हो । मोतीराम भट्टले प्रस्तुत कृति समालोचना नै लेख्ने उद्देश्यले नलेखको भए तापनि यसमा जीवनीपरक समालोचना लेखेर योगदान दिएका छन् । विभिन्न समयमा आआफ्नै किसिमको समालोचनात्मक प्रतिभाका साथ देखापरी नेपाली समालोचना परम्परामा प्रमुख स्थान कायम गर्न पुगेका अनेक समालोचकहरूका योगदानमार्फत नेपाली समालोचनाको फाँट लम्बिदैँ आएको छ ।

१९४८ सालदेखि नै नेपाली समालोचना लेखिदैँ आए तापनि नेपाली समालोचनाको कालविभाजनतर्फ कसैको ध्यान गएको थिएन । २०२५ सालमा साझा प्रकाशनले कृष्णचन्द्रसिंह प्रधानका सम्पादनमा **साझा समालोचना** प्रकाशित गऱ्यो । यसमा कृष्णचन्द्रसिंह प्रधानले नेपाली समालोचनालाई तीन चरणमा विभाजन गरेका छन् :[१३३]

(१) पहिलो चरण (१९४८-१९९८)

(२) दोस्रो चरण (१९९९-२००७)

(३) तेस्रो चरण (२००७- हालसम्म )

पूर्व र पश्चिम दुबैतिर समालोचनाको यात्रा लामो र दिगो पाइन्छ । पश्चिममा आदिआचार्य प्लेटोलाई मानेर यिनकै समयदेखि यसको उठान भएको मानिन्छ भने पूर्वका नाट्यशास्त्रका प्रणेता भरतलाई आदि आचार्य मानेर यिनकै समयदेखि यसको उठान भएको मानिन्छ । प्लेटो र भरतदेखि समालोचनाको सैद्धान्तिक पक्ष प्रस्तुत गर्ने वा समालोचनाको शास्त्र निर्माण गर्ने प्रयास भएको हो ।[१३४]

नेपाली समालोचनाको इतिहास छोटो भए पनि समालोचनाको विकासक्रममा देखापरेका मोडहरूका आधारमा दयाराम श्रेष्ठ र मोहनराज शर्माले चार चरणमा विभाजन गरेका छन्:[१३५]

(१) पहिलो चरण (१९४८-१९९८)

(२) दोस्रो चरण (१९९९-२००७)

(३) तेस्रो चरण (२००८-२०१९)

(४) चौथो चरण (२०२० देखि हाससम्म)

केही विद्वान्हरू समग्र नेपाली समालोचनाको रूपरेखा नै उल्लेख गरेर पुस्तक प्रकाशित गर्दा पनि कालविभाजनको आवश्यकता देख्दैनन् ।[१३६] नेपाली समालोचनाको

---

[१३२] खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना** , पूर्ववत्, पृ. २०९ ।

[१३३] कृष्णचन्द्रसिंह प्रधान, सम्पा., **साझा समालोचना**, (काठमाडौं: साझा प्रकाशन, पाँचौं संस्क, २०३८), पृ. ९ ।

[१३४] मोहनराज शर्मा र दयाराम श्रेष्ठ, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** पूर्ववत्, पृ. १७९ ।

[१३५] ऐजन ।

[१३६] शोभाकान्ति थेगिम, **नेपाली समालोचनाको परम्परा मूल्याङ्कन तथा विश्लेषण**, (गान्तोकः सौरभ प्रकाशन, २०४९), पृ. २० ।

अध्ययनलाई स्पष्ट प्रभावकारी र सजिलो बनाउनका लागि आधार खोजेर कालविभाजन गर्न आवश्यक देखिन्छ ।

रविलाल अधिकारीले **नेपाली समालोचनाको रूपरेखा** (दृण्छज्ञ) मा कृष्णचन्द्रसिंह प्रधानको **साझा समालोचना**लाई आधार मानेर नेपाली समालोचनाको विकासक्रमलाई तीन चरणमा विभाजन गरेका छन् ।[१३७]

| | |
|---|---|
| (१) प्रारम्भिक काल | (१९४८-१९९८) |
| (२) आधुनिक कालको पहिलो चरण | (१९९९-२००७) |
| (३) आधुनिक कालको दोस्रो चरण | (२००८- हालसम्म) |


घनश्याम कँडेलले **नेपाली समालोचना** (२०५५) मा **कवि भानुभक्ताचार्यको जीवनचरित्र** (१९४८) लाई प्रस्थानविन्दु मानेर नेपाली समालोचनाको विकासक्रमलाई चार चरणमा विभाजन गरेका छन्:[१३८]

| | |
|---|---|
| (१) पहिलो चरण | (१९४८-१९९८) |
| (२) दोस्रो चरण | (१९९९-२००६) |
| (३) तेस्रो चरण | (२००७-२०२४ ) |
| (४) चौथो चरण | (२०२५ हालसम्म) |

नरेन्द्रराज प्रसाईंले नेपाली समालोचनाको विकासक्रमको थालनी माध्यमिक काल (वि.सं. १९४०-१९७४) मा आएर भएको हो भन्ने दृष्टिकोण अगि सारेका छन् । नरेन्द्रराज प्रसाईंले **नेपाली साहित्यका समालोचक र समालोचना** (२०५७) मा नेपाली समालोचनाको विकासक्रमलाई विद्वान्हरूको धारणा यसरी प्रस्तुत गरेका छन् ।[१३९]

| | |
|---|---|
| (१) पहिलो चरण | (१९४८-१९९८) |
| (२) दोस्रो चरण | (१९९९-२००५) |
| (३) तेस्रो चरण | (२००६-२०२४) |
| (४) चौथो चरण | (२०२५ - हालसम्म ) |

राजेन्द्र सुवेदीले, **नेपाली समालोचना परम्परा र प्रवृत्ति** (२०६१) मा नेपाली समालोचनाको विकासक्रमलाई यसप्रकार प्रस्तुत गरेका छन् ।[१४०]




१३७ रविलाल [illegible] **नाको रुपरेखा,** (पोखरा लेकाली प्रकाशन, २०५१), पृ. ४२ ।

१३८ घनश्याम कँडेल, **नेपाली समालोचना,** पूर्ववत्, पृ. ६ ।

१३९ नरेन्द्रराज प्रसाईं, **नेपाली साहित्यका समालोचक र समालोचना**, (काठमाडौंः एकता प्रकाशन, २०५७), पृ. ३५ ।

१४० राजेन्द्र सुवेदी, **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, (वाराणसी: भूमिका प्रकाशन, २०६१), पृ. ७३ ।

नेपाली समालोचनाको यात्रा छोटै भए पनि यसले तीव्र गतिमा विकास हुने अवसर प्राप्त गरेको देखिन्छ । मोतीराम भट्टले लेखेको भानुभक्ताचार्यको जीवनचरित्रलाई औपचारिक समालोचना मान्दा नेपाली समालोचनाको विकासक्रमले एक शताब्दी भन्दा लामो यात्रालाई यसप्रकार चार चरणमा विभाजन गर्न सकिन्छः

(१) पहिलो चरण (१९४८-२००२)

(२) दोस्रो चरण (२००३-२०३३)

(३) तेस्रो चरण (२०३४-२०५६)

(४) चौथो चरण (२०५७ यता)

## ४.२ पहिलो चरणः (१९४८-२००२)

नेपाली साहित्यका समालोचक मोतीराम भट्टले **कवि भानुभक्ताचार्यको जीवनचरित्र** (१९४८) प्रकाशित गरी नेपाली समालोचनाको यात्रा आरम्भ गरेका हुन् । मूलतः यो कृति उनको जीवनीपरक समालोचनात्मक कृति हो । यस चरणमा राममणि आदीको '**कवितारीति**', शीर्षक लेख **माधवी** (१९६५) पत्रिकामा धाराबाहिक रूपमा छापिएको छ । यस लेखमा छन्द, भाषा, शैली, अर्थ, विषयको विवेचना र तिनका आधारमा कवितालाई चिनाउने प्रयास गरिएको छ । उनको यस प्रयासमा पूर्वीय साहित्यशास्त्रको प्रभाव देखापर्दछ ।[१४१] मोतीराम भट्टपछि देखापर्ने समालोचक शम्भुप्रसाद ढुङ्‌ग्याल (१९४६-१९८६) हुन् ।[१४२] उनको **कविताको फल** (१९७७) मा कवि लेखनाथको कवित्वको बारेमा चर्चा गरिएको छ । त्यसपछि कुलचन्द्र गौतमको **अलङ्कार चन्द्रोदय** (१९७५) लाई अलङ्कार सिद्धान्तको लक्षण ग्रन्थ मानिन्छ । उनका अन्य ग्रन्थमा **अमरकोश** (१९५८), **दत्तचर्या** (१९७५, **उन्माद** (२०१०) जस्ता कृति रहेका छन् । अर्का समालोचक शिखरनाथ

---

१४१ घनश्याम कँडेल, **नेपाली समालोचना** , पूर्ववत्, पृ. ज ।

१४२ खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना**, पूर्ववत्, पृ. २१० ।

सुवेदी देखापर्दछन् । गद्य र पद्य दुबै फाँटमा उनको गहन योगदान रहेको छ ।[१४३] **वीरषष्टिका** (१९५५) **बहृत्कृष्णचरित्र** (१९५५), **शिखरनाथ भाष्य** (१९५९), **अक्षरमाला** (१९६९), **स्वस्थानी परमेश्वरीको ब्रतकथा** (१९७८), **पिनासको कथा विवाह दर्पण, बाह्रमासे** लगायतका कृति समय सङ्केत नभएका हुन् । त्यसपछि **सूर्यविक्रम ज्ञवाली** (१९५५-२०४२), **नैवेद्य समालोचना** (१९७९) लेखेर नेपाली समालोचनालाई नयाँ बाटामा डोऱ्याएका छन् ।[१४४] समालोचक ज्ञवालीले **भानुभक्तीय रामायणको भूमिका** (१९९०), **नेपाली साहित्यका दुई नयाँ तारा** (१९९३), **लक्ष्मीपूजा नाटकको समीक्षा** (१९९४), **कथाकुसुमको भूमिका** (१९९५), भानुभक्तको **स्मारक ग्रन्थ** (१९९७) आदि सङ्कलित, सम्पादित तथा भूमिका आदिमा पूर्वीय काव्यसिद्धान्तबाट प्रभावित गुणग्राही र दोषप्रति सचेत आलोचना गरेका छन् । यसका अतिरिक्त ज्ञवालीले **द्रव्यशाह** (१९९०), **रामशाह** (१९९०), **पृथ्वीनारायण शाह** (१९९०), **वीरबलभद्र** (१९९७), **अमरसिंह थापा** (२०००), **नेपाली वीरहरू** (२००६), **नेपाल उपत्यकाको मध्यकालीन इतिहास** (२०२०) आदि कृतिहरू लेखी आफूलाई इतिहासकारका रूपमा स्थापित गराएका छन् । **नरदेव पाण्डे** (१९२८-२००१) को **कविवर मोतीराम भट्टको जीवनी** (१९९५) उल्लेखनीय कृति हो । दीनानाथ सापकोटा र रघुनाथ भट्टका **रामायण सुन्दरकाण्ड**को सम्पादनका क्रममा लेखेको **समालोचकीय भूमिका** (१९७९), ब्रह्मशमशेर ज.ब. रा. को **कवि भानुभक्त** (१९९५), नरेन्द्रमणि दीक्षितको **युरोपीय साहित्यको नमूना** (१९९५) उल्लेख्य छन् ।[१४५]

यस चरणका अर्का व्यक्ति रामकृष्ण शर्मा देखिन्छन् । यिनको लेख अङ्ग्रेजी साहित्यको पुस्तकाकार प्रकाशित आलोचनात्मक कृतिहरू, **सप्त शारदीय** (२०२४) , **दसगोर्खा** (२०२६) र **टेबल गफः नौ बैठक** (२०२७) हुन् ।[१४६] यसै समयमा देखापर्ने अर्का समालोचक रत्नध्वज हुन् । यिनी छिद्रान्वेषक बनेर 'साहित्यको पथमा' (१९९९) शीर्षक लेखमार्फत यस क्षेत्रमा छिरेका देखिन्छन् । प्रभाववादी पद्धति अँगाली वर्णन एवम् व्याख्या विश्लेषण गर्ने जोशीका विवेचनात्मक पुस्तकहरू **मानसालङ्कार** (२००२), **हाम्रो काव्य परम्परा उसैको लागि** (२०१९), **आधुनिक नेपाली साहित्यको झलक** (२०२१), **साहित्यको अध्ययन** (२०२३), **साहित्य समीक्षा** (२०२५), **नेपाली कथाको कथा** (२०२५), **नेपाली नाटकको इतिहास** (२०३६) आदि रहेका छन् ।[१४७] बाबुराम आचार्य **तुलनात्मक सुन्दरकाण्ड** (२००२) लिएर देखापर्दछन् । उनको अर्को पुस्तक **पुराना कवि र कविता** (२००३) हो ।

नेपाली समालोचनाको प्रथम चरणमा जीवनीपरक गुणग्राही र प्रभावपरक प्रवृत्तिको समालोचना लेखिएको पाइन्छ । सौन्दर्यशास्त्रीय आधारमा गुणदोषको सन्तुलित विवेचना, निर्णय र मूल्याङ्कन गर्ने पद्धतिको विकास भएको देखिदैंन । विशेषत यस चरणका

---

[१४३] राजेन्द्र सुवेदी, **नेपाली समालोचना परम्परा र प्रवृत्ति,** पूर्ववत्, पृ. ८५ ।

[१४४] ऐजन ।

[१४५] दयाराम श्रेष्ठ, **प्रारम्भिककालको नेपाली साहित्य इतिहास परम्परा,** (काठमाडौंः पाठ्यक्रम विकास केन्द्र, २०३८), पृ. २३५ ।

[१४६] दयाराम श्रेष्ठ, र मोहनराज शर्मा , पूर्ववत्, पृ. १८३ ।

[१४७] ऐजन ।

सूर्यविक्रम ज्ञवालीमा समीक्षाधर्मिता बढी देखिन्छ । मोतीरामको महत्व आलोचक भन्दा बढी ऐतिहासिकताका दृष्टिबाट छ ।[१४८]

कृष्णचन्द्रसिंह प्रधानले **साझा समालोचना**मा यस चरणका विशेषतालाई यसप्रकार प्रस्तुत गरेका छन् ।[१४९]

(१) पुस्तकको सामान्य परिचय

(२) कविहरूको चिनारी र उनीहरूका कृति तथा प्रतिभाबाट परिचित गराउनु ।

(३) नौलो कृति र आफूमा परेको प्रभावको पृष्ठभूमिमा आफ्नो खुशी र मन्तव्य व्यक्त गर्नु ।

(४) साहित्यिक गतिविधिहरूको साधारण निरीक्षण र परिचय दिनु ।

(५) गुणदोष छुट्याउनु ।

(६) व्यक्तिगत रुचि अरुचिलाई राम्रो नराम्रोको निर्णय दिनु ।

यस चरणमा समालोचनाको प्रारम्भमात्रै भयो । यस चरणमा जीवनीपरक समालोचना बढी देखिए । यस चरणका सूर्यविक्रम ज्ञवालीले समालोचकीय धर्मको पालना गरेको पाइन्छ । यस चरणमा **तुलनात्मक सुन्दरकाण्ड** (२००३) र **मानसालङ्कार** (२००२) जस्ता सैद्धान्तिक प्रकृतिका समालोचना पनि लेखिएका छन् , तर प्रभावशाली प्रकृतिका समालोचनाको नै आधिक्य रहेको छ । यस चरणमा परिपक्वता आइनसकेको र वैयक्तिकताले प्रश्रय पाएको देखिन्छ ।

## ४.३ दोस्रो चरण (२००३-२०३३)

नेपाली समालोचनाको परम्परामा २००३ देखि २०३३ सम्म दोस्रो चरण मान्न उपयुक्त हुन्छ । यस चरणमा यदुनाथ खनाल **समालोचनाको सिद्धान्त** (२००३) र **साहित्यिक चर्चा** (२०३४) लिएर देखापर्दछन् । यिनी पूर्वीय एवम् पाश्चात्य साहित्यशास्त्रीय मान्यताका आधारमा नेपालीमा सैद्धान्तिक समालोचनाको गहकिलो पुस्तक लेख्ने पहिलो व्यक्ति खनाल हुन् । उनले व्यावहारिक समालोचना सम्बन्धी लेखहरू पनि पर्याप्त लेखेका छन् । उनका समालोचनामा व्याख्यात्मक, विश्लेषणात्मक विधिका साथै तुलनात्मक एवम् निर्णयात्मक विधिको पनि प्रयोग गरिएको पाइन्छ । खनालले समाजमा साहित्यको प्रभाव सकारात्मक हुनुपर्दछ, साहित्यले समाजको पथप्रदर्शन गर्नाका साथै समाजलाई उन्नत स्तरमा उकाल्न सक्नुपर्छ भन्ने धारणा राख्ने प्रबल नीतिचेतना भएका समालोचक हुन् भन्ने कुरा **सूक्तिसिन्धु** सम्बन्धी उनको दृष्टिकोण स्पष्ट हुन्छ ।[१५०] नेपाली समालोचना परम्परामा प्रगतिशील दृष्टिकोण अँगालेर समालोचना गर्ने व्यक्ति हृदयचन्द्रसिंह प्रधान हुन् । नेपाली समालोचनामा सर्वप्रथम आलोचनात्मक यथार्थवादी आरम्भ गरेका हुन् ।

[१४८] ऐजन ।

[१४९] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ११ ।

[१५०] घनश्याम कँडेल, **नेपाली समालोचना** , पूर्ववत् , पृ. ज ।

उनका **साहित्य एकदृष्टिकोण** (२००४), **केही नेपाली नाटक** (२००४) , **भानुभक्त एक समीक्षा** (२०१२), **कवि व्यथित र काव्यसाधना** (२०१५) , **नेपाली काव्य र उसका प्रतिनिधि कवि** (२०२१) जस्ता कृतिहरू प्रकाशित छन् ।

यस चरणमा कलम चलाउने समालोचक डा. ईश्वर बरालले **झ्यालबाट** (२००६) कथासङ्ग्रह सम्पादन गरे उनका समालोचनात्मक ग्रन्थ **आख्यानको उद्भव** (२०३९), **छरिएका समीक्षा** (२०५३), **सुवानन्ददासदेखि शम्भुप्रसाद सम्म** (२०५३), **राजीवलोचन जोशी** (२०५३), **पृथ्वीस्तवन** (२०५३), **देवकोटा र उनका महाकाव्य** (२०५५), **बालकृष्ण सम व्यक्तित्व र कृतित्व** (२०५५), **भारतेली नेपाली साहित्यकार** (२०५५) हुन् ।[१५१] यी कृतिका माध्यमबाट उनी पर्याप्त मात्रामा बौद्धिक, तार्किक र विश्लेषणात्मक क्षमता भएका समालोचक कुशल अन्वेषक, सङ्कलक, सम्पादक र भूमिका लेखकका रूपमा चिनिन्छन् । उनले नेपाली साहित्यका प्रायः कथा, कविता र निबन्ध विधाकै समालोचनामा आफूलाई बढी केन्द्रित तुल्याएका छन् । ऐतिहासिक समालोचकमा बालचन्द्र शर्मा, डिल्लीराम तिमसिना, जनकलाल शर्मा, कमल दीक्षित, यज्ञराज सत्याल जस्ता प्रमुख व्यक्तित्व रहेका छन् ।[१५२] बालचन्द्र शर्माको ऐतिहासिक शोधग्रन्थ **नेपालको ऐतिहासिक विवेचना** (२००८) हो । समालोचनाको **भानुभक्त नामक अन्वेषणात्मक ग्रन्थ** ( २०१४), **नेपाली शब्दकोश सं.** (२०१९), **पृथ्वी अन्तरिक्ष** (२०२०), **हाम्रा चार छिमेकी** (२०२०), **नेपाली संस्कृति** (२०२०), **चीनका प्राचीन कथा** (२०२५), **नेपाली साहित्यको इतिहास** ( २०३९) आदि रहेका छन् । डिल्लीराम तिमसिना **हाम्रो साहित्य र साहित्यकार** (२०१८) नामक पुस्तक लिएर देखापरे । उनका अरु पुस्तकमा **छन्द र अलङ्कार** (२०१८), **दर्शनको रूपरेखा, प्रबन्धतला** (२०१९), **वनारसको चिठी** (२०२५), **बसिवियाँलो** (२०३१), रवीन्द्रनाथको **प्राचीन साहित्य** (२०२१) **काव्यमीमांसा** (२०३०), लगायतका ग्रन्थ पनि चर्चित रहेका छन् ।[१५३]

जनकलाल शर्माका **रापती उपत्यका** (२०१४), **ललितकला र साहित्य** (२०१४) , **जोसमुनि सन्त परम्परा र साहित्य** (२०२०), **कौतुकमय डोल्पो** (२०३१), **महाकवि देवकोटा एक व्यक्तित्व दुई रचना** (२०३२), **हाम्रो समाज एक अध्ययन** (२०३९) **जनकलाल शर्माका निबन्ध** (२०५८) जस्ता कृतिहरू रहेका छन् ।[१५४]

कमल दीक्षितका **यस्तो पनि** (२०१४), **कालो अक्षर** (२०१७), पर्खदैं बित्ला कि ? (( २०२६), **बुकी सुन** (२०३७), **उखान मिलेन** (२०२७) जस्ता सङ्ग्रह समालोचनात्मक दृष्टिले महत्वपूर्ण छन् ।यी कृतिका आधारमा यिनी ऐतिहासिक र अनुसन्धानपरक समालोचक हुन भन्ने कुराको पुष्टि हुन्छ ।

---

[१५१] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ११६ ।

[१५२] ऐजन ।

[१५३] ऐजन ।

[१५४] ऐजन ।

सोमनाथ सिग्द्याल संस्कृत साहित्यका विद्वान् हुन् । उनको **साहित्य प्रदीप** (२०१६) प्रकाशित छ । यस ग्रन्थमा पूर्वीय साहित्यका कवितासम्बन्धी सिद्धान्तको विद्वत्तापूर्ण चर्चा गरिएको छ । चूडानाथ भट्टराय पूर्वीय दर्शन र साहित्यशास्त्रका विद्वान् हुन् । उनका दुई समालोचनात्मक ग्रन्थ **तरुणतपसी मीमांसा** (२०१८), **कवि र कविताको सिद्धान्त** (२०१९) प्रकाशित छन् ।[१५५] २०१७ सालको शाही कदमपछि केही परिवर्तन आयो । फलस्वरुप समालोचकहरू खुल्ला रूपले जान नसक्ने भए । घुमाउरो र प्रतीकात्मक बाटो अपनाउँदाअपनाउँदै पनि कतिपय सोही व्यवस्थालाई आत्मसमर्पण गर्न पुगे । सुरुमा चर्को दमन भए पनि केही वर्षमै उदारता देखिन्छ । डी.पी. अधिकारी **यथार्थवादी समालोचना** (२०१७), **नेपाली साहित्य र आलोचना** (२०३२), **नेपाली उपन्यास र जनजीवन** (२०६०) लिएर देखापर्दछन् । श्यामप्रसाद शर्माका **साहित्यसम्बन्धी दुई चार कुरा** (२०२२), **साहित्यका पात्रपात्रीहरू** (२०३९) आदि कृतिहरू प्रकाशित छन् । सरिता ढकालको **प्रगति दृष्टिमा केही समालोचना** (२०२२), **नेपाली साहित्य समालोचनाको समस्या** (२०४७) प्रकाशित छन् ।[१५६] २०१७ सालको शाही कदमपछि केही परिवर्तन आयो फलस्वरूप समालोचक खुल्ला रूपले जान नसक्ने भए । घुमाउरो र प्रतीकात्मक बाटो अपनाउँदा अपनाउँदै पनि कतिपय सोही व्यवस्थालाई आत्मसमर्पण गर्न पुगे । सुरुमा चर्को दमन भए पनि केही वर्षमै उदारता देखिन्छ ।

डी.पी. अधिकारी **यथार्थवादी समालोचना** (२०१७) , **नेपाली साहित्य र आलोचना** (२०३२) , **नेपाली उपन्यास र जनजीवन** (२०६०) लिएर देखापर्दछन् । श्याम प्रसाद शर्मा **साहित्यसम्बन्धी दुई चार कुरा** (२०२२), **साहित्यका पात्रपात्रीहरू** (२०३९) सरिता ढकालको **प्रगतिदृष्टिमा केही समालोचना** (२०२२), **नेपाली साहित्यः समालोचनाको समस्या** (२४७) प्रकाशित छन् ।[१५७]

यसै चरणमा देखापर्ने अर्का समालोचक तारानाथ शर्मा हुन् । **उनका घोत्ल्याइँहरु** (२०२१), **पश्चिमका केही महान् साहित्यकार** (२०२६), **भानुभक्तदेखि तेस्रो आयामसम्म** (२०२७), **नेपाली साहित्यको इतिहास** (२०२७), **सम र समका कृति** (२०२९), **नेपाली साहित्यको ऐतिहासिक परिचय** (२०२९), **सुम्पिन ल्याएँ** (२०४४) आदि कृति प्रकाशित रहेको छन् । इन्द्रबहादुर राई आयामेली आन्दोलन लिएर देखापर्दछन् । यिनका कृतिहरू **टिपेका टिप्पणीहरू** (२०२३), **कथास्था** (२०२९) र **नेपाली उपन्यासका आधार** (२०३१)[१५८] आदि रहेका छन् । बालकृष्ण पोखरेल कालक्रमिक ढङ्गमा विश्लेषण र व्याख्या गर्ने अन्वेषक व्यक्ति हुन् । यिनका कालक्रमिक आलोचनात्मक लेखहरू **नेपाली भाषा र साहित्य** (२०२१) मा सङ्कलित छन् ।

यसै चरणमा देखा पर्ने अर्का कलम चलाउने समालोचक केशवप्रसाद उपाध्याय हुन् । यिनका समालोचनात्मक कृतिहरूमा व्याख्या र विवेचना बढी पाइन्छ ।

---

[१५५] घनश्याम कँडेल, **नेपाली समालोचना** , पूर्ववत्, पृ. ९ ।

[१५६] ऐजन ।

[१५७] ऐजन ।

[१५८] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १८७ ।

**प्राथमिककालीन कवि र काव्यप्रवृत्ति** (२०३२), **केही रचना केही विवेचना** (२०३२), **रिमालः व्यक्ति र कृति** (२०३२), **तरुण तपसीको पुनर्मूल्याङ्कन** (२०३४), **साहित्य प्रकाश** (२०३०), **पूर्वीय साहित्य सिद्धान्त** (२०३६), **विचार र व्याख्या** (२०४०) पुस्तक आदि रहेका छन् ।[१५९] यसै चरणमा वासुदेव त्रिपाठी देखापर्दछन् । यिनका **सिंहावलोकन** (२०२७), **विचरण** (२०२८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (२०३०), लेखनाथ पौड्यालको **कवित्वको विश्लेषण तथा मूल्याङ्कन** (२०३४) कृतिहरू प्रकाशित छन् ।

यसै अवधिमा देखापरेका अर्का समालोचक दयाराम श्रेष्ठ सम्भवले मुख्यतः अन्वेषणात्मक र कालक्रमिक ढङ्गलाई अँगालेको देखिन्छ । यिनका **सन्दर्भ र मूल्याङ्कन** (२०२५) **नेपाली साहित्यका केही पृष्ठ** (२०३२) **वीरकालीन कविता** (२०३४) र **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा** (२०३८) नामक पुस्तक छापिएका छन् ।[१६०] यसरी नेपाली समालोचनाको दोस्रो चरणमा यदुनाथ खनाल, डा. ईश्वर बराल, सोमनाथ सिग्द्याल जस्ता विभिन्न समालोचकहरू देखापर्दछन् ।

यस चरणमा प्रभावपरक, जीवनीपरक, प्रशंसापरक, व्याख्यात्मकता, वर्णनात्मकता, ऐतिहासिक, सैद्धान्तिक, प्रगतिवादी , तार्किक र बौद्धिक किसिमका समालोचना लेखिएको पाइन्छ । यस चरणमा सैद्धान्तिक समालोचनासम्बन्धी पनि गहकिलो पुस्तक लेखिएको पाइन्छ । व्यावहारिक समालोचनातर्फ विधापरक तुलनात्मक एवम् निर्णयात्मक किसिमका समालोचना लेखिएका छन् ।[१६१] यतिखेर पूर्वीय साहित्यसिद्धान्तका साथै पाश्चात्य साहित्य सिद्धान्तको पनि गहन अध्ययन गरेर तिनका प्रभावमा समालोचना गर्ने प्रवृत्तिको विकास हुन्छ । यस चरणको उपलब्धि प्रगतिवादी समीक्षा लेखनप्रंतिको झुकाव हो । २०१७ सालपछि अभिव्यक्ति स्वतन्त्रताको पक्षमा वकालत गर्दै साहित्यिक कृतिको आलोचना गरेका छन् जसको पुष्टि यस चरणमा देखिएका समालोचक र तिनका समालोचनात्मक कृति प्रस्तुत गरेका छन् । प्रगतिशील साहित्यको परिभाषा, मूल्य र सिद्धान्तको जानकारी दिनु, वर्गीय धारणा दिई यथार्थ साहित्यिक मूल्याङ्कनको अपेक्षा गर्नु यस चरणको मूलभूत प्रवृत्ति मानिन्छ ।

## ४.४ तेस्रो चरण (२०३४-२०५६)

नेपाली समालोचनाको यात्रामा २०३४ सालदेखि २०५६ सालसम्मको समयलाई तेस्रो चरण मानिन्छ । नेपाली समालोचना परम्परामा शैलीविज्ञनाको शुभारम्भ गर्ने व्यक्ति मोहनराज शर्मा हुन् । उनको **नेपाली साहित्यको संक्षिप्त इतिहास** (सहलेखन, २०३४), **कथाको विकास प्रक्रिया** (२०३५), **शैलीविज्ञान** (२०४८) मोहनराज शर्माको महत्त्वपूर्ण कृति हो । आधुनिक नेपाली समालोचनाका क्षेत्रमा नवीनतम वस्तुवादी, भाषावादी, समालोचनापद्धति, शैलीविज्ञानको शुभारम्भ संरक्षण, सम्बर्द्धन, विकास विस्तार र प्रयोग गर्ने श्रेय समालोचक मोहनराज शर्मालाई नै छ । समालोचना लेखनको प्रारम्भबाट नै

---

१५९ ऐजन ।

१६० ऐजन ।

१६१ घनश्याम कँडेल, **नेपाली समालोचना** , पूर्ववत्, पृ. ञ ।

वस्तुवादी पद्धति अवलम्बन गर्ने शर्माको **शैलीविज्ञान** (२०४८) नेपाली समालोचना जगतकै कोसेढुङ्गो सावित भएको छ ।[१६२] शर्माले सैद्धान्तिक एवम् व्यावहारिक दुवै प्रकारका समालोचना लेख्दै आएका छन् । उनको विशेष प्रसिद्धि शैलीवैज्ञानिक समालोचकका रूपमा रहेको छ । साहित्यलाई भाषिक कला र साहित्यिक कृतिलाई कलात्मक भाषिक प्रतीक मानेर त्यसको बौद्धिक किसिमले विश्लेषण र मूल्याङ्कन गर्ने शर्माका समालोचना वस्तुवादी छन् र अभिव्यक्तिका दृष्टिले निकै कसिला छन् ।[१६३] नेपाली समालोचनामा शैलीवज्ञानको आरम्भले नौलो मोड प्रदान गरेको देखिन्छ ।

शैलीवैज्ञानिक समालोचनातर्फ समेत राम्रो दख्खल भएका अभि सुवेदी (२००२) नयाँ दृष्टि भएका आलोचकका रूपमा सुपरिचित छन् । यिनका **पाश्चात्य काव्यसिद्धान्त र सिर्जना र मूल्याङ्कन** (२०३४) गरी दुई पुस्तक रहेका छन् । यसै चरणमा **विषय गहन सतह चिन्तन** (२०३८), **दाडिमको रुखनेर** (२०३०), **स्रष्टा सृष्टि द्रष्टा दृष्टि** (२०४३), **केही समीक्षण केही विश्लेषण** (२०४९), **सृजन विधाका परिधिमा पारिजात** (२०५३), **सृजन विधाका परिधिमा ध्रुवचन्द्र गौतम** (२०५३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०५३), **सिर्जनात्मक लेखनः सिद्धान्त र विश्लेषण** (२०५७) , **नेपाली समालोचना परम्परा र प्रवृत्ति** (२०६१) जस्ता कृति लिएर राजेन्द्र सुवेदी देखापर्दछन् । घनश्याम कँडेल (२००२) मा तार्किक परिपुष्टिका साथ विषयको प्रतिपादन गर्ने प्रवृत्ति र क्षमता पाइन्छ । यिनका खोजपूर्ण र विश्लेषणात्मक लेखहरू **केही अन्वेषणः केही विश्लेषण** (२०४०) नामक आलोचना सङ्ग्रहमा समाविष्ट छन् ।[१६४] यस्तै ठाकुरप्रसाद पराजुलीका आलोचनात्मक लेखहरू नेपाली साहित्यको परिक्रमा (२०४५) नामक पुस्तकमा सङ्कलित छन् । यस्तै समालोचक गोपीकृष्ण शर्माका **नेपाली निबन्ध परिचय** (२०४०) **अवलोकन र विवेचना** (२०४४), **संस्कृत साहित्यको रूपरेखा** (२०५३) जस्ता कृति प्रकाशित छन् । यस चरणमा देखापर्ने अर्का समालोचक निनु चापागाईं हुन् । उनका समालोचनात्मक कृतिहरू यस प्रकार छन् : **यथार्थवादी रचना दृष्टि र विवेचना** (२०५१) **मार्क्सवादी चिन्तन र सौन्दर्य** (२०५५), **सन्दर्भ, संस्कृति रूपान्तरण** (२०५९), **प्रतिनिधि नेपाली कथा** (२०४४) **पारिजात स्मृति ग्रन्थ** (२०५२) यिनका सहसम्पादनमा प्रकाशित भएका कृतिहरू हुन् । यिनका अतिरिक्त गैरसाहित्यिक क्षेत्रका कृतिहरू पनि यिनीबाट सम्पादित छन् ।[१६५] रविलाल अधिकारी **नेपाली समालोचनाको रूपरेखा** (२०५१), **छेलिएका छविहरू** (२०५४) जस्ता प्रगतिवादी नेपाली समालोचना लिएर देखापर्दछन् । ऋषिराज बरालको **प्रगतिवाद र उत्तरआधुनिकतावाद** (२०५२), **उपन्यासको सौन्दर्यशास्त्र** (२०५६) जस्ता कृति तयार गर्ने समालोचक हुन् ।

देवीप्रसाद गौतम **प्रगतिवाद परम्परा र मान्यता** (२०४९) लिएर देखापरेका छन् । त्यस्तै यसै चरणमा खगेन्द्रप्रसाद लुइटेलका (१) **शोधविधि** (२०५२) , (२) **ध्वनिविज्ञान र**

---

[१६२] ऐजन ।

[१६३] घनश्याम कँडेल, **नेपाली समालोचना,** पूर्ववत्, पृ. त ।

[१६४] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत् , पृ १८९ ।

[१६५] ऐजन ।

**वर्णविज्ञान** (२०५३), (३) **नेपाली कविता** (२०५४), (४) **नेपाली एकाङ्की** (२०५४), (५) **नेपाली कवि र कविता** (२०५४), (६) **नेपाली निबन्ध** (२०५४), (७) **नेपाली कविता र आख्यान** (२०५५), (८) **नेपाली गद्य र भाषासाहित्य** (२०५५), (९) **नेपाली गद्य भाषासाहित्य र इतिहास** (२०५५), (१०) **नेपाली कविता नाटक र इतिहास** (२०५६), यसै चरणमा देखापरकी लीला लुइटेलको, खगेन्द्रप्रसाद लुइटेलसँगको सहलेखनमा प्रकाशित **नेपाली प्रकृति प्रत्यय कोश** (२०५३) निकै महत्वपूर्ण रहेको छ । **नेपाली कविता** (२०५४, सह) **नेपाली कवि र कविता** (सह २०५३) जस्ता पुस्तकमा समालोचक व्यक्तित्व देखिएकी छन् ।[१६६] **नेपाली महिला कथाकार** (२०६०) विशुद्ध नारीवादी समालोचनामा आधारित भई लेखिएको महत्त्वपूर्ण कृति मानिन्छ । यिनी नारीवादी समालोचनाकी प्रखर हस्ती हुन् ।

नेपालीमा शैलीवैज्ञानिक समालोचना पद्धतिका शुभारम्भ कर्ता मोहनराज शर्मा समकालीन समालोचना पद्धतिका शुभारम्भ कर्ता पनि हुन् । **समकालीन समालोचना सिद्धान्त र प्रयोग** (२०५५) पुस्तकमा जम्मा जम्मी बाइस अध्याय छन् । यी अध्यायहरूमा विभिन्न विधा र सिद्धान्तमा आधारित भई लेखिएका समकालीन समालोचनाका उत्कृष्ट नमुना हुन् ।

यस चरणमा शैलीवैज्ञानिक, वस्तुवादी, भाषावादी, नारीवादी, समकालीन समालोचना सिद्धान्त, प्रगतिवादी, मार्क्सवादी समालोचना लेखिएका छन् । यस चरणको मूलभूत प्रवृत्ति कृतिको कृतिपरक मूल्याङ्कन गर्ने, लेखनमा सूक्ष्म र गहिराइयुक्त विश्लेषण र विवेचना गर्ने शैलीवैज्ञानिक समकालीन समालोचना र नारीवादी समालोचना लेख्ने प्रवृत्रि यस चरणमा देखिन्छ ।

## ४.५ चौथो चरण : (२०५७ देखि हालसम्म)

२०५७ देखि यताको समयलाई नेपाली समालोचनाको चौथो चरण मान्न उपयुक्त देखिन्छ । डा. खगेन्द्रप्रसाद लुइटेलले संरचनावादी समालोचना पद्धतिको शुभारम्भ गरेका छन् । उनी नेपाली समालोचना क्षेत्रका प्रखर हस्ती हुन् । **आशिष कविताको संरचनावादी विश्लेषण लेख** यस क्षेत्रको पहिलो लेख हो ।[१६७] उनको (१) **कविताको संरचनात्मक विश्लेषण** (अप्रकाशित विद्यावारिधि, शोधप्रबन्ध, त्रि.वि. , २०५८) नेपाली समालोचनाका क्षेत्रमा कोसेढुङ्गो सावित भएको छ । (२) **आधुनिक नेपाली समालोचना** (२०५७) (३) **कोशविज्ञान** (२०५८) (४) **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०), **पूर्वीय पाश्चात्य र साहित्यसिद्धान्त** (सह २०६१) र **लोकवार्ताविज्ञान र लोक साहित्य** (सह २०६३) आदि कृति रहेका छन् ।

यसरी डा. खगेन्द्र प्रसाद लुइटेलले संरचनावादी समालोचनापद्धतिलाई अझै विस्तार र विकसित गराउदैँ लगेका छन् ।

---

[१६६] ऐजन ।

[१६७] डा. खगेन्द्रप्रसाद लुइटेल, **आशिष कविताको संरचनावादी विशेषण**, **जुही**, पूर्ववत्, पृ. ८१ ।

यसै चरणमा देवी सुवेदी **अभिव्यक्ति र विश्लेषण** (२०५८), **महान् विभूति बालकृष्ण सम** (२०५९) जस्ता पुस्तकाकार कृतिका अतिरिक्त फुटकर समालोचना पनि प्रकाशित भएका छन् । उनका रचनामा प्रभावपरक समालोचना चिन्तन प्रकट भएको पाइन्छ ।[१६८] जीवेन्द्रदेव गिरी प्रगतिशील विचारलाई अँगालेर समालोचना गर्ने व्यक्ति हुन् ।

नेपाली समालोचनाको पछिल्लो चरणमा कृष्णहरि बरालको **कवि भूपि विश्लेषण र मूल्याङ्कन** (२०५७), नरेन्द्रराज प्रसाईंको **नेपाली साहित्यका समालोचक र समालोचना** (२०५७) र **पारिजातको जीवनकथा** (२०५७) जयप्रसाद ढकालको **आधुनिक नेपाली समालोचना** (२०५७) , बलदेव उपाध्यायको **नेपाली साहित्यमा दैलेखको योगदान** (२०५०) सुकुम शर्मा, गोकुल जोशीका **सङ्कलित रचनाहरू** (२०५९), **कवि इच्छुक कविताका सन्दर्भमा** (२०६०) लिएर देखिएका छन् । यी बाहेक अहिले अरु थुप्रै समालोचकहरू क्रियाशिल छन् यसै चरणमा संरचनावादी, प्रभाववादी, प्रगतिवादी समालोचना लेखिएको पाइन्छ । यो चरण मात्रात्मक र गुणात्मक दुवै दृष्टिले उर्वर देखिन्छ । मूलरूपमा संरचनावादी समालोचनाको आरम्भ हुनु यस चरणको मूलभूत प्रवृत्ति हो । समालोचनाको विकासको चौथो चरणमा यस पद्दतिले झ्याङ्गिने मौका पाएको हुँदा यसले विशालरूप लिदैं आएको छ ।

माथि चार चरणमा प्रस्तुत नेपाली समालोचनाको विभाजन प्रक्रियालाई मूल प्रवृत्तिका आधारमा सैद्धान्तिक, प्रभाववादी, ऐतिहासिक, मनोविश्लेषणात्मक, समकालीन शैलीवैज्ञानिक, प्रगतिवादी, नारीवादी, संरचनावादी समालोचनालाई नौ भागमा भागमा विभाजन गरी त्यसवर्गमा पर्ने समालोचक र तिनका समालोचनात्मक विवरण प्रस्तुत गरिएको छ । अन्त्यमा प्रत्येक वर्गमा पर्ने प्रमुख कृतिको विश्लेषण गरिएको छ ।

## ४.६ प्रभाववादी समालोचन

नेपालीका अधिकांश समालोचकहरू प्रभाववादी छन्, हाल प्राध्यापकीय समालोचनाका नामले बढी प्रचलित समालोचना यसै कित्तामा पर्दछ ।[१६९] नेपाली समालोचनामा मोतीराम भट्टबाट थालिएको यस कित्तामा पर्ने प्रमुख समालोचक र तिनका केही समालोचनात्मक कृतिहरू यसप्रकार छन्

| **समालोचक** | **समालोचनात्मक कृति** |
|---|---|
| मोतीराम भट्ट | **कवि भानुभक्ताचार्यको जीवन चरित्र (१९४८)** |
| सूर्यविक्रम ज्ञवाली | **कथाकुसुमको भूमिका (१९९५)** |
| कृष्णचन्द्रसिंह प्रधान | **कवि व्यथित र काव्यसाधना (२०२१)** |
| तीर्थराम झा | **जुनेलीको प्रकाशमा कविव्यथित (२०२१)** |

---

[१६८] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. २९६ ।

[१६९] खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना,** पूर्ववत्, पृ. २०९ ।

| | |
|---|---|
| रत्नध्वज जोशी | **आधुनिक नेपाली साहित्यको झलक** (२०२१) |
| माधवलाल कर्माचार्य | **आलोचना साहित्य** (२०२२) |
| रामकृष्ण शर्मा | **सप्त शारदीय** (२०२४) |
| | **दश गोर्खा** (२०२६) |
| | **टेवुल गफः नौ वैठक** (२०२७) |
| वासु रिमाल यात्री | **विश्वका महान् व्यक्तिहरू** (२०२६) |
| तारानाथ शर्मा | **भानुभक्तदेखि तेस्रो आयामसम्म** (२०२७) |
| | **सम र समका कृति** (२०२९) |
| | **सुम्पन ल्याएँ** (२०४४) |
| इन्द्रवहादुर राई | **नेपाली उपन्यासका आधारहरु** (२०३१) |
| राममणि रिसाल | **नेपाली काव्य र कवि** (२०३१) |
| रामलाल अधिकारी | **नेपाली निबन्ध यात्रा** (२०३२) |
| घटराज भट्टराई | **भीमनिधि व्यक्ति र कृति** (२०३२) |
| | **रिमाल व्यक्ति र कृति** (२०३२) |
| | **तरुण तपसीको पुनर्मूल्याङ्कन** (२०३४) |
| | **विचार र व्याख्या** (२०४०) |
| | **समको दुःखान्त नाट्य चेतना** (२०४५) |
| | **पाश्चात्य दुःखान्त नाटकको सृजन परम्परा** (२०५५) |
| दयाराम श्रेष्ट 'सम्भव' | **नेपाली साहित्यका केही पृष्ठ** (२०३२) |
| नरहरि आचार्य | **नेपाली साहित्यमा सोमनाथ सिग्द्यालको योगदान** (२०३३) |
| कुमारबहादुर जोशी | **विकीर्ण चिन्तन** (२०३३) **देवकोटाका प्रमुख कविता कृतिको कालक्रमिक विवेचना** (२०४८) |
| चूडामणि बन्धु | **देवकोटा** (२०३६) |
| राजनारायण प्रधान | **केही कृति, केही स्मृति** (२०३६) |
| कृष्ण गौतम | **देवकोटाको प्रबन्ध काव्य** ( २०३८) |
| टङ्कप्रसाद न्यौपाने | **साहित्यको रूपरेखा** (२०३८) |
| राजेन्द्र सुवेदी | **विषय गहन : सतह चिन्तन** (२०३८) |

| | |
|---|---|
| | **समवर्ती साहित्यकारहरू र झपटबहादुर राणा** (२०४८) |
| | **सृजनविधाका परिधिमा पारिजात** (२०५३) |
| भीमकान्त उपाध्याय | **आँखीझ्यालबाट हेर्दा** (२०४०) |
| घनश्याम कँडेल | **केही अन्वेषण: केही विश्लेषण** (२०४०) |
| प्रतापचन्द्र प्रधान | **नेपाली उपन्यासः पृष्ठभूमि र परम्परा** (२०४०) |
| मोहन सिटौला | **केही सिर्जना केही विवेचना** (२०४२) |
| दधिराम सुवेदी | **मातृकाका कथा र उनको कथाशिल्प** (२०४४) |
| गार्गी शर्मा | **चाँदनी शाहको काव्यभूमि** (२०४४ ) |
| ठाकुरप्रसाद पराजुली | **नेपाली साहित्यको परिक्रमा** (२०४५) |
| वासुदेव त्रिपाठी | **साहित्यकार झपटको जीवनीको एक झलक** (२०४५) |
| गणेशबहादुर प्रसाईँ | **नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा** (२०४८) |
| गोविन्दराज भट्टराई | **काव्यिक आन्दोलनको परिचय** (२०४९) |
| नरेन्द्र चापागाईँ | **केही सिद्धान्त केही विश्लेषण** (२०५०) |
| रघु घिमिरे | **सिर्जना र दृष्टि** (२०५१) |
| हरिप्रसाद पराजुली | **कथाकार विश्वेश्वरप्रसाद कोइरालाको विश्लेषण** (२०५२) |
| लक्ष्मणप्रसाद गौतम | **नन्दनको काव्यिक परिवेश** (२०५२) |
| | **सान्दर्भिक समालोचना** (२०५७) |
| कृष्ण प्रधान | **समकालीन समालोचना** (२०५३) |
| वामदेव पहाडी | **विवेक मन्थन र समालोचना सङ्ग्रह** (२०५३) |
| हरिहर भट्टराई | **जगदीश शमशेरः सिद्धान्त र समीक्षा** (२०५४) |
| जयप्रसाद ढकाल | **आधुनिक नेपाली आलोचना** (२०५५) |
| कृष्णहरि बराल | **संदृष्टि** (२०५६) |
| **भूपति ढकाल 'कमल'** | **विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासको वैचारिक पक्ष** (२०५७) |

उपर्युक्त समालोचक र तिनका समालोचनात्मक कृतिलाई हेर्दा सूर्यविक्रम ज्ञवाली गुणग्राही र रामकृष्ण शर्मा तार्किक, निर्भीक र निर्णयात्मक पनि छन् ।[१७०] नेपाली

१७० ऐजन ।

समालोचनाका क्षेत्रमा यी सबै कृतिको आ-आफ्ना ठाउँमा विशेष उल्लेखनीय भूमिका हुँदाहुँदै पनि मोतीराम भट्टको **कवि भानुभक्ताचार्यको जीवन चरित्र** (१९४८) रत्नध्वज जोशीको **आधुनिक नेपाली साहित्यको झलक** (२०२१) विशेष उल्लेखनीय छन् । समालोचकका मनमा रचनाकारका बारेमा जस्तो प्रभाव पऱ्यो त्यसैलाई व्यक्त गर्नु नै प्रभाववादी समालोचनाको मूल प्रवृत्ति हो ।

मोतीराम भट्टको **कवि भानुभक्ताचार्यको जीवनचरित्र** (१९४८) मा भानुभक्ताचार्यको जीवन चरित्रबारे चर्चा गरिएको छ । यस ग्रन्थमा शीर्षक विभाजन नगरी नेपालीका आदि कविका रूपमा प्रसिद्ध भानुभक्तको जीवन, कवि व्यक्तित्व र कविताबारे जानकारी दिनाका साथै प्रारम्भिक रूपमा नै भए पनि आफ्ना श्रद्धेय कविका कवि व्यक्तित्वको केही विवेचना र मूल्याङ्कन गर्ने प्रयास गरिएको छ ।[१७] गजाधर सौतीको प्रसङ्गको चर्चा गरिएको छ । भानुभक्तले श्रृङ्गार रसमा कविता लेखेका छन् ; जस्तै :

यति दिन पछि मैले बालाजि देख्याँ

पृथिवीतल भरिमा स्वर्ग हो जानि लेख्याँ ।

यसमा भानुभक्तको जन्म रम्घाको बारेमा चर्चा गरिएको छ । यस संसारमा मानिस स्वतन्त्र रहनु जति आनन्द अरू केही नभएको भानुभक्तले बताएको कुरा उल्लेख गरिएको छ । यो प्रभाववादी समालोचनाको पहिलो महत्त्वपूर्ण कृति हो ।

कवि भानुभक्ताचार्यको जीवनचरित्रमा प्रभावपरक ढङ्गले समालोचना लेखिनु नै यस समालोचनाको मूल प्रवृत्ति हो ।

प्रभाववादी समालोचनाका क्षेत्रमा रत्नध्वज जोशीको **आधुनिक नेपाली साहित्यको झलक** (२०२१) अर्को महत्वपूर्ण कृति हो । यस पुस्तकको पहिलो शीर्षक 'पद्य खण्डमा' नेपाली भाषाको प्राचीनताको इतिहासको बारेमा उल्लेख गरिएको छ । दोस्रो शीर्षक 'राजीवलोचन' जोशी शीर्षक छ । यसमा विभिन्न कविको नाम उल्लेख गरिएको छ । 'आधुनिककाल' शीर्षकमा आधुनिक कालका कविको नाम उल्लेख गरिएको छ । 'आधुनिक युग' शीर्षकमा विभिन्न कविको नाम उल्लेख गरिएको छ । 'गद्य कविता' शीर्षकमा विभिन्न कविहरूको नाम उल्लेख गरिएको छ । 'कथा साहित्य' शीर्षकमा विभिन्न कविको नाम उल्लेख गरिएको छ ।

नेपाली साहित्यका पद्य र गद्य कविहरूको नाम उल्लेख गरी तिनको विस्तृत अध्ययन गर्नु नै यसको मूल प्रवृत्ति रहेको छ ।

यी बाहेक अन्य प्रभाववादी समालोचकहरूका कृतिमा यस्तै ढङ्गले वा सैद्धान्तिक ढङ्गले गर्न खोजे पनि प्रभाववादी झझल्को पाइन्छ ।

---

[१७] मोतीराम भट्ट, **कवि भानुभक्ताचार्यको जीवनचरित्र**, सम्पा. इन्द्रबहादुर राई, (सम्वत् १९४८), पृ. १२

## ४.७ सैद्धान्तिक समालोचना

सैद्धान्तिक समालोचना अन्तर्गत पर्ने नेपालीका प्रमुख समालोचक र तिनका समालोचनात्मक कृतिहरू यसप्रकार छन् :

| समालोचक | समालोचनात्मक कृति |
|---|---|
| कुलचन्द्र गौतम | **अलङकार चन्द्रोदय** (१९७५) |
| रत्नध्वज जोशी | **मानसालङ्कार** (००२) |
| यदुनाथ खनाल | **समालोचनाको सिद्धान्त** (२००३) |
| सोमनाथ सिग्द्याल | **साहित्य प्रदीप** (२०१६) |
| डिल्लीराम तिम्सिना र माधव भण्डारी, | **छन्द र अलङ्कार** (२०१८) |
| चूडानाथ भट्टराई | **कवि कविता र कविताको सिद्धान्त** (२०२८) |
| हेमाङ्गराज अधिकारी | **पूर्वीय समालोचनाको सिद्धान्त** (२०२८) |
| अभि सुवेदी | **पाश्चात्य काव्यसिद्धान्त** (२०३०) |
| केशवप्रसाद उपाध्याय | **साहित्य प्रकाश** ( २०३०) |
| | **पूर्वीय साहित्य सिद्धान्त** (२०३६) |
| वासुदेव त्रिपाठी | **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (२०३०) |
| गोविन्दप्रसाद भट्टराई | **पूर्वीयकाव्यसिद्धान्त** (२०३१) |
| लीलाप्रसाद शर्मा | **जर्जलुकासको साहित्यिक सिद्धान्त** (२०३१) |
| मोहनहिमांशु थापा | **साहित्य परिचय** (२०३६) |
| कुमार बहादुर जोशी | **पाश्चात्य साहित्यका केही प्रमुखवाद** (२०३८) |
| भानुभक्त पोखरेल | **सिद्धान्त र साहित्य** (२०४०) |
| घनश्याम कँडेल | **पाश्चात्य यथार्थवादी नाटक** (२०४६) |
| कृष्ण गौतम | **आधुनिक नेपाली आलोचना अनेक रूप अनेक पठन** (२०५०) |
| भरतराज पन्त | **नेपाली अलङ्कारको परिचय** (२०५६) |
| खगेन्द्रप्रसाद लुइटेल | **आधुनिक नेपाली समालोचना** (२०५७) |
| | **कोशविज्ञान** (२०५८) |

| | |
|---|---|
| | **कविताको सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) |
| लक्ष्मणप्रसाद गौतम | **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण** (२०६०) |
| गोविन्दराज भट्टराई | **आख्यान उत्तरआधुनिक पर्यायवलोकन** (२०६१) |
| | **पश्चिमी बलेसीका बाछिटा** (२०६१) |
| मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल | **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** (२०६१) |
| | **लोकवार्ताविज्ञान र लोकसाहित्य** (२०६३) |

उपर्युक्त समालोचक र तिनका समालोचनात्मक कृतिहरूमध्ये यदुनाथ खनालको **समालोचनाको सिद्धान्त** (२००३) र **पूर्वीय साहित्य सिद्धान्तबाट प्रभावित, साहित्य प्रदीप** (२०१६) विशेष उल्लेखनीय छन् । यी दुबैमा आधारित मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** (२०६१) र **लोकवार्ताविज्ञान र लोकसाहित्य** (२०६३) महत्त्वपूर्ण मानिन्छ ।

यदुनाथ खनालको **समालोचनाको सिद्धान्त** (२००३) पाश्चात्य साहित्य सिद्धान्तबाट प्रभावित कृति महत्त्वपूर्ण मानिन्छ । पहिलो शीर्षक 'समालोचनाको ऐतिहासिक दिग्दर्शन' हो । यसमा 'काव्यको लक्षण' भनेर काव्यको दोस्रो शीर्षक छ । यसमा संस्कृत साहित्यका प्रतिष्ठित समालोचकले उपमा, यमकादि अलङ्कारले सुसज्जित ग्राम्यता, अश्लीलादि दोषरहित , करुणादि रसात्मक वाक्यलाई काव्य भनेको कुरा उल्लेख गरेका छन् ।

अर्को शीर्षक 'कला कलाको लागि' संस्कृत साहित्यका समालोचकले काव्यलाई दर्शनशास्त्र जस्तै उपदेशको अङ्ग सम्झेका छन् । यसमा काव्यभेद अत्यन्त व्यक्तिगत हुने भएकाले यसका भेद छुट्याउन गाह्रो भएको कुरा उल्लेख गरिएको छ । यस्तै अर्को शीर्षकमा 'चरित्रवर्णन ' रहेको छ । यसमा पात्रमा भन्दा घटनामा जोड दिइएको छ । अर्को शीर्षक 'हास्य रस' रहेको छ । यसमा हास्यरसको बारेमा उल्लेख गरिएको छ । अर्को शीर्षक 'कविको नबुझिने हुन कति हक छ ' यसमा कविताको स्वरूप र कविको विचारलाई कवितामा उल्लेख गरिएको छ ।

यस समालोचनाले नेपाली समालोचनाका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको छ । संस्कृत र अंग्रेजीका समान विद्वान्को सार झिकेर तयार पार्नु नै यस समालोचनात्मक ग्रन्थको मूल प्रवृत्ति हो ।

सोमनाथ सिग्द्यालको **साहित्यप्रदीप** ( २०१६) पूर्वीय साहित्य सिद्धान्तबाट प्रभावित छ । यसमा पूर्वभाग र उत्तरभाग गरी दुई भागमा विभाजन गरिएको छ । प्रथम प्रकाशमा

'शब्द' भन्ने पहिलो शीर्षक राखिएको छ । यसमा विभिन्न उपशीर्षक राखी साहित्यको चर्चा गरिएको छ ।

द्वितीय प्रकाशमा 'साहित्यको उत्थान' शीर्षक छ । यसमा विभिन्न उपशीर्षक राखी रस, वक्रोक्ति, औचित्य, ध्वनि, रस प्रधान्यवाद, विहङ्गम दृष्टि आदिको बारेमा विस्तृत चर्चा गरी अन्त्यमा निष्कर्ष निकालिएको छ । 'कवि' भनेर राखिएको अर्को शीर्षकमा वाल्मीकि, कालिदास, व्यास, अश्वघोष , भर्तृमेण्ठ, भारवि, दण्डी आदि विभिन्न कविको चर्चा गरिएको छ ।

तृतीय प्रकाशमा 'काव्य' शीर्षक छ । यसको उपशीर्षकमा प्रयोजन, कारण, भाषा उक्ति, काव्यको लक्षण श्रव्यकाव्य, महाकाव्य, खण्डकाव्य आदिको चर्चा गरिएको छ । पूर्वभागको अन्तिम शीर्षकमा 'पद्य गद्य रूपक' छ । दृश्यकाव्य, नाट्यविधाको उद्गम संयोगान्त र वियोगान्त नाट्य रूपकका भेद र नाटकका भेदको विस्तृत रूपमा चर्चा गरिएको छ ।

उत्तर भागको चौथो प्रकाशभित्र 'रसमा मतविशेष' शीर्षक छ । यसमा भट्टलोल्लट, श्रीशङ्कुक, भट्टनायक , अभिनवगुप्त, रसको भेद, ध्वनिको भेद, गुणीभूत व्यङ्ग्य र व्यञ्जनाको आवश्यकताका बारेमा विस्तृत चर्चा गरिएको छ ।

पञ्चम प्रकाशको शीर्षकमा 'काव्यपुरुष' छ । यसमा पद, अंश, वाक्य, दोष, गुण, रीति, शब्दालङ्कार र अर्थालङ्कारको विस्तृत रूपमा चर्चा गरिएको छ ।

साहित्यमा आफ्नै भाषाको माध्यमद्वारा साहित्यको सिद्धान्तपक्षको ज्ञान आर्जित गराउनु नै यस समालोचनाको मूलभूत प्रवृत्ति हो । यसरी सोमनाथ शर्माले यस ग्रन्थ मार्फत पूर्वीय साहित्यशास्त्रको क्षेत्रमा अतुलनीय योगदान दिएका छन् ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** (२०६१) पूर्वीय र पाश्चात्य दुबैमा आधारित कृति महत्वपूर्ण छ । यो पुस्तक पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त गरी मुख्य दुई भागमा विभाजित छ । पूर्वीयमा 'काव्य परिभाषा' भनेर पहिलो शीर्षक राखिएको छ । काव्यशब्दको चर्चा गर्दै, विभिन्न विद्वान्ले दिएको काव्य परिभाषा उल्लेख गरी अन्त्यमा निष्कर्ष निकालिएको छ ।

यसैगरी काव्य हेतु, काव्य प्रयोजन, शब्दशक्ति, काव्यगुण, काव्यदोष, रससम्प्रदाय, अलङ्कार सम्प्रदाय, रीति सम्प्रादय, वक्रोक्ति सम्प्रदाय आदि सबैलाई विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरिएको छ । सबैको वस्तुगत ढङ्गले विश्लेषण गरी अन्त्यमा निष्कर्ष निकालिएको छ ।

यसैगरी पाश्चात्यमा वाद र प्रणाली गरी दुई भागमा विभाजन गरिएको छ । पाश्चात्य प्रणालीमा नीतिपरक, जीवनीपरक, समाजपरक, मनोविज्ञानपरक, आदिमतापरक रुपपरक, शैलीवैज्ञानिक, संरचनावादलाई शीर्षक उपशीर्षकमा विभाजन गरिएको छ । वस्तुगत ढङ्गले विस्तृत रुपमा विश्लेषण गरी अन्त्यमा निष्कर्ष निकालिएको छ । वाद अन्तर्गत परिष्कारवाद, स्वच्छन्दतावाद, यथार्थवाद, प्रकृतवाद, प्रभाववाद, प्रतीकवाद,

बिम्बवाद, घनत्ववाद, अतियथार्थवाद, अस्तित्ववादलाई विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरिएको छ । सरल ढङ्गले विश्लेषण गरी अन्त्यमा निष्कर्ष निकालिएको छ ।

उत्तरआधुनिकतावाद, विनिर्माणवाद, पाठकप्रतिक्रिया, समालोचना, नारीवादी समालोचना, उत्तरऔपनिवेशिक समालोचनालाई सैद्धान्तिक ढङ्गले प्रस्तुत गरिएको छ । नेपालीमा अन्य पुस्तकमा कहीँ पनि उल्लेख गरिएको पाइदैंन ।

सरल भाषामा सबैले बुझ्ने गरी प्रस्तुत गर्नु यस समालोचनाको मूल प्रवृत्ति हो । यसरी मोहनराज शर्मा र डा. खगेन्द्रप्रसाद लुइटेलले पूर्वीय र पाश्चात्य समालोचनाका क्षेत्रमा अतुलनीय योगदान दिएका छन् । नेपाली समालोचना फाँटमा आकारगत र गुणात्मक दुबै कोणबाट यस कृतिले नौलो र विशिष्ट कीर्तिमान कायम गरेको स्पष्ट देखिन्छ ।

प्रा.मोहनराज शर्मा र डा. खगेन्द्रप्रसाद लुइटेलको **लोकवार्ताविज्ञान र लोकसाहित्य** (२०६३) सैद्धान्तिक समालोचनाका क्षेत्रमा महत्त्वपूर्ण छ । प्रस्तुत पुस्तकलाई चार खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा 'लोकवार्ता र लोकवार्ताविज्ञान' को शीर्षकमा परिचय, परिभाषा, लोकवार्ताविज्ञानको ज्ञानका अन्य शाखासँग सम्बन्ध, उल्लेख गरिएको छ । त्यसैगरी 'लोकसाहित्य', 'लोकसाहित्य र शिष्टसाहित्यसँगको सम्बन्ध' शीर्षक छन् । यिनलाई विभिन्न उप उपशीर्षकमा विभाजन गरी अन्त्यमा निष्कर्ष निकालिएको छ ।

दोस्रो खण्डमा 'लोकसाहित्यको अध्ययन अनुसन्धान प्रक्रियाको परिचय' 'सामग्रीसङ्कलन पद्धति', 'सामग्री सङ्कलनको क्षेत्रीय अध्ययन पद्धति', 'सामग्री अध्ययन' 'लोकसाहित्यको अध्ययन अनुसन्धान पद्धति' जस्ता विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरी सैद्धान्तिक ढङ्गले विश्लेषण गरिएको छ र अन्त्यमा निष्कर्ष निकालिएको छ ।

तेस्रो खण्डमा 'लोकसाहित्यको विधागत वर्गीकरण' परिचय, विधा वर्गीकरणका आधार' लोकसाहित्यको अभिप्रायको परिचयलाई विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरी अन्त्यमा निष्कर्ष निकालिएको छ ।

चौथो खण्डमा, 'नेपाली लोकसाहित्यको अध्ययन अनुसन्धान परम्परा', 'लोकगीत', 'लोककविता', लोकगीत र लोकगाथामा समानता, लोकगाथाको वर्गीकरण, नेपाली लोकगाथाका प्रमुख प्रकारको परिचय, नेपालीका प्रमुख लोकगाथाहरूको विश्लेषण, 'लोककथाको वर्गीकरणका आधार र प्रकार', 'नेपालीका प्रमुख केही लोकथा', 'लोकनाटक', गाउँखाने कथा, उखान र टुक्कालाई शीर्षक उपशीर्षकमा विभाजन गरी अन्त्यमा निष्कर्ष निकालिएको छ ।

परिशिष्ट 'क' मा पारिभाषिक शब्दावली, नेपाली, अङ्ग्रेजी, परिशिष्ट 'ख' मा पारिभाषिक शब्दावली अङ्गेजी, नेपाली प्रस्तुत गरिएको छ । अन्त्यमा सन्दर्भग्रन्थसूची राखिएकोमा बढी वैज्ञानिक र वस्तुगत देखिने कुरा स्पष्टै छ ।

यसरी शर्मा र डा. लुइटेलले नेपाली साहित्यका क्षेत्रमा अतुलनीय योगदान दिएका छन् । लोकसाहित्यका सबै विधाको सहज ढङ्गले भावबोध गराउनु नै यस कृतिको मूल प्रवृत्ति हो ।

यस पुस्तकका सन्दर्भमा अन्नपूर्णपोष्ट समाचारदाताका अनुसार नेपाली साहित्यको लोकसाहित्यिक पाटोका बारेमा जानकारी लिन चाहने जो कोहीलाई पनि उपयोगी हुने देखिन्छ ।[१७२] साप्ताहिक चितवन समाचारदाताका अनुसार प्रा. मोहनराज शर्मा र डा. खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **लोकवार्ताविज्ञान र नेपाली लोकसाहित्य** शीर्षकको यो ग्रन्थ यस सम्बन्धमा लेखिएको पहिलो, आधिकारिक र मानक ग्रन्थ समेत भएको कुरा[ज्ञठघ] उल्लेख गरिएको छ । **कान्तिपुर** दैनिकीमा डा. गोविन्दराज भट्टराई लेख्छन् - यो कृति नेपाली वाङ्मयमा पहिलो उपहार हो । वर्षौंको खोज र अनुसन्धानको परिणामस्वरूप आएको यो कृतिभित्र अत्यन्तै वस्तुनिष्ट र वैज्ञानिक आधार प्रस्तुत गरिएका छन् । लोकवार्ताविज्ञानलाई परिभाषित गर्ने र पाठकलाई त्यसको महत्त्व बुझाउने कृति निस्केको थिएन । यसमा लोकसाहित्यलाई हेर्ने, वर्गीकरण गर्ने, अध्ययन गर्ने अत्यन्तै वैज्ञानिक पाश्चात्य जगत्मा प्रमाणित भएका खारिएका, आधार र पुष्ट्याइँहरू छन् । हाम्रो देशमा विशाल लोकभण्डार विद्यमान छ । त्यसको नमुना लोकजीवनसँग सर्दै आएका छन् । कति विलाउँदै जाँदैछन् - तिनीहरूलाई समेट्ने, तिनीहरूको महत्त्व बुझाउने, प्रवेश गराउने र संरक्षणमा सहयोग पुऱ्याउने यो पहिलो कृति हो ।[१७४] **देशान्तर साप्ताहिकमा** रामबहादुर बोगटी लेख्छन्- लोकसाहित्यको सैद्धान्तिक तथा व्यावहारिक पक्षको समग्र रूपरेखा प्रस्तुत गरिएको यो पुस्तक नेपाली लोकसाहित्यका क्षेत्रमा गहन खोज तथा वैज्ञानिक चिन्तनमा आधारित पुस्तक हो ।[१७५] **लुम्बिनी** दैनिकीमा राजु भुसाल लेख्छन्- लोकसाहित्य सम्बन्धी व्यापक विस्तृत वैज्ञानिक तरिकाले निर्माण गरिएको प्रस्तुत पुस्तक नेपाली लोकसाहित्य परम्पराको महत्त्वपूर्ण ग्रन्थ हो । लोकसाहित्य सम्बन्धी, वास्तविक ज्ञान दिने सुगम तरिकाले, विषयबोध गराउने तरिकाले निर्माण गरिएको प्रस्तुत पुस्तकमा, सटिक परिभाषा, पर्याप्त उदाहरण, विविध कोणबाट उपयुक्त विश्लेषण, प्रामाणिक तथ्याङ्क, सरल व्याख्या, वस्तुवादी विवेचना, नवीनतम सूचना पाइन्छ ।[१७६]

यी बाहेक अन्य सैद्धान्तिक समालोचकका कृतिमा यस्तै ढङ्गले वा ऐतिहासिक ढङ्गले गर्न खोजे पनि सैद्धान्तिक समालोचनाको झझल्को पाइन्छ ।

---

[१७२] समीक्षक, अन्नपूर्णपोष्ट समाचारदाता, उपयोगीकृति, **अन्नपूर्णपोष्ट,** (२०६३ भदौ १७) , पृ. ७ ।

[१७३] सा. चि. समाचारदाता, **लोकसाहित्यको आधिकारिक ग्रन्थ प्रकाशित**, (२०६३, भाद्र १८), पृ. ३ ।

[१७४] गोविन्दराज भट्टराई, लोकवार्ता साहित्य र जीवन, **कान्तिपुर,** (२०६३, असोज १), पृ. ४ ।

[१७५] रामबहादुर बोगटी, लोकसाहित्यमा गतिलो अनुसन्धान, **देशान्तर साप्ताहिक**, (२०६३ असोज १), पृ. ४ ।

[१७६] राजु भुसाल , लोकसाहित्यको मानकग्रन्थ, **लुम्बिनी दैनिकी**, (२०६३ मङ्सिर १), पृ. २ ।

## ४.८ ऐतिहासिक समालोचना

नेपाली समालोचनामा यस पद्धतिको प्रारम्भ बाबुराम आचार्यको **पुराना कवि र कविता** (२००३) बाट भएको हो । ऐतिहासिक समालोचना अन्तर्गत पर्ने नेपालीका प्रमुख समालोचक र तिनका केही समालोचनात्मक कृतिहरू यसप्रकार छन् :

| समालोचक | समालोचनात्मक कृति |
|---|---|
| बाबुराम आचार्य | **पुराना कवि र कविता** (२००३) |
| ईश्वर बराल | **भ्यालबाट** (२००६) |
| | **वसन्त शर्मा र रघुनाथ-पोखर्‍याल** (२०११) |
| | **हिमालचुली** (२०१२) |
| | **सयपत्री** (२०१३) |
| | **सुवानन्ददेखि शम्भुप्रसादसम्म** (२०५५) |
| बालचन्द्र शर्मा | **भानुभक्त** (२०१४) |
| | **नेपाली साहित्यको इतिहास** (२०३९) |
| कमल दीक्षित | **यस्तो पनि** (२०१४) |
| | **कालो अक्षर** (२०१७) |
| यज्ञराज सत्याल | **नेपाली साहित्यको भूमिका** (२०१७) |
| डिल्लीराम तिमसिना र माधव भण्डारी | **हाम्रो साहित्य र साहित्यकार** (२०१८) |
| बालकृष्ण पोखरेल | **नेपाली भाषा र साहित्य** (२०२१) |
| चूडामणि बन्धु | **साझा कविता** (२०२४) |
| कृष्णचन्द्रसिंह प्रधान | **साझा समालोचना** (२०२५) |
| | **नेपाली उपन्यास र उपन्यासकार** (२०३७) |
| भैरव अर्याल | **साझा कथा** (२०२५) |
| | **साझा निबन्ध** (२०२५) |
| तारानाथ शर्मा | **नेपाली साहित्यको इतिहास** (२०२७) |
| | **पच्चीसवर्षका नेपाली निबन्ध** (२०३९) |
| | **समसामयिक साझा कविता** (२०४०) |
| केशवप्रसाद उपाध्याय | **प्राथमिककालीन कवि र काव्यप्रवृत्ति** (२०३२) |

| | |
|---|---|
| दयाराम श्रेष्ठ र मोहनराज शर्मा | **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०३४) |
| दयाराम श्रेष्ठ 'सम्भव' | **वीरकालीन कविता** (२०३४) |
| | **प्रारम्भिक कालको नेपाली साहित्य-इतिहास र परम्परा** (२०३८) |
| | **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ** (२०५९) |
| प्रतापचन्द्र प्रधान | **माध्यमिककालीन नेपाली कवितामा शृङ्गार** (२०३७) |
| शरद्चन्द्र शर्मा भट्टराई | **नेपाली साहित्यको इतिहास** (माध्यमिककाल, २०३७) |
| | **प्रारब्ध दर्पण** (२०४४) |
| | **बाबुराम आचार्य र उनका कविता** (२०४७) |
| | **जोगमण्डलीका कवि र कविता** (२०५०) |
| मोहनराज शर्मा र राजेन्द्र सुवेदी | **समसामयिक साझा कथा** (२०४१) |
| शिव प्रधान | **बृहत् समालोचना** (२०४५) |
| मोहनराज शर्मा | **नेपाली हास्यव्यङ्ग्य कविता** (२०४८) |
| घनश्याम नेपाल | **नेपाली साहित्यको परिचयात्मक-इतिहास** (२०४९) |
| लक्ष्मणप्रसाद गौतम | **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (२०५२) |
| राजेन्द्र सुवेदी | **नेपाली उपन्यासःपरम्परा र प्रवृत्ति** (२०५३) |
| | **नेपाली समालोचना परम्परा र प्रवृत्ति**(२०६१) |
| **गणेशबहादुर प्रसाईं** | **सुवानन्ददेखि-राजीवलोचनसम्म** (२०५५) |
| | **माध्यमिक काव्यसाहित्यको विवेचना** (२०६१) |
| घनश्याम कँडेल | **नेपाली समालोचना** (२०५५) |
| खगेन्द्रप्रसाद लुइटेल | **कविता सिद्धान्त र नेपाली कविताको** |

इतिहास (२०६०)

लीला लुइटेल नेपाली महिला कथाकार (२०६०)

उपर्युक्त कृतिहरूका आधारमा नेपालीमा ऐतिहासिक समालोचना पद्धति उर्वर रहेको देखिन्छ । यिनमा तुलनात्मक पद्धतिको समेत अनुसरण गर्ने बाबुराम आचार्य र ईश्वर बरालका कृतिहरू विशेष उल्लेखनीय छन् । नेपाली समालोचना परम्परामा पछिल्ला चरणका समालोचकहरूले यसमा कलम चलाइरहेका छन् । समकालीन इतिहास र युग प्रवृत्तिको अध्ययन विना कुनै पनि कृतिको मूल्याङ्कन हुन सक्दैन भन्ने यस समालोचना पद्धतिको मूल प्रवृत्ति रहेको छ ।

उपर्युक्त सम्पूर्ण समालोचक र तिनका कृतिहरूको आ-आफ्ना ठाउँमा महत्त्वपूर्ण भूमिका हुदाँ हुदैँ पनि समग्रमा साहित्यको इतिहास अन्तर्गत दयाराम श्रेष्ठ 'सम्भव' र मोहनराज शर्माको **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०३४) महत्त्वपूर्ण कृति मानिन्छ । विधागत इतिहासका दृष्टिकोणबाट कृष्णचन्द्रसिंह प्रधानको **नेपाली उपन्यास र उपन्यासकार** (२०३७), उपन्यास क्षेत्रमा महत्त्वपूर्ण कृति मानिन्छ भने कविताका क्षेत्रमा डा. खगेन्द्रप्रसाद लुइटेलको **कवितासिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) विशेष उल्लेखनीय छ ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माको **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०३४) समालोचनात्मक कृति हो । यस कृतिमा पृष्ठभूमि खण्ड, विधागतखण्ड र परिशिष्ट खण्ड गरी तीन खण्ड छन् । प्रथम खण्डलाई पृष्ठभूमि खण्ड मानी द्वितीय खण्डमा नेपाली साहित्यका विभिन्न विधाको विधागत ऐतिहासिक चिनारी दिने काम गरिएको छ भने तृतीय खण्डलाई परिशिष्ट खण्डका रूपमा लिइएको छ ।

शर्माले 'नेपाली भाषा प्राचीन अभिलेख र ग्रन्थ' शीर्षक दिएर यस लेखमा नेपाली भाषाको आदिभुमि खुट्याउने प्रयास गर्दै प्राचीन अभिलेख र ग्रन्थहरूको संक्षिप्त रूपमा परिचय दिई ऐतिहासिक आधार, कालविभाजन विवरण, निष्कर्ष र प्रमुख सन्दर्भ ग्रन्थहरूको चर्चा गरिएको छ । 'नेपाली नाटक' शीर्षक अन्तर्गत, नेपाली नाटकको सैद्धान्तिक परिचय दिई, नेपाली नाटकको कालविभाजन गरी नाटककारसँग सम्बद्ध नाटककारहरूको र तिनका नाटकहरूको विवरण एवम् विशेषता दिइएको छ । त्यसैगरी 'नेपाली एकाङ्की' शीर्षकमा एकाङ्कीको संक्षिप्त परिचय दिइएको छ । 'नेपाली समालोचना' खण्डअन्तर्गत समालोचनाको सैद्धान्तिक परिचय दिई औचित्यसहित कालविभाजन गरी मुख्य मुख्य समालोचक र तिनका समालोचनात्मक कृतिहरूको विवरण दिइएको छ । त्यसैगरी परिशिष्ट खण्डमा 'नेपाली व्याकरणः इतिहास र सूची' शीर्षक दिएर नेपाली व्याकरणको इतिहास खोतलिएको छ । अन्त्यमा 'नेपालको जनसङ्ख्या २०४८' शीर्षक दिएर नेपालमा बोलिने विभिन्न भाषाहरूको विवरण दिइएको छ ।

विधागत इतिहासको प्रस्तुतिमा सबैतिर एकरूपता आउन सकोस भनेर एउटै ढाँचामा निर्धारित गर्नु नै यस पुस्तकको मूल प्रवृत्ति रहेको छ ।

कृष्णचन्द्र सिंह प्रधानको **नेपाली उपन्यास र उपन्यासकार** (२०३७) विधागत दृष्टिले उपन्यास क्षेत्रमा महत्त्वपूर्ण छ । यसमा खण्ड १ , खण्ड २ र खण्ड ३ गरी तीन भागमा विभाजन गरिएको छ । पहिलो खण्डमा चारवटा शीर्षक छन् । पहिलो शीर्षकमा 'उपन्यासको महत्त्व, त्यसको महत्त्व तथा परिभाषा' छ । यसलाई विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरिएको छ । दोस्रो शीर्षकमा 'उपन्यासको उत्पत्ति तथा विकास' छ यसलाई विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरिएको छ । तेस्रो शीर्षकमा 'प्रारम्भिक कालः अनुकरणात्मक प्रयोग' मा शीर्षक उपशीर्षकमा विभाजन गरी प्रारम्भिककालीन उपन्यासको अध्ययन गरिएको छ । अन्तिम शीर्षकमा 'आधुनिक नेपाली उपन्यासको विकास समाजिकतातर्फ प्रवेश' लाई शीर्षक उपशीर्षकमा विभाजन गरी यसमा औपन्यासिक स्वरूप तथा प्रवृत्तिको बारे चर्चा गरिएको छ ।

खण्ड दुईमा 'विभिन्नवाद र नेपाली उपन्यास' शीर्षक छ । यसमा यथार्थवादको स्वरूप, उपन्यासको यथार्थ, औपन्यासिक सत्य, आदर्शवाद र यथार्थवाद , यथार्थवाद र नेपाली उपन्यासलाई विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरी अन्त्यमा उपन्यासको विस्तृत विवेचना गरिएको छ । खण्ड तीनमा 'केही उपन्यास र उपन्यासकार' शीर्षक छ । यसमा प्रमुख उपन्यास र उपन्यासकारको नाम उल्लेख गरिएको छ । उपसंहार भागमा साहित्यिक विधाको रूपमा देखापरेका कृतिको उल्लेख गरिएको छ । परिशिष्ट भाग समेत समावेश गरिएको छ ।

मूलतः यो पुस्तक विश्लेषणात्मक र मूल्याङ्कनशील हुनु नै यसको मूल प्रवृत्ति रहेको छ ।

डा. खगेन्द्रप्रसाद लुइटेलको **कवितासिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) नेपाली कविताका क्षेत्रमा उल्लेखनीय कृति हो । कविता सिद्धान्त, नेपाली कविताको इतिहास, नेपालबाहिर नेपाली कविताको परिदृश्य गरी तीन भागमा विभाजन गरिएको छ । 'कविताको परिभाषा' शीर्षकमा पूर्वमा, पश्चिममा र नेपालीमा गरी तीन भागमा प्रस्तुत गरी अन्त्यमा निष्कर्ष निकालिएको छ । 'कविताको परम्परित वर्गीकरण' शीर्षकमा पूर्वीय साहित्यमा पश्चिमी साहित्यमा वर्गीकरण गरी अन्त्यमा निष्कर्ष निकालिएको छ । 'कविताको आधुनिक वर्गीकरण' मा विभिन्न शीर्षकहरू राखी अन्त्यमा निष्कर्ष निकालिएको छ । 'कविता संरचनाको पहिचान'लाई शीर्षक उपशीर्षकमा विभाजन गरी कवितासंरचनाको विस्तृत विश्लेषण वस्तुगत ढङ्गले गरिएको छ । 'कविताका संरचक घटकहरू'लाई विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरी सैद्धान्तिक ढङ्गले विश्लेषण गरी अन्त्यमा निष्कर्ष निकालिएको छ । नेपालीका अन्य पुस्तकमा यस किसिमको विश्लेषण गरिएको पाइदैंन ।

'नेपाली कविताको इतिहास'मा नेपाली साहित्यमा कालविभाजनका प्रयासहरू भनेर पहिलो शीर्षक राखिएको छ । यसलाई विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरी निष्कर्ष निकालिएको छ । 'नेपाली कविताको प्राथमिक काल' शीर्षकमा पूवार्ध चरण र उत्तरार्धचरणलाई उपउपशीर्षकमा विभाजन गरी, वस्तुगत ढङ्गले विश्लेषण गरी अन्त्यमा

निष्कर्ष निकालिएको छ । 'नेपाली कविताको माध्यमिक काल' मा विभिन्न धारा उपधारामा विभाजन गरी, वस्तुगत ढङ्गले विश्लेषण गरी अन्त्यमा निष्कर्ष निकालिएको छ । 'नेपाली कविताको आधुनिककाल' शीर्षकमा विभिन्न उपशीर्षकको सैद्धान्तिक ढङ्गले विश्लेषण गरिएको छ । स्वच्छन्दतावादी धारा, प्रयोगवादी धारा , समसामयिक धाराको विस्तृत चर्चा गरी अन्त्यमा निष्कर्ष निकालिएको छ ।

'नेपालबाहिर नेपाली कविताको परिदृश्य' मा नेपालबाहिर रहेका कविले दिएको योगदान र तिनका कृतिको नाम उल्लेख गरिएको छ । अन्त्यमा सन्दर्भग्रन्थसूची राखिएको छ । यो कृतिले नेपाली साहित्यका क्षेत्रमा विशिष्ट कीर्तिमान कायम गरेको स्पष्टै देखिन्छ ।

वस्तुवादी, भाषावादी र वैज्ञानिक ढङ्गले रचना हुनु नै यस ग्रन्थको मूल प्रवृत्ति हो ।

कविताका क्षेत्रमा डा. खगेन्द्रप्रसाद लुइटेलको **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) मा विधागत सिद्धान्त र इतिहासलाई समेटी नेपाली कविताको सिङ्गो इतिहास प्रस्तुत गरिएको छ । समालोचक डा. लुइटेलको यो पुस्तकले नलेखिएको कविताको इतिहासको कठिन ऐतिहासिक महत्त्व राख्ने निश्चित छ । कविताको इतिहासको बारेमा हालसम्म लेखिएका पुस्तकहरूमध्ये महत्त्वपूर्ण कृतिका रूपमा यो आएको छ ।[१७७] यो नेपाली कविताको सिङ्गो अध्ययन हो । यसमा प्रवृत्ति, सोचलाई साहसिक रूपमा व्यक्त गरेको र समालोचकीय परम्परालाई तोडिएको छ । यो अध्ययन वैज्ञानिक प्रकारको अध्ययन हो । यसमा खास गरेर कविताको संरचनालाई पहिल्याएर कविताको वर्गीकरण गर्ने र प्रवृत्तिका आधारमा प्रकार छुट्याउने नौलो प्रयास गरिएको छ ।[१७८] डा. लुइटेलको **कविताको सिद्धान्त र नेपाली कविताको इतिहास** "नेपाली कवितामा केन्द्रित पहिलो इतिहास तथा नेपाली काव्य जगत्का लागि प्रथम नवीन र विशिष्ट कृतिमा ... सम्पूर्णमा कवितासम्बन्धी प्रचलित दृष्टिकोणमा संशोधित गरी नयाँ रूपरेखा बसालिएको छ । खास गरेर आधुनिक कविताको पहिचान यथार्थवादी ढङ्गमा र समसामयिक कविताको विश्लेषण वास्तविक परिवेशमा गरिएको छ ।[१७९] दसौँ वर्षदेखिको अध्ययन अनुसन्धानमा संलग्न डा. लुइटेलको कठोर साधनाको एक गौरवपूर्ण प्रतिफल हो, प्रस्तुत ग्रन्थ विशिष्ट प्राप्ति हो ।[१८०] यो अत्यन्तै प्रामाणिक र नौलो सैद्धान्तिक पृष्ठभूमि हो । यस्तो व्यापक विषयवस्तुलाई समेटेर लेखिएको यो पहिलो ग्रन्थ हो ।[१८१] 'यो कृति कविता विधाको गहन दस्तावेज'[१८२] हो । 'कविता विधामा आधुनिक विस्फोट'[१८३] हो । डा. खगेन्द्रप्रसाद लुइटेलको यस पुस्तकलाई 'नेपाली काव्यको इन्साइक्लोपेडिया'[१८४] भनिएको छ । यस कृतिमा कविताको इतिहासलाई

---

१७७ अन्नपूर्ण समाचारदाता, कविता सिद्धान्तका क्षेत्रमा गहकिलो पुस्तक, (**अन्नपूर्णपोष्ट**, २०६१ वैशाख ५), पृ. ७ ।

१७८ नेपाली कविताको इतिहास एउटै पुस्तकमा, **हिमालय टाइम्स**, (२०६१, वैशाख १६), पृ. २ ।

१७९ रा.स. स. कवितासिद्धान्त र नेपाली कविताको इतिहास ग्रन्थ प्रकाशित, (**गोरखापत्र**, २०६१ वैशाख, १६), पृ. २ ।

१८० भरतकुमार भट्टराई, कविता सिद्धान्त र नेपाली कविताको इतिहास, **गोरखापत्र,** (२०६१ असार १२), पृ. ख ।

१८१ गोविन्दराज भट्टराई, कवितामाथि भिन्न हेराई, **कान्तिपुर,** (२०६१, जेठ १६), पृ घ ।

१८२ **बुधबार,** कविता विधाको गहन दस्तावेज, (२०६१ जेठ २०), पृ. ४ ।

१८३ माधवप्रसाद पाण्डेय, कविता विधामा आधुनिक विस्फोट, **स्पेसटाइम,** (२०६२ वैशाख १९), पृ. ६ ।

१८४ लक्ष्मणप्रसाद गौतम, कविता सिद्धान्त र नेपाली कविताको इतिहास, **गरिमा,** (वर्ष २२, अङ्क १२, २०६१ मङ्सिर), पृ. ६६ ।

तथ्यपरक, वैज्ञानिक, सामान्यीकृत तथा एकीकृत र सरल बनाइएको छ । यो ग्रन्थ नेपाली कविता इतिहास लेखनको एउटा महत्त्वपूर्ण, विशिष्ट फड्को हो र यसले नेपाली कविताका बारेमा आधिकारिक र प्रामाणिक ढङ्गले समग्र सूचनाप्रदान नेपाली कवि र कविताको स्थिति, प्रवृत्ति र दिशा निर्धारण समेत गर्दछ ।[१८५] यस समालोचनात्मक ग्रन्थको महत्त्व के मा छ भने "कालिक र धारणागत कविताको इतिहासलाई सकेसम्म तथ्यपरक वैज्ञानिक, सामान्यीकृत तथा एकीकृत र सरल बनाउने प्रयास भएको यो ग्रन्थ विधागत इतिहास लेखनको अद्वितीय र अतुलनीय कृति हो ... यस कुरामा हामी सबैले गर्व गर्नुपर्छ ।[१८६] यो ग्रन्थ एकातिर भएका सामग्रीहरूको कुशल व्यवस्थापन युक्त सङ्गठन पनि हो र अर्कातिर मौलिक र नवीन सिद्धान्तको प्रतिपादन व्याख्या र विश्लेषण पनि हो । कविता सिद्धान्त र नेपाली कविताको अथ इति थाहा पाउनका निम्ति एउटा आधार ग्रन्थ र गुरु ग्रन्थका रूपमा पनि यो कृति मूल्याङ्कित हुन्छ ।[१८७] 'यस कृतिमा विना भेदभाव तटस्थ निष्पक्ष भएर कविताको इतिहास लेखनको उद्घोष मात्र भएको छैन तदअनुरूप काम पनि भएको छ । यस कृतिमा सिद्धान्त छ, विश्लेषणको आधार छ र कविता पहिचान गर्ने संरचनावादी दृष्टिकोण छ । यसरी नै नेपाली साहित्यको कालविभाजनको मतभेदलाई सर्वेक्षणात्मक विश्लेषण गरेर नेपाली कविताको स्पष्ट कालविभाजन गरिएको छ ।' कालविभाजनबाट धेरै हदसम्म मतभेद निराकरण भई स्थिरीकरण हुने स्थिति यसमा देखिएको छ । अध्ययनलाई आधिकारिक र प्रामाणिक रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत पुस्तकका सन्दर्भमा 'उपकूलपतिको मन्तव्य' शीर्षकमा चर्चित एवम् प्रखर समालोचक डा. खगेन्द्रप्रसाद लुइटेलद्वारा तयार पारिएको प्रस्तुत शोधग्रन्थ नेपाली काव्यजगत्का लागि पहिलो, नवीन र विशिष्ट कृति हो । कवितालाई नै मुख्य विषयवस्तु बनाएर वस्तुवादी, भाषावादी ढङ्गले कविताको संरचनात्मक विश्लेषणमा विद्यावारिधि गरी कविता विधामा विशेषज्ञता हासिल गरेका संरचनावादी विद्वान् डा. लुइटेलद्वारा लेखिएको प्रस्तुत कृति यस विषयक्षेत्रको प्रथम आधिकारिक, मौलिक र प्रमाणिक ग्रन्थ हो । नेपाली कविताको इतिहासमा देखापरेका मत मतान्तरहरूलाई निराकरण गरी सैद्धान्तिक स्थिरीकरण गर्न सक्षम यो कृति नेपाली कविताको फाँटमा अति महत्त्वपूर्ण योगदान हुनेछ भन्ने कुरामा सन्देह छैन, भन्ने मोहन कोइरालाको अभिव्यक्ति तथा मन्तव्य शीर्षकमा "यस शोधग्रन्थमा कविताका सैद्धान्तिक पक्षको वस्तुगत विश्लेषण तथा नेपाली कविताको इतिहाससम्बन्धी सुरुदेखि अहिलेसम्मको खोजमूलक प्रस्तुति गरी आधुनिकतालाई विशेष ढङ्गले अर्थ्याएर यस सम्बन्धी विद्यमान दिग्भ्रमहरूको निराकरण गरिएको छ । कवितालाई वैज्ञानिक ढङ्गले समग्र रूपमा चिनाउने र नेपाली कविताको विकासक्रमको समग्रता स्पष्ट्याउने यस्ता आधिकारिक र प्रामाणिक शोधग्रन्थको अत्यन्त अभाव भइरहेका समयमा प्रस्तुत कृति प्रकाशित हुनु हामी सबैका लागि गौरवको विषय हो" भन्ने तोया गुरुङ्को भनाइ यथार्थमूलक रहेकाले सबैले स्वीकार्नु

---

[१८५] भरत कुमार भट्टराई, विधागत इतिहास लेखनमा अद्वितीय कृति, **सुनकोशी,** (२०६१, भदौ), पृ. २१६ ।

[१८६] लक्ष्मणप्रसाद गौतम, कविता सिद्धान्त र नेपाली कविताको इतिहास कविताको बारेमा लेखिएको एउटा मानक ग्रन्थ, **नवप्रज्ञापन**, (वर्ष १३, अङ्क २, २०६२ असोज), पृ. २० ।

[१८७] सुकुम शर्मा, कविता सिद्धान्त र नेपाली कविताको इतिहासका सन्दर्भमा डा. खगेन्द्रसाद लुइटेलको समालोचकीयता, **समकालीन साहित्य,** (वर्ष १४, अङ्क२, २०६१ बैशाख-असार), पृ. ८१ ।

पर्दछ । समग्रमा यो कृति विना आग्रह सबै पक्षलाई समेटेर लेखिएको नेपालीकै पहिलो आधिकारिक र प्रमाणिक ऐतिहासिक महत्त्वको विशिष्ट ग्रन्थ हो ।

## ४.९ प्रगतिवादी समालोचना

२००७ सालको क्रान्तिपछि प्रगतिवादी चिन्तन व्यापक रूपमा देखापरेको पाइन्छ । हृदयचन्द्रसिंह प्रधानबाट थालिएको[१८८] प्रगतिवादी समालोचना अन्तर्गत पर्ने प्रमुख केही समालोचक र तिनका केही समालोचनात्मक कृतिहरू यसप्रकार छन् :

| **समालोचक** | **समालोचनात्मक कृति** |
|---|---|
| हृदयचन्द्रसिंह प्रधान | **केही नेपाली नाटक** (२००४) |
| | **भानुभक्तः एक समीक्षा** (२०१३) |
| श्यामप्रसाद शर्मा | **लेखक कसरी बन्ने ?** (२०१०) |
| कृष्णचन्द्रसिंह प्रधान | **कवि व्यथित र काव्य साधना** (२०१५) |
| डी.पी. अधिकारी | **यथार्थवादी समालोचना** (२०१७) |
| आनन्ददेव भट्ट | **समालोचनाको बाटोतिर** (२०१९) |
| | **जनताको साहित्य** (२०४८) |
| ताना शर्मा | **घोत्ल्याइँहरू** (२०२१) |
| सरिता ढकाल | **प्रगतिशील दृष्टिमा केही समालोचनाहरू** (२०२१) |
| गोविन्द भट्ट | **आधुनिक युग, आधुनिक साहित्य र नयाँ साहित्य** (२०२९) |
| | **गोविन्दभट्टका समालोचना** (२०५५) |
| ऋषिराज बराल | **प्रगतिवाद र नेपाली उपन्यास** (२०४०) |
| | **प्रगतिवाद** (२०४९) |
| | **मार्क्सवाद र उत्तरआधुनिकतावाद** (२०५३) |
| हीरामणि शर्मा | **समालोचनाको बाटोमा** (२०४१) |
| मोहनविक्रम सिंह | **विचार विवेचना तथा विश्लेषण** (२०४२) |
| | **रातो लालटिनबालेर** (२०४२) |
| मोहन दुवाल | **आलोचना र परिचय** (२०४४) |

---

[१८८] डा. खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना**, पूर्ववत्, पृ. २१३ ।

| | |
|---|---|
| रविलाल अधिकारी | **प्रगतिवादी नेपाली कविता** (२०४४) |
| | **प्रगतिवादी नेपाली समालोचना** (२०५६) |
| विष्णु प्रभात | **मार्क्सवादी चिन्तन र व्यवहार** (२०४७) |
| देवीप्रसाद गौतम | **प्रगतिवादः परम्परा र मान्यता** (२०४९) |
| मुरारी अर्याल | **मार्क्सवादी सौन्दर्यशास्त्र** (२०४९) |
| चूडामणि रेग्मी | **पारिजात परिचय र मूल्याङ्कन** (२०५०) |
| निनु चापागाई | **यथार्थवादी रचना र दृष्टि विवेचना** (२०५१) |
| घनश्याम ढकाल | **मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना** (२०५४) |
| | **मार्क्सवादी कलादृष्टि र समीक्षा** (२०५४) |
| वामदेव पहाडी | **आलोचनाको वृत्त** (२०५४) |
| जगदीशचन्द्र भण्डारी | **प्रगतिवादी नेपाली कविता रेखाङ्कान र विश्लेषण** (२०५५) |
| सुकुम शर्मा | **गोकुल जोशीका सङ्कलित रचनाहरू** (२०५९) |
| | **कवि इच्छुक कविताका सन्दर्भमा** (२०६०) |

उपर्युक्त कविताका आधारमा नेपालीमा प्रगतिवादी समालोचना मात्रात्मक र गुणात्मक दुबै दृष्टिकोणले विकसित भएको देखिन्छ । प्रगतिवादी समालोचनामा अहिले पुराना पुस्तकका समालोचकहरूका साथै केही नयाँ पुस्ताका समालोचकहरूले पनि कलम चलाइरहेका छन् । उपर्युक्त समालोचक र तिनका कृतिहरूलाई हेर्दा आआफ्ना ठाउँमा सम्पूर्ण कृतिको महत्त्वपूर्ण भूमिका हुँदाहुदैं पनि निनु चापागाईंको **यथार्थवादी रचना र दृष्टि विवेचना** (२०५१), विशेष उल्लेखनीय छ । **यथार्थवादी रचना दृष्टि विवेचनामा** (२०५१) आधुनिकताको अन्धानुकरणले निम्त्याउन सक्ने दुर्घटनाबाट बाँचेर मार्क्सीय दृष्टिले वस्तु र बिम्बको संयोजनमा दिइनुपर्ने महत्त्व समकालीनतामा निनु चापागाईंको **यथार्थवादी रचना र दृष्टि विवेचना** (२०५१) को चर्चा गर्नुपर्दा यसमा 'प्रगतिवादी साहित्य केही प्रश्नहरू' पहिलो अध्याय रहेको छ । यसलाई समाजशास्त्रीय समालोचना भन्न पनि सकिन्छ । 'दूरुहता र कवि पूर्ण विराम' दोस्रो अध्यायमा कवि पूर्णविरामको अन्तर्वार्ताबारे चर्चा गरिएको छ । तेस्रोमा 'जनपक्षीय साहित्य र साहित्यकार'मा जनपक्षीय साहित्यको चर्चा गरिएको छ । चौथो अध्यायमा 'भारतीय कवि गोरख पाण्डेको सम्झनामा' कविले युवाकविको सम्झनामा आयोजित गोरख कविको उल्लेख गरिएको छ । पाचौं अध्यायमा नेपाली साहित्यको सन्दर्भमा 'समाजवादी यथार्थवादी' शीर्षक रहेको छ । समाजवादी

यथार्थवादले यथार्थको चित्रण गरिएको छ । छैटौँ अध्यायमा अन्धानुकरण कि आधुनिकता शीर्षक छ । सामान्यतः प्रभुत्वशाली वर्गले संस्कृतिको पनि नेतृत्त्व गर्ने हुनाले कला संस्कृतिको विकास गर्दछ । सातौँमा प्रगतिवादको प्रसङ्गमा 'हृदयचन्द्रसिंह प्रधान' शीर्षक छ । उनका प्रसिद्ध रचनाको चर्चा गरिएको छ ।

आठौँ अध्यायमा 'विचारधारा र कला' शीर्षक रहेको छ । यसमा कलासाहित्यको वैशिष्ट्यको उल्लेख गरिएको छ । नवौँमा 'सौन्दर्यशास्त्र र यसको विषयवस्तु' शीर्षकमा सामाजिक जीवनमा साहित्य र कलाको वढी महत्त्व भएको कुरा उल्लेख गरिएको छ । दसौँमा 'कला बिम्ब र यसको महत्त्व' छ । विम्बमा कलाको महत्त्व विशिष्ट रहेको छ । एघारौँमा 'नेपाली साहित्यका समकालीन प्रवृत्तिहरू' नेपाली साहित्य संक्रमणशील साहित्यबाट गुज्रिएको कुरा उल्लेख गरिएको छ । अन्तिममा 'कला र संज्ञान' शीर्षक छ । कलाले मान्छेको व्यक्तिगत अनुभवलाई समृद्ध पार्दछ भन्ने कुरा उल्लेख गरिएको छ । यसरी यो कृति प्रगतिवादी समालोचनाका क्षेत्रमा महत्त्वपूर्ण रहेको छ । समकालीनतामा देखिएका कलागत पहिचान र चिन्तनगत मूल्यको अस्तित्वलाई यथार्थवादी ढङ्गले निरूपण[१८९] गर्नु नै यस समालोचनाको मूल प्रवृत्ति रहेको छ ।

ऋषिराज बरालको **मार्क्सवाद र उत्तरआधुनिकतावाद** (२०५५) प्रगतिवादी समालोचनाका क्षेत्रमा उल्लेखनीय कृति मानिन्छ । नेपाली समालोचनाका क्षेत्रमा मार्क्सवादी चिन्तनलाई आधार बनाएर समालोचनाको **मार्क्सवाद र उत्तरआधुनिकतावाद** समालोचना रचना गर्नु नै यसको मूल प्रवृत्ति रहेको छ । नेपाली समालोचनाका क्षेत्रमा मार्क्सवादी चिन्तनलाई आधार बनाएर समालोचनाको रचना गर्नु नै यस पुस्तकको मूल प्रवृत्ति रहेको छ ।

## ४. १० मनोवैज्ञानिक समालोचना

नेपाली समालोचनामा मनोविश्लेषणात्मक पद्धतिबाट समालोचना गर्ने प्रमुख समालोचक मुरारीप्रसाद रेग्मी मानिन्छन् । उनका **मनोवैज्ञानिक समालोचना** (कथाखण्ड, २०३६) , **मनोविश्लेषणात्मक समालोचना** (उपन्यासखण्ड, २०४०), **मनोविश्लेषणत्मक समालोचना** (समसामयिक कथाखण्ड, २०५३) प्रकाशित छन् । यी कृतिहरूमा मनोविज्ञानको आधार लिएर समालोचना गरिएको छ । जीवनको आन्तरिक पक्षको अध्ययन गर्नु नै यस समालोचनाको मूल विशेषता हो ।

मुरारीप्रसाद रेग्मीको **मनोविश्लेषणात्मक समालोचना** (उपन्यासखण्ड, २०४०) विशेष उल्लेखनीय छ । प्रस्तुत कृतिमा ३९ वटा लेखहरू समावेश भएका छन् ।

यस पुस्तकको पहिलो शीर्षकमा 'साहित्यिक मूल्याङ्कनः एक विश्लेषण' पहिलो शीर्षक छ । यसमा साहित्यको जुनसुकै विधालाई प्रगतिउन्मुख गराउनका लागि ठूलो योगदान रहन्छ । दोस्रोमा 'शिरिषको फूल मनोवैज्ञानिक स्पर्श' छ । यसमा नायक सुयोगवीरको जीवनरेखाभित्र आवृत्त छ । तेस्रोमा 'तीन घुम्तीमा मनोवैज्ञानिक विचरण' छ

---

[१८९] राजेन्द्र सुवेदी, **नेपाली समालोचना परम्परा र प्रवृत्ति,** पूर्ववत्, पृ. २५८

यो एउटा संस्मरण उपन्यास भएको कुरा उल्लेख गरिएको छ । चौथोमा 'अवचेतनअनुराधा एक अध्ययन' छ । अनुराधाको चर्चा गरिएको छ । पाँचौंमा 'सामाजिक एवम् मनोवैज्ञानिक विश्लेषण चम्पामा' यो देवकोटाको अन्तिम नेपाली सामाजिक उपन्यास भएको कुरा उल्लेख गरिएको छ । छैटौंमा विश्लेषणात्मक दृष्टिकोणमा 'लङ्गडाको साथी छ' । अतियथार्थवादलाई प्रस्तुत गर्ने एक अद्वितीय उपन्यास हो । सातौंमा 'सर्पदंश : एक मनोवैज्ञानिक अध्ययन' मा बालमनको चित्रण पाइन्छ । आठौंमा 'एकादेशकी महारानी चरित्र चित्रणमा पिडालीद्वारा लिखित उपन्यास ऐतिहासिक परिप्रेक्ष्यमा सबल छ ।

दशौं शीर्षकमा 'धार्मिक अस्तित्ववादमा चपाइएका अनुहार' मा सङ्घर्षपूर्ण अस्तित्ववादी जीवनको चित्रण पाइन्छ । एघारौंमा 'चारित्रिक कसीमा सुभद्रा बज्यै' शीर्षक छ । सामाजिक आदर्शका गुणहरू पाइने कुरा उल्लेख गरिएको छ । बाह्रौं शीर्षकमा 'समर्पिताको अस्तित्व खोज', यसमा चरित्रहीन नर्तकीको समस्यामूलक चित्रण गरिएको छ । तेह्रौंमा 'सुम्निमा एक मनोविश्लेषणात्मक अध्ययन' मा सजातीय संस्कृतिको चर्चा गरिएको छ । चौधौंमा पाइप नं २ मनोविश्लेषणात्मक अध्ययनमा भिक्षुले कथाकै विस्तृतीकरणको उपज बनाएको उल्लेख गरेका छन् । पन्ध्रौंमा 'माइतघर एक मनोवैज्ञानिक विश्लेषण' मा वाङ्देलको उपन्यास श्रृङ्खलामा दोस्रो उपन्यास भएको कुरा उल्लेख गरिएको छ । सोह्रौं शीर्षकमा 'खैरिनीघाट एक विश्लेषण' छ यसका लेखक शंकर कोइराला हुन् ।

सत्रौं शीर्षकमा 'सुनौली: एक मनोवैज्ञानिक विश्लेषण' छ । यौन प्रधान उपन्यास हो । अठारौं शीर्षकमा 'मनोविश्लेषणभित्र थाकेको आकाश' मा दौलतविक्रम विष्टले लेखेको नयाँ उपन्यासमा मानवीय रुग्णताको उल्लेख गरिएको छ । उन्नाइसौं शीर्षकमा मनोवैज्ञानिक पार्थक्य भएको कुरा उल्लेख गरिएको छ । बीसौंमा 'अन्तदेखि शुरु: एक समाज मनोवैज्ञानिक विश्लेषणमा दाम्पत्य जीवनको उल्लेख गरिएको छ । एक्काइसौंमा 'मणिपुरको चिठी: मनोवैज्ञानिक' विश्लेषण' छ । यसमा एउटी नारीको अतृप्त मातृत्वको क्रन्दन भएको उल्लेख गरिएको छ । बाइसौंमा 'अचानो एक मनोविश्लेषणात्मक अध्ययनमा जीवनकथा प्रस्तुत गरिएको छ । तेइसौंमा 'आगत: एक मनोविश्लेषण' छ । समाजवादी आदर्शवादी उपन्यास उल्लेख गरिएको छ ।  चौबीसौंमा 'प्रत्येक ठाउँ प्रत्येक मान्छे एक समाज मनोवैज्ञानिक विश्लेषण' मा मानवतावादी उपन्यासको उल्लेख गरिएको छ । पच्चीसौंमा मानवतावादी उपन्यासको विस्तृत चर्चा गरिएको छ । छब्बीसौं शीर्षकमा 'रुपमती: एक समाज मनोवैज्ञानिक विशलेषण' छ । सत्ताइसौं शीर्षकमा 'भ्रमर: पात्र मनोविश्लेषण' छ । अठ्ठाइसौं शीर्षकमा 'कुमारी शोभा: एक विश्लेषण' को विस्तृत चर्चा गरिएको छ ।

उन्तीसौंमा 'एक चिहान : समाज मनोवैज्ञानिक विवेचना'मा प्रधानको पहिलो उपन्यास  हो । तीसौं शीर्षकमा 'कुमारी शोभा : एक विश्लेषण' छ, यसमा मनोवैज्ञानिक दृष्टिकोणले चित्रित गरिएको छ । अन्तिममा 'एक हूल गाउँले एक समाज विश्लेषणात्मक दृष्टिकोण'मा आधुनिक समाजको वर्गसङ्घर्ष चित्रित छ ।

यसमा नेपाली मनोवैज्ञानिक समालोचनाको वस्तु तथ्यको विश्लेषण गरी सैद्धान्तिक आधार स्थापना गर्नु[१९०] यसको मूल प्रवृत्ति हो ।

## ४.११ शैलीवैज्ञानिक समालोचना

मोहनराज शर्माबाट २०३० को दशकमा थालिएको यस पद्धतिअन्तर्गत पर्ने प्रमुख केही नेपाली समालोचक र तिनका समालोचनात्मक कृतिहरू यसप्रकार छन्:

| **समालोचक** | **समालोचनात्मक कृति** |
|---|---|
| अभि सुवेदी | **भाषाशास्त्र र साहित्यको सम्बन्ध** (२०३८) |
| घनश्याम नेपाल | **शैलीविज्ञान** (२०४८) |
| मोहन राज शर्मा | **शैलीविज्ञान** (२०४८) |

यी समालोचकहरूमध्ये मोहनराज शर्मा प्रमुख समालोचक हुन् । यिनको **शैलीविज्ञान** (२०४८) नेपाली समालोचनाका क्षेत्रमा कोसेढुङ्गो सावित भएको छ । यसमा उन्नाइस शीर्षक छन् । 'शैलीविज्ञान र शैली शीर्षक' रहेको पहिलो अध्यायमा विभिन्न पाँचवटा उपशीर्षक छन् । उपर्युक्त शीर्षकमार्फत शैलीविज्ञानको परिभाषा, स्वरूप, विश्लेषण आदिका सन्दर्भमा सैद्धान्तिक चर्चा गरिएको छ । 'शैलीविज्ञानः साहित्यको आलोचना' शीर्षकको दोस्रो अध्यायमा विभिन्न नौवटा उपशीर्षक रहेका छन् । यसमा नयाँ आलोचनाको सिद्धान्त र प्रणालीका रूपमा शैलीविज्ञानलाई चिनाइएको छ ।

'शैली, शैलीविज्ञान र शैलीवैज्ञानिक प्रारूप' शीर्षक रहेको तेस्रो अध्यायमा शैलीविज्ञानको परिभाषा, र प्रकारका बारेमा चर्चा गरिएको छ । 'कविताको संरचना' शीर्षकको चौथो अध्यायमा विभिन्न उपशीर्षक छन् । यसमा छन्दको सबैपक्षलाई नसमेटी केवल संरचना पक्षको व्याख्या विश्लेषण गरिएको छ ।

'कविताको संरचना' शीर्षकको चौथो अध्यायमा संरचनाको अर्थ, कविताको संरचना जस्ता विभिन्न उपशीर्षकमा संरचना पक्षको व्याख्या विश्लेषण गरिएको छ । 'छन्द स्वरूप विश्लेषण' शीर्षक रहेको पाँचौंमा विभिन्न उपशीर्षक मार्फत छन्दको सबै पक्षलाई नसमेटी केवल यसको संरचना पक्षको व्याख्या विश्लेषण गरिएको छ । छैटौंमा 'कविताको शैलीवैज्ञानिक विश्लेषण' मा विभिन्न उपशीर्षकहरूको विश्लेषण गरी रिमालको कविताको शैलीवैज्ञानिक पद्धतिमा विश्लेषण गरिएको छ । खण्डकाव्य 'देवयानी' संरचनात्मक शीर्षक रहेको सातौं मा विश्लेष्य कृतिको चर्चा गरिएको छ । 'लघुत्तम नेपाली कविता समसामयिक मुक्तक' शीर्षक दिएर विभिन्न उपशीर्षक मार्फत मुक्तकका प्रमुख पहिचानहरूका बारेमा चर्चा गरिएको छ 'ताराको ज्योति हीरा र मोती रूपक विश्लेषण' शीर्षक रहेको नवौंमा रूपकको संक्षिप्त परिचय दिइएको छ । 'आख्यानात्मक संरचक घटक' शीर्षक रहेको दसौंमा सैद्धान्तिक चर्चा गरिएको छ । 'छिमेकी पाठगत बोध विश्लेषण' मा मैनालीको छिमेकी कथाको विश्लेषण गरिएको छ । 'परिबन्द कथानक

---

१९० ऐजन ।

संरचनाको विश्लेषण' मा परिबन्द कथाको विश्लेषण गरिएको छ । 'आगत उपन्यासका व्यक्तिवाचक नाम पात्रको अध्ययन' मा शैलीवैज्ञानिक पद्धतिद्वारा **आगत** उपन्यासका पात्रको विश्लेषण गरिएको छ ।

'फ्रेटागको पिरामिड र आगतको कथानक' शीर्षकमा विभिन्न उपशीर्षकको चर्चा शैलीवैज्ञानिक पद्धतिमा गरिएको छ । 'पात्रको वर्गीकरण सन्दर्भभ्रमर' शीर्षकको चर्चा शैलीवैज्ञानिक पद्धतिमा गरिएको छ । उपन्यास 'आज रमिता छ' शीर्षकको अध्ययन विवेचना गरिएको छ । उपन्यास 'कट्टेल सरको चोटपटक' मा शैलीवैज्ञानिक आलोचनामा विभिन्नशीर्षकको चर्चा गरिएको छ । 'पत्थरको कथा विद्रूपात्मक त्रासदी' शीर्षकको अठारौँमा 'विजयमल्लको पत्थरको कथा विश्लेषण' गरिएको छ ।

शैलीविज्ञान र पूर्वीय एवम् नेपाली समालोचना शीर्षकको उन्नाइसौँ अर्थात् अन्तिम अध्यायमा सम्बन्धको साम्य र वैषम्य प्रस्तुत गरी अन्त्यमा  सन्दर्भग्रन्थसूची राखिएको छ ।

शर्माको **शैलीविज्ञानमा** वस्तुवादी, भाषावादी, अन्तर्विषयोन्मुख प्रवृत्ति पाइन्छ ।

## ४.१२ समकालीन समालोचना

नेपालीमा समकालीन समालोचनाको नमूना मोहनराज शर्माको **समकालीन समालोचनाः सिद्धान्त र प्रयोग** (२०५५) बाट भएको हो । यसमा साहित्य सिर्जना सम्बन्धी बहुकालिक र सङ्कालिक धारणाहरू प्रस्तुत गरिएको छ । वस्तुवादी, भाषावादी र अन्तर्विषयक हुनु समकालीन समालोचनाका मूल विशेषता हुन् ।[१९१] शर्माको यस किसिमको समालोचनाको नमूना **समकालीन समालोचना सिद्धान्त र प्रयोग** (२०५५) हो । विशेषतः प्रभाववादी समालोचनाको बिग्बिगी भएको नेपाली समालोचना फाँटमा शैलीवैज्ञानिक समालोचनाको थालनी, विकास र विस्तार गरी समकालीन समालोचनातर्फ उन्मुख भएका समालोचक शर्माले यस कृतिका माध्यमबाट नेपालीमा समकालीन समालोचनाको नवप्रवर्तन गरेका हुन् । परम्परागत समालोचनाका तुलनामा यस कृतिले सर्वथा नवीन दृष्टि र प्रक्रियालाई आत्मसात् गरेको छ ।

**समकालीन समालोचनाः सिद्धान्त र प्रयोग** (२०५५) मा जम्मा वाइस अध्याय छन् । पहिलो र दोस्रो अध्याय सैद्धान्तिक पक्षसँग आबद्ध छन् । तेस्रो देखि छैटौं अध्यायसम्मका शीर्षकहरू कविता विधासँग सम्बन्धित छन् । 'कविता परिवर्तनशील विधा' शीर्षक रहेको तेस्रोमा विभिन्न उपशीर्षक दिई कविताको वस्तुवादी, भाषावादी, विश्लेषण गरिएको छ । 'कविताको संरचना' शीर्षक रहेको चौथोमा विभिन्न उपशीर्षक दिई अन्त्यमा कविताको संरचना नै अथ र इति हो भन्ने निष्कर्ष निकालिएको छ । पाचौँमा 'कविताको भाषाः भिन्नता र पहिचान' विभिन्न उपशीर्षक दिई निष्कर्ष निकालिएको छ । 'समकालीन कविताः विशिष्ट पहिचान' शीर्षकको छैटौँमा नेपाली कविता परम्पराभन्दा भिन्न नयाँ मोडको आवश्यकतालाई इङ्गित गरिएको छ ।

---

[१९१] खगेन्द्रप्रसाद लुइटेल, **समकालीन साहित्य**, (वर्ष ९, अङ्क ३, साउन, भदौ, असोज, २०५९), पृ. १७९-१८२ ।

सातौँमा 'गीतः स्वरुप र विश्लेषण' शीर्षकमा गीतको विश्लेषणका लागि आधार एवं प्रारुप पनि प्रस्तावित गरिएको छ । 'अर्थ सन्दर्भार्थ' शीर्षक रहेको आठौँमा अर्थ प्राप्तिका प्रक्रियालाई देखाइएको छ । यस पुस्तकको दसौँ देखि चौधौँ अध्याय कथा विधासँग सम्बन्धित छन् । 'कथा विश्लेषणको आख्यान शास्त्रीय प्रारुप' शीर्षकमा कथाको विशद व्याख्या गरिएको छ । 'आख्यान शास्त्रीय प्रारुप कथाविश्लेषण' शीर्षकमा अन्त्यमा निष्कर्ष दिइएको छ । बाह्रौँ अध्यायमा 'आख्यानविश्लेषणको अर्को ढाँचा सङ्कथनात्मक प्रारुप' शीर्षक दिएर विभिन्न उपशीर्षक दिइएको छ ।

'विधापरिचय र कथासिद्धान्त' शीर्षकमा कथाको परिभाषा उल्लेख गरिएको छ । 'शाब्दिक प्रतिनिधित्व र साहित्य' शीर्षक रहेको पन्ध्रौँ परिच्छेदमा **बोनी** उपन्यासलाई सुन्दर साहित्यका रुपमा लिइएको छ ।

'संवादः नाटकको अनिवार्यता' शीर्षक रहेको सत्रौँ अध्यायमा विभिन्न उपशीर्षक दिई निष्कर्ष दिइएको छ । अर्को शीर्षक 'हास्यप्रधान संरचना प्रहसन' छ । यसमा निबन्धको विश्लेषणात्मक प्रस्तुति पाइन्छ । यस पुस्तकको बीसौँ अध्यायमा शैलीसम्बन्धी अनेक सन्दर्भको प्रस्तुति पाइन्छ । एक्काइसौँ परिच्छेदमा 'भाषिक सिर्जनाः साहित्य' छ । यसमा सिर्जनाका विविधपक्षको चर्चा गरिएको छ । यसको अन्तिम अध्यायमा 'कृतिको पुनरावलोकनः पुस्तक समीक्षा' मा कृति पुनरावलोकनको अर्थ, ढाँचा र प्रयोग प्रस्तुत गरिएको छ । यसमा प्रमुख सन्दर्भग्रन्थसूचीसमेत दिइएको छ ।

नेपाली समालोचनाका क्षेत्रमा यस कृतिले विशिष्ट जग राख्न सफल रहेको छ । हरेक परिच्छेदमा तार्किक प्रस्तुति, वस्तुवादी, विश्लेषण र सटीक निष्कर्ष पाइनु यसको मूल  विशेषता हो ।

## ४.१३ नारीवादी समालोचना

नेपाली साहित्यमा नारीवादी समालोचना नेपाली समालोचनाको पछिल्लो चरणमा केही मात्रामा देखिन्छ । नारीवादी समालोचना सिद्धान्तमा केन्द्रित भई पुस्तकाकार कृति प्रकाशन गर्ने प्रमुख केही समालोचक र तिनका केही समालोचनाका कृतिहरू यसप्रकार छन्ः

| **समालोचक** | **समालोनात्मक कृति** |
|---|---|
| गोमा उपाध्याय | **चार नारी हस्ताक्षर** (२०४२) |
| | **नेपाल र भारतका केही नारी प्रतिभा** (२०४४) |
| देवी शर्मा | **शोध र समीक्षा** (२०४५) |
| गार्गी शर्मा | **वाङ्देलका नारीपत्र** (२०५१) |
| लीला लुइटेल | **नेपाली महिला कथाकार** (२०६०) |

उपर्युक्त समालोचक र तिनका समालोचनाहरूलाई हेर्दा लीला लुइटेलको **नेपाली महिला कथाकार** (२०६०) उल्लेखनीय छ । यो पुस्तक विशुद्ध नारीवादी समालोचनामा आधारित भई लेखिएको महत्त्वपूर्ण कृति मानिन्छ ।

नारीवादी समालोचनामा लीला लुइटेलको **नेपाली महिला कथाकार** (२०६०) आधिकारिक र प्रामाणिक ग्रन्थ मानिन्छ । यस पुस्तकमा जम्मा जम्मी उन्नाइसौँ परिच्छेद रहेका छन् । यसको पहिलो परिच्छेदमा 'नेपाली महिला कथालेखन परम्परा' शीर्षक रहेकोमा पृष्ठभूमि, विषयप्रवेश, नेपालीमा महिला कथाकारको अवस्थिति र उपसंहारका वारेमा चर्चा गरिएको छ । दोस्रो परिच्छेदमा 'देवकुमारी थापा' शीर्षक छ । यसमा परिचय, प्रवृत्ति, विशेषता, र एउटा कथा समावेश गरिएको छ ।

तेस्रो परिच्छेदमा 'राधिका राया' शीर्षक रहेको छ । यसमा परिचय, प्रवृत्ति, विशेषता र एउटा कथा समावेश गरिएको छ । चौथो परिच्छेदमा 'प्रेमा शाह' शीर्षक रहेको छ । यसमा परिचय, प्रवृत्ति, विशेषता र एउटा कथा उल्लेख गरिएको छ । पाचौँ परिच्छेदमा 'चन्द्रकला नेवार' शीर्षक छ । यसमा परिचय, प्रवृत्ति, विशेषता र एउटा कथा समावेश गरिएको छ ।

छैटौँ परिच्छेदमा 'पारिजात' शीर्षक रहेको छ । यसमा परिचय, प्रवृत्ति, विशेषता र एउटा कथा समावेश गरिएको छ । सातौँ परिच्छेदमा 'पद्मावती सिंह' शीर्षक छ । यमसा परिचय, प्रवृत्ति, विशेषता र सावित्री कथा समावेश गरिएको छ । आठौँ परिच्छेदमा 'भागीरथी' शीर्षक रहेको छ । यसमा परिचय, प्रवृत्ति, विशेषता र एउटा कथा रहेको छ । नवौँ परिच्छेदमा 'मञ्जु काँचुली' शीर्षक छ । यसमा परिचय प्रवृत्ति, विशेषता र एउटा कथा रहेको छ ।

दशौँ परिच्छेदमा 'माया ठकुरी' शीर्षक छ । यसमा परिचय, प्रवृत्ति, विशेषता र एउटा कथा उल्लेख गरिएको छ । एघारौँ परिच्छेदमा 'माया ठकुरी' शीर्षक छ । यसमा परिचय, प्रवृत्ति, विशेषता र एउटा कथा उल्लेख गरिएको छ । बाह्रौँ परिच्छेदमा 'भुवन ढुङ्गाना' शीर्षक रहेको छ । यसमा परिचय, प्रवृत्ति, विशेषता र एउटा कथा उल्लेख गरिएको छ ।

सोह्रौँ परिच्छेदमा 'सीता पाण्डे' शीर्षक छ । यसमा परिचय, प्रवृत्ति, विशेषता र एउटा कथा समावेश गरिएको छ । सत्रौँ परिच्छेदमा 'शारदा शर्मा' शीर्षक छ । यसमा परिचय, प्रवृत्ति, विशेषता र एउटा कथा रहेको छ । अठारौँ परिच्छेदामा 'मीरा प्रधान रम' शीर्षक छ । यसमा परिचय, प्रवृत्ति, विशेषता, र एउटा कथा उल्लेख गरिएको छ । उन्नाइसौँ तथा अन्तिम परिच्छेदमा परिचय, प्रवृत्ति, विशेषता र एउटा कथा समावेश गरिएको छ ।

सन्दर्भग्रन्थसूची राखिएको प्रस्तुत पुस्तकमा पुस्तकसूची र पत्र पत्रिकासूची राखिनाले वैज्ञानिक र वस्तुगत देखिन्छ ।

यो पुस्तक उच्चशिक्षाका शोधार्थी, विद्यावारिधिका शोधार्थीको लागि महत्त्वपूर्ण छ ।

## ४.१४ संरचनावादी समालोचना पद्धति

नेपाली संरचनावादी समालोचना पद्धतिको शुभारम्भ गर्ने र त्यसको विस्तार गराउने व्यक्ति डा. खगेन्द्रप्रसाद लुइटेल हुन् । नेपाली समालोचना क्षेत्रका प्रखर हस्ती हुन् । मुख्य पेसा प्राध्यापन भएका डा. लुइटेलले नेपाली साहित्यका समालोचना भाषाव्याकरण, सम्पादन, सहलेखन, अनुवाद, कथा, कविता, निबन्ध, एकाङ्की आदिका क्षेत्रमा समेत स्थायी महत्त्वका दृष्टिले विशिष्ट योगदान पुऱ्याएको देखिन्छ ।

डा. खगेन्द्रप्रसाद लुइटेलको महत्वपूर्ण कृति **कविताको संरचनात्मक विश्लेषण** (२०६२) हो । सैद्धान्तिक समालोचनालाई आधार मानेर समालोचना फाँटमा देखा परेका समालोचक लुइटेलका समालोचना ग्रन्थहरूमा कृतिको विशेषताको निरुपण गरिएको पाइन्छ ।

डा. खगेन्द्रप्रसाद लुइटेलको **कविताको संरचनात्मक विश्लेषण** (२०६२) संरचनावादी समालोचनाका क्षेत्रमा कोसेढुङ्गो सावित भैसकेको छ । यसमा नेपालीमा अनुपलब्ध रहेका सामग्रीको खोजी गरी व्यापक विश्लेषण गरिएको छ । प्रस्तुत पुस्तकमा आठ परिच्छेद रहेका छन् । पहिलो परिच्छेदमा 'कविताको सैद्धान्तिक स्वरुप' यसमा विभिन्न शीर्षक - उपशीर्षक दिई अन्त्यमा निष्कर्ष निकालिएको छ । दोस्रो परिच्छेदमा 'संरचना र संरचनावाद' शीर्षक-उपशीर्षकमा विभाजन गरी कविताको संरचनाका वारेमा विस्तृत विश्लेषण गरिएको छ । तेस्रो परिच्छेदमा 'कविताको संरचना' शीर्षक प्रगीतात्मक, आख्यानात्मक, नाटकीय कविताको चर्चा गरी अन्त्यमा निष्कर्ष निकालिएको छ । चौथो परिच्छेदमा 'कविताविश्लेषणको प्रारुप' शीर्षकमा विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरी अन्त्यमा निष्क्रर्ष निकालिएको छ । पाँचौँ परिच्छेदमा 'प्रगीतात्मक कविताको विश्लेषण' शीर्षकमा विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरी विस्तृत व्याख्या विमर्श निकालिएको छ । छैटौं परिच्छेदमा 'आख्यानात्मक कविताको विश्लेषण' शीर्षकलाई विभिन्न शीर्षक-उपशीर्षकमा विभाजन गरी अन्त्यमा निष्कर्ष निकालिएको छ । सातौँ परिच्छेदमा 'नाटकीय कविताको विश्लेषण' लाई विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरी अन्त्यमा विस्तुत व्याख्या विर्मश गरिएको छ । आठौँ परिच्छेदमा 'उपसंहार' प्रमुख निष्कर्ष' शीर्षक उपशीर्षकमा विभाजन गरी अन्त्यमा निष्कर्ष निकालिएको छ । प्रस्तुत पुस्तकको अन्त्यमा पारिभाषिक शब्दावली र सन्दर्भग्रन्थसूची राखिनुले वढी वैज्ञानिक र वस्तुगत देखिने कुरा स्पष्टै छ ।

सहज ढङ्गले विषयवस्तुको वोध गराउनु नै यस कृतिको मूल प्रवृत्ति रहेको छ ।

यिनको संरचनावादी समालोचनाका वारेमा अरुले पुस्तक त के सामान्य लेख पनि नलेखेको अवस्थाले यसबारे यिनले मात्रा काम गरेको हुनाले यिनीद्वारा लेखिएका फुटकर लेख पनि समावेश गर्न आवश्यक हुन्छ । यिनको संरचनावादी पद्धतिसँग सम्बन्धित विविध विधाकेन्द्री केही फुटकर समालोचनात्मक लेखहरू निम्नानुसार छन्:

| शीर्षक | प्रकाशन स्रोत |
|---|---|
| आशिष कविताको संरचनावादी विश्लेषण | **जुही,** २०१,२०५७/५८ चैत-जेठ, पृ.७७-८१ । |
| माइतकथाको संरचना विश्लेषण, | **कुञ्जिनी,** ९/६, २०५८ पृ. ४८-५३ । |
| नेपाली वाक्यांश वाक्पद्धति इत्यादिको कोषको संरचनात्मक विश्लेषण । | **पुष्कर शम्शेर स्मृतिग्रन्थ**, २०५८ पुस, पृ. ८३-९६ । |
| डढेलो कथाको संरचनावादी विश्लेषण, | **समकालीन साहित्य,** १२/३, २०५९ बैशाख, असार, पृ. २३१-२४८ । |
| संरचना र रुपको तात्पर्य/विश्लेषण | **गोधुली,** अङ्क १३, २०५९, वसन्त-शिशिर, पृ ( ४०-४४ । |
| संरचनावादको स्वरुप धारा र सम्प्रदाय, | **अवलोकन,** ३/१, २०५९ पृ. १६-२३ । |
| संरचनावादको अर्थ र पृष्ठभूमि, | **मिर्मिरे,** ३१/६, २०५९ असोज, पृ. १७-२२ । |
| गोडा भए जुत्ताको के खाँचो ? कथाको संरचना विश्लेषण | **जुही**, २२/२, २०५९ पुस फागुन, पृ. ४८१-४२६ । |
| संरचनावादी समालोचना पद्धति, | **गरिमा,** २१/१, २०५९ पुस, पृ. १९-३० । |
| कमला स्वरुपको कथा शिल्प | **गरिमा,** २१/४, २०५९ चैत पृ. १९-२४ । |
| दिव्योपदेशको वैचारिक र साहित्यिक मूल्य | **झङ्कार**, ५२/१-२, २०५९ चैत, पृ. ३७-४३ |
| संरचनावादी विकासमा सस्युरको योगदान | **पाठ्यक्रमविकासप्रक्रिया,** २१/३१, २०५९/०६० पृ. १००-१०८ । |
| युवराज नयाँघरेको निबन्धकला, | **गरिमा,** २१/११, २०६० कार्त्तिक, पृ. ५१-५५ । |
| मुनामदनः वस्तुवादी विश्लेषणको निष्कर्ष, | **कुञ्जिनी,** ११/८, २०६०, पृ. ६८-७४ । |
| काव्यशास्त्रीय संरचनावादी चिन्तन पद्धति, | **प्रज्ञा**, वर्ष ३४, पूर्ण १९, २०६० कार्त्तिक-चैत, पृ. १०८-११५ । |
| कृतिको भाषिक संरचना | **सम्प्रेषण,** १/१, २०६०र ६१ पृ. २९ । |
| कृतिको साहित्यिक संरचना | **नोबेल,** ३/३, २०६१ पृ. १६२ । |
| मुनामदनमा लयविधानको वस्तुगत स्थिति | **कुञ्जिनी** १२/९/२०६१/६२। |

| | |
|---|---|
| बहादुर सिंह बरालको रचनाको संरचनाक्रमक विश्लेषण, | **गरिमा,** २४/२/२०६२ माघ पृ. ४३-५३ । |
| विश्वमोहन श्रेष्ठको कवित्व, | **गरिमा,** ४८/८ २०६३ साउन पृ. ५३-६० । |
| बालाचन्द गाथको संरचना विश्लेषण | **शार्दूल,** २/२-३, २०६३ बैशाख असोज पृ. ४२-५१ |
| बर्बरहरू कविता बुझ्दैनन् संरचनात्मक विश्लेषण | **स्रष्टा, नरेन्द्रराज पौडेल द्रष्टाहरूका आँखामा** २०६३, पृ. २५-४१ |

यसप्रकार स्पष्ट प्रारुप निर्माण गरेर यसपूर्व अनेक समालोचनात्मक रचनाहरूमा पनि महत्त्वपूर्ण योगदान दिएका छन् । कविताको संरचनात्मक विश्लेषण २०५८ मा विद्यावारिधि शोधप्रबन्ध प्रकाशित भएको छ । २०६२ मा यो पुस्तकाकार कृतिका रुपमा प्रकाशित भैसकेको छ । सैद्धान्तिक समालोचनालाई आधार मानेर समालोचना फाँटमा देखा परेका समालोचक लुइटेलका समालोचनाले ग्रन्थहरूमा कृतिको वस्तुरुप आदि पक्षलाई केलाएर कृतिका विशेषताको निरुपण गरिएको पाइन्छ । नेपाली साहित्यको समालोचकीय फाँटमा संरचनावादको सर्वप्रथम प्रयोग भएको कविताको संरचनात्मक विश्लेषण नामक पुस्तक प्रथम मौलिक कृति हो । यसले कविता विधालाई हेर्ने नयाँ दृष्टिकोणका साथै कविताको महत्त्वका सन्दर्भमा समेत विशिष्ट स्थान ओगटेको छ ।[१९२] यसबाट अनेक विषयक्षेत्रको शोधकार्य गर्न सकिन्छ र यो शोधग्रन्थको ऐतिहासिक गहन र विशिष्ट उपलब्धि हो ।[१९३] विश्व कविता साहित्यमै चर्चाको विषय बनेको कविताको संरचनात्मक पक्षलाई नेपाली कवितामा आधारित रहेर सूक्ष्म रुपले यस कृतिमा विश्लेषण गरिएको छ ।[१९४] भाषाविज्ञान र साहित्यको सङ्गमस्थलका रुपमा देखापरेको यस शोधग्रन्थबाट डा. लुइटेलको भाषाकेन्द्री र वस्तुवादी ढङ्गले सैद्धान्तिक र प्रायोगिक पक्षको समन्वय गराई नेपालीमा संरचनावादी समालोचना पद्धतिको प्रारम्भ गरेका छन् । नेपालीको प्रथम संरचनावादी शोधप्रबन्ध बन्न पुगेका डा. लुइटेलको यस कृतिमा प्रभाववादिताबाट मुक्त रही वैज्ञानिक र वस्तुगत ढङ्गले कृति विश्लेषणको प्रारुप तयार गरी त्यसका आधारमा नमूना विश्लेषणसमेत गरिनुलाई नेपाली शोधका क्षेत्रमा विशिष्ट उपलब्धि नौलो आयाम मानिएको[१९५] कुरा उल्लेख गरिएको छ ।

'यो शोधग्रन्थ नेपाली साहित्यमा नौलो उपहार हो र संरचनावादी सिद्धान्त र विधिको प्रयोगमा प्रथम प्रयोग हो ।' यस शोधग्रन्थबाट नेपालीमा संरचनावादी समालोचना पद्धतिको थालनी मात्र होइन एकसाथ यसको विकास र विस्तारसमेत भएको छ । यसर्थ

---

[१९२] रा.स.स., कविताको संरचनात्मक विश्लेषण, **गोरखापत्र,** (२०६२ साउन ३२), पृ. २ ।

[१९३] हिमालय टाइम्स समाचारदाता, कवितामा संरचनावादको प्रयोग, **हिमालय टाइम्स,** (२०६२ साउन ३२), पृ. ४ ।

[१९४] अन्नपूर्ण समाचारदाता, डा. लुइटेलको नयाँ कृति, **अन्नपूर्णपोष्ट,** (२०६२ भदौ २), पृ. १२ ।

[१९५] **त्रिभुवन विश्वविद्यालय बुलेटिन, विद्यावारिधि,** (वर्ष ३५, अङ्क १, २०५९ साउन), पृ. ११ ।

नेपाली साहित्यमा नौलो मात्र होइन ब्रेकथ्रु नै हो ।'[१९६] 'डा. खगेन्द्रप्रसाद लुइटेलले पाश्चात्य मुलुकमा उत्पत्ति भएको तर अहिले सार्वभौमिक संरचनावादी पद्धतिमात्र होइन, चिन्तनको पनि यस शोधग्रन्थमा निजत्वको साथ सार्थक प्रयोग गरेका छन्, त्यसलाई नेपाली पठनपाठन उच्चस्तरमा गर्ने र समीक्षा गर्ने युवकहरूले लिएको समालोचनाको नयाँ मोड हो । यो शोधग्रन्थ यस क्षेत्रमा ग्राउण्ड ब्रेक गरेको ऐतिहासिक कृति हो ।'[१९७] नेपालीमा ऐतिहासिक महत्त्व राख्ने प्रथम शोधग्रन्थ भएको यो शोधग्रन्थ नेपालीको सबैभन्दा स्तरीय र मानक शोधप्रबन्ध तथा पुस्तकका रुपमा देखिएको छ । 'यसप्रकारका कृतिको अर्को जोडा नेपालीमा छैन' ।[१९८] नेपाली समालोचनाका क्षेत्रमा नवीनतम र वस्तुवादी समालोचना पद्धतिका प्रारम्भकर्ता डा. खगेन्द्रप्रसाद लुइटेल हुन् । संरचनामाथि केन्द्रित भई वस्तुगत र वैज्ञानिक ढङ्गले विश्लेषण गर्ने संरचनावादी समालोचना पद्धतिको नेपाली समालोचनामा थालनीमात्र नगरी यसको स्पष्ट प्रारुप तयार पारी सैद्धान्तिक र प्रायोगिक रुपमा समालोचना गर्ने व्यक्ति, डा. लुइटेल नै हुन् । यस सन्दर्भमा यिनको **कविताको संरचनात्मक विश्लेषण** नेपाली समालोचनाका क्षेत्रमा कोसेढुङ्गो सावित भएको छ ।[१९९] 'अरुले हिँडेको बाटोमा नहिँडेर आफैँ बाटो बनाएर हिँड्ने अत्यन्त कठिन र चुनौतीपूर्ण कामतिर लागेका डा. खगेन्द्रप्रसाद लुइटेलको यो गुरुत्तम कृति आयामका दृष्टिले मात्र होइन समालोचनाको विषयका दृष्टिले समेत अत्यन्त गम्भीरतम र सर्वथा नवीन ग्रन्थ हो । संरचनावादी समालोचनाको थालनी यसै ग्रन्थबाट भएको हो । संरचनावादी सिद्धान्त र प्रयोगमा आधारित यस समालोचना ग्रन्थले समालोचनाको फाँटमा कविताको संरचनात्मक विश्लेषण युगले जन्माएको अन्यन्त नयाँ आविष्कार हो ।[२००] संरचनात्मक पक्षबाट नेपाली कविताको अध्ययन र अनुसन्धान गरिएको यो कृति नेपाली मै पहिलो हो ।

यसमा स्पष्ट प्रारुपका साथ कविताको विश्लेषण व्यावहारिक, वस्तुगत र वैज्ञानिक रुपमा प्रस्तुत गरिएको[२०१] कुरा उल्लेख छ ।

यसपालि एक साहित्यकारले सबै साहित्यकारका लागि यस्तो गहकिलो उपहार दिएका छन् । जसले अहिलेका लागि मात्र हैन पछिसम्मका लेखकका लागि पनि ठूलो सहयोग पुग्नेछ । स्रष्टाले यो उपहारको ऐनासामु आफ्नो सिर्जना राखेर, तिनको रुप, आकार, भाषाशैली, लय, छन्द, बिम्ब आदि अङ्ग प्रत्याङ्गहरू राम्रा, नराम्रा के कस्ता भएपनि जाँच गरी सुधार्ने प्रशस्त अवसर पाउनेछन् । त्यस्तो उपहार दिने नेपाली वाङ्मयलाई दिएको नितान्त नयाँ र बृहत् अन्वेषण, कविताको संरचनात्मक विश्लेषण हो । यो नयाँ विषयलाई नै पहिलो पालि सर्वाङ्ग रुपले नेपाली वाङ्मयमा अवतरण गराउने श्रेय डा.

---

१९६ प्रा.डा. बल्लभमणि दाहाल, **नेपालीमा नौलो उपहार र प्रथम प्रयोग**, कविताको संरचनात्मक विश्लेषण, (काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ६ ।

१९७ प्रा. अभि सुवेदी, **साहित्य सिद्धान्त र नयाँ नेपाली समीक्षा,** पूर्ववत्, पृ. ठ-ड ।

१९८ प्रा. मोहनराज शर्मा, **कविताको नयाँ साहित्य शास्त्र,** पूर्ववत्, पृ. ध ।

१९९ राजु भुसाल, कविताको संरचनात्मक विश्लेषण एक सङ्क्षिप्त अध्ययन, **लुम्बिनी,** (२०६३ असार २४), पृ. २ ।

२०० लक्ष्मणप्रसाद गौतम, **संरचनावादी समालोचनाको पहिलो ग्रन्थ**, पूर्ववत्, पृ. २२-२३ ।

२०१ विमल बराल, **नेपाली कविताको संरचनात्मक विश्लेषण, नेपालीपत्र,** (२०६२ भदौ ३), पृ. ७ ।

खगेन्द्र र उनको प्रस्तुत पुस्तकले पाएका छन् ।[२०२] 'नेपाली वाङ्मयमा साहित्यको संरचना पक्षको परिचय दिने उल्लेख्य सानै कृति पनि नभएको ठाउँमा यति गहन अध्ययन र विवेचनापूर्ण शोधग्रन्थ निर्माण र प्रकाशनले लेखकले अध्ययन, अनुसन्धान र लेखनको भगीरथको तपस्या दर्शाएको छ । यसबाट कविता क्षेत्रका स्रष्टा मात्र होइन, हरेक विधाका सर्जक संरचनामूलक ज्ञानको क्षेत्रमा पर्याप्त रुपले लाभान्वित हुन सक्नेमा कुनै शङ्का छैन । [२०३] भन्ने कुराको चर्चा गरिएको छ ।

पाश्चात्य भाषा साहित्यमा पाँच दशकभन्दा लामो संरचनावादी यात्राको एकमुष्ट प्रवर्तन नेपाली साहित्यमा भने यस कृतिसँगै भएको छ । तसर्थ, यो नेपाली समालोचनामा नयाँ आयाम हो, नौलो प्रयोग हो । यस ग्रन्थबाट नेपालीमा संरचनावादी समालोचना पद्धतिको थालनी, विस्तार र विकास एकसाथ भएको छ । एक्काइसौँ शताब्दीको वैज्ञानिक युगमा परम्परित प्रभाववादी ढर्रालाई समाप्त पारी वैज्ञानिक समीक्षाका लागि संरचनावादी सिद्धान्तलाई आत्मसात् गर्नुपर्ने आह्वान र अवसर उक्त पुस्तकबाट एकसाथ प्राप्त भएको छ ।[२०४]

नेपाली समालोचनाका क्षेत्रमा नवीनतम समालोचकीय पद्धति संरचनावादी समालोचना पद्धतिलाई अँगालेर खास समालोचना गर्ने व्यक्ति डा. खगेन्द्रप्रसाद लुइटेल हुन् । वास्तवमा यिनले नेपाली सामालेचनाका क्षेत्रमा यस पद्धतिको थालनी मात्र नगरी विकास र विस्तारसमेत गरेको देखिन्छ । समालोचक डा. लुइटेलको कलम विना कुनै आग्रह र विना कुनै भेदभाव निष्पक्ष तटस्थ, तार्किक, वैज्ञानिक र संरचनात्मक दृष्टिकोण अँगालेर अगाडि बढेको देखिन्छ । सैद्धान्तिक र खोजमूलक पद्धतिबाट समालोचना क्षेत्रमा लागेका समालोचक लुइटेल समयको अन्तरालसँगै विभिन्न चिन्तनलाई भित्र्याउने समालोचक हुन् । संरचनावादी समालोचना प्रारम्भ, सम्बर्द्धन, संरक्षण र विस्तारसमेत गरेको देखिन्छ । संरचनावादी समालोचना प्रारम्भ, सम्बर्द्धन, संरक्षण र विस्तार गर्ने डा. खगेन्द्रप्रसाद लुइटेल अहिले यस पद्धतिलाई चरम उत्कर्षमा पुऱ्याउन कम्मर कसेर लागेका छन् । यिनका यस पद्धतिसँग सम्बन्धित कथा, कविता, नाटक, निबन्ध, एकाङ्की सबै विधासँग सम्बन्धित प्रशस्त समालोचनात्मक लेखहरू प्रकाशित भएका छन् । पत्रपत्रिकाहरूमा प्रकाशन हुनुका साथै डा. खगेन्द्रप्रसाद लुइटेलको निर्देशनमा स्नातकोत्तर तहका केही शोधपत्र र विद्यावारिधि शोधप्रबन्ध तयार भएका छन् ।

---

[२०२] मोदनाथ प्रश्रित, **कविताको संरचनात्मक विश्लेषण, कान्तिपुर,** (२०६२ असोज १), पृ. छ ।

[२०३] ऐजन ।

[२०४] रामबहादुर बोगटी, **सिद्धान्त र संरचना विश्लेषणको एकीकृत प्रस्तुति, देशान्तर,** (२०६३ साउन २८), पृ. ४ ।

## पाँचौं परिच्छेद

# डी.पी. अधिकारीको समालोचना यात्रा

## ५.१ परिचय

डी.पी. अधिकारी नेपाली साहित्यको फाँटमा कथा, उपन्यास र समालोचनामा कलम चलाउने व्यक्ति हुन् । यिनी नेपाली समालोचनामा प्रगतिवादी ढङ्गबाट समालोचना गर्ने व्यक्ति हुन् । अधिकारीको साहित्य लेखनको समय वि.सं २००७ साल पछिको सामाजिक र राजनैतिक जागरणको समय हो । त्यस समयमा प्रगतिवादी समालोचकहरूले नेपाली साहित्यमा डी.पी. भन्दा पहिलेदेखि नै धेरैले कलम चलाउन थालेका थिए । २००७ सालको वातावरणमा प्रगतिवादी धारामा कलम चलाउने साहित्यकारहरू गोपालप्रसाद रिमाल, हृदयचन्द्रसिंह प्रधान, श्यामप्रसाद शर्मा, ताना शर्मा, गोविन्द भट्ट, आनन्ददेव भट्ट देखापरिसकेका थिए । यस समयमा प्रगतिशील लेखक संघको जन्म भइसकेको थियो । यही प्रगतिशील धाराबाट प्रभावित भई लेख्ने समालोचकमा डी.पी. अधिकारी पर्दछन् ।

अधिकारीका प्रकाशित समालोचनात्मक कृतिमा देखिएका खास-खास मोड र प्रवृत्तिका आधारमा यिनको समालोचना यात्रालाई निम्नलिखित दुई चरणमा विभाजन गर्न सकिन्छ :

(१) पहिलो चरण (२०१७-२०३२)

(२) दोस्रो चरण (२०३२- हालसम्म)

## ५.२ पहिलो चरणः (२०१७-२०३२)

डी.पी. अधिकारीको पहिलो चरणको प्रारम्भ २०१७ सालमा प्रकाशित भएको **यथार्थवादी समालोचना**बाट भएको हो । यो पुस्तक आफ्नी साली सरिता ढकाललाई लेखेको पत्रहरूको सङ्कलन हो । यो पुस्तक समालोचना भन्दा बढी आत्मपरक निबन्धात्मक अभिव्यक्ति बन्न पुगेको छ । यस पुस्तकका लेखहरू सबै मझौला किसिमका छन् । पहिलो शीर्षक 'कवि व्यथित र काव्यसाधना'मा साहित्य मनोरञ्जन प्रदान गर्नाका लागि मात्र सृजना गरिन्छ भन्ने प्रधानको भनाइमा अधिकारीले असन्तोष व्यक्त गरेका छन् । 'नेपाली साहित्य र प्रगतिवाद'मा साहित्यमा प्रगतिवादको प्रवेशले गर्दा शिल्प, कला, सौन्दर्य नाश भई साहित्य रुखो भयो भन्ने कृष्णचन्द्रसिंह प्रधानको भनाइ खण्डन गरेका छन् । 'नेपाली साहित्यमा फ्रायडवादी प्रसार' फ्रायडवाद पाश्चात्य पूँजीवादको देन हो । पाश्चात्य पूँजीवादी संस्कृति सारा विश्वलाई नै नाङ्गो पारी आफ्नो लुप्त लिप्सालाई तृप्त गर्न चाहन्छ । 'नेपाली साहित्यका कमजोरीहरू' भन्ने लेखमा नेपाली साहित्यमा लेखिएका केही कृतिहरूको चर्चा उठाउँदै हाम्रो राष्ट्रियताले हाम्रा संस्कृति र साहित्यलाई विदेशी प्रभावबाट मुक्त गराउन सक्नुपर्दछ , यसका लागि हाम्रो देशलाई विदेशीको मुख ताक्ने

बानी नभएको स्वावलम्बी बनाउनु पर्छ भन्ने माग अधिकारीले अगि सारेका छन् ।[२०५] अधिकारीको अन्तिम समीक्षात्मक लेख 'लेखकले ध्यान दिनुपर्ने कुरा' हो यसमा मार्क्सवादी शिक्षाले सिकाउने कुराको जानकारी गराएका छन् । [२०६]

यस चरणमा प्रगतिवादको सिद्धान्तलाई पच्छ्याउने समालोचकका रूपमा डी.पी. अधिकारी देखापरेका छन् । समालोचनाका कतिपय ठाउँमा निबन्ध लेखनमा जस्तै आत्मपरकता शैलीलाई अँगालेका छन् । अधिकारीले समालोचनाको समीक्षा गर्दा प्रश्नोत्तर शैलीलाई अपनाएका छन् । अधिकारीको प्रश्नोत्तर शैलीको एउटा उदाहरण निम्नअनुसार छ -

'साहित्यकारले एकोहोरो समाजमा जे देख्यो त्यो मात्र चित्रण गर्ने गर्छ ? हो, एउटा साहित्यकार आफ्नो समाजको नियमबाट प्रभावित हुँदाहुँदै पनि त्यो स्वतन्त्र पनि हुने गर्दछ ?'

यसै समयमा अधिकारीले केही फुटकर रचनाहरू पनि लेखका छन् । ती यसप्रकार रहेका छन् ।

(१) **'राष्ट्रियता', कोपिला,** (सामयिक साहित्य सङ्कलन, २०१७)

(२) **नेपाली साहित्य र सामाजिक यथार्थ, रूपरेखा,** (२०२१)

**राष्ट्रियता** अधिकारीको २०१७ सालमा **रूपरेखा** पत्रिकामा प्रकाशित लेख हो । यसमा अधिकारीले आफ्नी साली सरिता ढकाललाई लेखेको पत्र हो । मनगढन्ते शैलीमा आफ्ना विचार प्रस्तुत गरेका छन् । राष्ट्रियता आजको भन्दा निकै सङ्गठित र सुदृढ पूँजीवाद र साम्राज्यवादको उदयले हुन्छ । आज नेपालीहरूबाट नै आफ्नो राष्ट्रिय परम्परालाई पुरानो भन्दा पुरानो देखाउने काम भएको छ [२०७] भन्ने धारणा अधिकारीको रहेको छ ।

अधिकारीको अर्को लेखको शीर्षक हो, 'नेपाली साहित्य र सामाजिक यथार्थ' हो । यस लेखमा अधिकारीले नेपाली साहित्यलाई सामाजिक यथार्थसँग दाँजेर हेर्ने काम गरेका छन् । यस लेखमा हाम्रो साहित्यले राष्ट्रिय जनजीवनको व्यापक स्वरूपमा विकास गर्न नसक्नु र साहित्यिक चिन्तनलाई राष्ट्रिय घेराको माथिसम्म उठाउन नसक्नु यी दुई प्रमुख समस्या हुन् भन्ने दृष्टिकोण अधिकारीको रहेको छ ।

अधिकारीले मनगढन्ते शैलीमा आफ्ना विचारलाई व्यक्त गरेका छन् । यस चरणमा नेपालमा प्रगतिवादी साहित्यको प्रभाव, फ्रायडवादी साहित्यको स्वरूप, राष्ट्रिय स्वावलम्बनको आवश्यकता र लेखकका लागि आवश्यक तत्त्वहरूको बोध विषयमा जानकारी गराउने काम अधिकारीले **यथार्थवादी समालोचनमा** गरेका छन् । यस चरणको मूलभूत प्रवृत्ति प्रगतिवाद नै हो ।

---

[२०५] रविलाल अधिकारी, **प्रगतिवादी नेपाली समालोचना**, (पोखराः लेकाली प्रकाशन, २०५६), पृ. ११४ ।

[२०६] ऐजन ।

[२०७] डी.पी. अधिकारी, **राष्ट्रियता, कोपिला**, (वर्ष १, अङ्क १, सामाजिक साहित्य सङ्कलन, २०१७) पृ. २ -६ ।

## ५.३ दोस्रो चरण (२०३२- हालसम्म)

डी.पी. अधिकारी समालोचना यात्राको दोस्रो चरणको प्रारम्भ **नेपाली साहित्य र आलोचना** (२०३२) बाट भएको हो । यसमा विभिन्न पत्रपत्रिकामा छापिसकेका लेखहरू सङ्कलन गरिएको छ । यसका लेखहरू कुनै लामा कुनै मझौला किसिमका छन् । यस चरणमा अधिकारी प्रगतिवादका साथसाथै सामाजिक यथार्थवादी प्रवृत्तितिर उन्मुख भएको देखिन्छ । **नेपाली साहित्य र आलोचनाको** पहिलो शीर्षक 'नेपाली साहित्यमा सामाजिक प्रतिनिधित्व' हो । यस समीक्षात्मक लेखमा अधिकारीले २००७ साल अगि र पछि नेपाली साहित्य धेरै प्रचारमा आएका साहित्यिक रचनाको उल्लेख गर्दै तिनीहरूमा सामाजिक प्रतिनिधित्व खोज्ने काम गरेका छन् ।[२०८]

'साहित्यमा आधुनिकतावाद के हो' भन्ने लेखमा आधुनिकता भनेको शैली परिवर्तनको आन्दोलन हो । भारतमा सम्पन्न 'परिमल रजत जयन्ती' मा विश्वेश्वरप्रसाद कोइरालाले बोलेको सन्दर्भलाई खण्डन गरेर उनले भनेको आधुनिकता फ्रायडवाद मात्र हो भन्ने निष्कर्ष अधिकारीले निकालेका छन् ।[२०९] खास गरेर साहित्यको शिल्प र विषयवस्तुलाई स्वतन्त्र अस्तित्व मान्ने कोइरालाका मतको खण्डन गर्दै साहित्य परिवर्तनका प्रभावबाट अछुतो रहने यौनवादको प्रदर्शन गर्न खोजेको आरोप कोइरालामाथि लगाइएको छ ।[२१०]

२०३२ सालपछि अधिकारीको विचारमा केही परिवर्तन आएको छ । साहित्य लेखनमा केही समयसम्म निश्क्रिय बसेका डी.पी. अधिकारी २०४६ सालको जनआन्दोलनपछि मात्रै उनका फुटकर लेख रचना पत्रपत्रिकामा प्रकाशित भएका छन् । फुटकर साहित्यिक कृति निम्नअनुसार छन्:

(१) 'दुई भाईः दुई उपन्यास', **रश्मि,** (२०४९)

(२) ' उपन्यास **त्रिदेवी** आलोचनात्मक हेराइमा', **मुधपर्क** २०५२ जेष्ठ, वर्ष २८, अङ्क १ ।

(३) 'नेपाली उपन्यास र जनजीवन', **नेपाली समालोचना,** (२०५५) ।

'उपन्यास **त्रिदेवी** आलोचनात्मक हेराइमा' र 'नेपाली उपन्यास र जनजीवन' यी दुई फुटकर लेख **नेपाली उपन्यास र जनजीवन** (२०६०) पुस्तकमा प्रकाशित भएका छन् । अधिकारीको **रश्मि** पत्रिकामा प्रकाशित फुटकर लेखको शीर्षक 'दुई भाइ दुई उपन्यास' हो । यस लेखमा अधिकारीले धनुषचन्द्र गौतमको **घामको पाइला** र ध्रुवचन्द्र गौतमको **अलिखित** उपन्यासको सामान्य चर्चा गरेका छन् ।

यस चरणमा अधिकारीको अर्को समालोचनात्मक कृति **नेपाली उपन्यास र जनजीवन** (२०६०) हो । यसमा बाह्रवटा लेखहरू समावेश गरिएको छ । यसका ६ वटा

---

[२०८] डी.पी. अधिकारी, **नेपाली साहित्य र आलोचना,** (काठमाडौं : स्कुल अफ जर्नालिज्म, २०३२), पृ. १ ।

[२०९] रविलाल अधिकारी, पूर्ववत्, पृ. ११४ ।

[२१०] ऐजन ।

शीर्षक अघिल्लो पुस्तक 'नेपाली साहित्य र आलोचनामा' प्रकाशित भइसकेका छन् । यसबाट के स्पष्ट हुन्छ भने खाली समालोचना लेख्ने रहरले मात्र लेखेको जस्तो देखिन्छ ।

यस चरणमा प्रगतिवादी नेपाली समालोचनामा मतमतान्तरको स्थिति देखाउने काम डी.पी. अधिकारीबाट भएको हो । अभिव्यक्तिको स्पष्टता, भाषिक सामर्थ्य यिनका समालोचनात्मक प्रवृत्ति मानिन्छन् ।[२११] वर्गीय आधारलाई अधिकारीको समालोचनाले अबलम्बन गरेको देखिन्छ । विवादको विषयवस्तु समात्नु, मार्क्सवादी समालोचनात्मक दृष्टिको आड लिनु, कला र विषयवस्तुको सन्तुलन खोज्नु, स्पष्ट र प्रभावकारी भाषामा लेख्नु तथा भाषिक शुद्धिमा विशेष ध्यान नदिनु ।[२१२] यिनै अधिकारीका मूलभूत समालोचनात्मक प्रवृत्ति मानिन्छन् ।

## ५.४ निष्कर्ष

यसप्रकार अधिकारीको समालोचनाको यात्रा २०१७ सालदेखि हालसम्म विस्तारित भएको देखिन्छ । यसै बीचमा यिनका समालोचनात्मक कृति र फुटकर समालोचनात्मक लेखहरू प्रकाशित भएका देखिन्छन् । पहिलो चरणको प्रतिनिधित्व गर्ने कृति **यथार्थवादी समालोचना** (२०१७) हो । प्रगतिवादतिर उन्मुख हुनु यसको मूल प्रवृत्ति हो । दोस्रो चरणको प्रतिनिधित्व गर्ने कृति **नेपाली उपन्यास र जनजीवन** (२०६०) हो, यसमा समसामयिक देशको आर्थिक अवस्थाको चित्रण गर्नु यसको मूल प्रवृत्ति हो ।

[२११] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १५९ ।

[२१२] रविलाल अधिकारी, पूर्ववत्, पृ. १७९ ।

## छैटौं परिच्छेद

# डी.पी. अधिकारीका समालोचनात्मक कृतिहरूको विश्लेषण

## ६.१ परिचय

आधुनिक नेपाली समालोचनाका क्षेत्रमा डी.पी. अधिकारी प्रगतिवादी समालोचकका रूपमा परिचित छन् । २०१७ सालदेखि समालोचनाका क्षेत्रमा प्रवेश गरेका अधिकारी हालसम्म प्रकाशित कृतिहरूमा **यथार्थवादी समालोचना** (२०१७), **नेपाली साहित्य र आलोचना** (२०३२), **नेपाली उपन्यास र जनजीवन** (२०६०) जस्ता कृति रहेका छन् । यसमा अधिकारीका यिनै पुस्तकाकार कृतिहरूका साथै अन्य फुटकर समालोचनात्मक लेखहरूको विश्लेषण गरिएको छ ।

## ६.२ यथार्थवादी समालोचना (२०१७) को विश्लेषण

### (१) विषयवस्तु

डी.पी. अधिकारीको **यथार्थवादी समालोचना** (२०१७) पहिलो चरणको प्रतिनिधित्व गर्ने कृति हो । २००७ सालको जनसङ्घर्षको अघिपछि, हृदयचन्द्र, कृष्णचन्द्र, श्यामप्रसाद आदिद्वारा प्रगतिवादी साहित्य सृजना र समीक्षाको यात्रा सुरु गरेको बेलामा प्रगतिवादी समालोचकका रूपमा डी.पी. अधिकारी देखापर्दछन् । आरम्भमा २०१३-२०१४ सालतिर पत्रात्मक शैलीमा वैचारिक समीक्षात्मक लेखहरू लेख्न थालेका अधिकारीको पहिलो सङ्कलित कृति **यथार्थवादी समालोचना** (२०१७) हो । यसमा आफ्नी साली सरिता ढकाललाई लेखेको पत्रहरुको सङ्कलन समावेश गरिएको छ ।

(१) साहित्यको उपयोगिता

(२) नेपाली साहित्य र प्रगतिवाद

(३) नेपाली साहित्यमा फ्रायडवादी प्रसार

(४) नेपाली साहित्यमा केही कमजोरीहरू

(५) लेखकले ध्यान दिनुपर्ने कुरा

यिनको विश्लेषण यसप्रकार गरिएको छ । नेपाली साहित्यमा प्रगतिवादको प्रभाव बढिरहेको समयमा प्रगतिवादी फाँटमा कलम चलाउनेहरू प्रशस्त निस्के, तर प्रगतिवादप्रति वस्तुस्थिति जति क्रुर र प्रतिकूल हुन थाल्यो त्यति नै प्रगतिवादी फाँटबाट

पलायन र विग्रहका लक्षण देखापर्न थालेको पाइन्छ । डी.पी. अधिकारी व्यवहारिक र राजनैतिक जीवनमा जे भए पनि समीक्षा क्षेत्रमा आफ्नो अडानबाट च्यूत नभएका देखिन्छन् । [२१३] मार्क्सवादसँग साहित्यको सम्बन्ध रहेको हुन्छ ।

समालोचक अधिकारीको **यथार्थवादी समालोचना**मा सङ्कलित पहिलो समीक्षात्मक लेख 'साहित्यको उपयोगितामा' कृष्णचन्द्रसिंह प्रधानले लेखेको **कवि व्यथित र काव्यसाधना** भन्ने पुस्तकको चर्चा गरेका छन् । अधिकारी साहित्यलाई सँधै समाज उपयोगी आँखाले हेर्ने गर्दछन् । अधिकारीका अनुसार साहित्य सँधै समाजसँग सम्बन्धित हुने भएकाले यसमा युगयुगको छाप उत्रने गरेरै आएको छ । यस समालोचनामा कृष्ण चन्द्रसिंह प्रधानले **कवि व्यथित र काव्यसाधना**मा व्यक्त गरेको धारणाको खण्डन गरेका छन् । साहित्य मनोरञ्जन प्रदान गर्नाका लागि मात्र सृजना गरिन्छ भन्ने प्रधानको भनाइमा अधिकारीले असन्तोष व्यक्त गरेका छन् । आजको साहित्यमा दुई विपरित वर्गीय विचारधाराहरू देखापरेका छन् । एउटा जनजीवनसँग सम्बन्धित प्रगतिशील धारा र अर्को पूँजीवादी धारा हुन् भन्ने अधिकारीको मान्यता छ । त्यसैले अधिकारी वर्गीय द्वन्द्वको प्रतिच्छाया हुनुपर्दछ भन्ने कुरामा विश्वस्त रहेका देखिन्छन् ।

मार्क्सवादी दृष्टि अनुसार कला साहित्यले सत्तासीन पूँजीपति वर्गको हितलाई नभएर समाजवादी साम्यवादी समाजव्यवस्थाको निर्माणमा जुटेको सर्वहारा वर्गको वर्गीय हितलाई व्यक्त गर्नुपर्दछ ।[२१४] यसै भनाइमा सहमत हुने अधिकारी साहित्यले सर्वहारा वर्गको जनजीवनलाई समेट्न सक्नुपर्दछ भन्दछन् ।

अधिकारीले जनजीवनलाई विषयवस्तु बनाएर लेख्ने कविलाई नै प्रगतिशील कविको संज्ञा दिएका छन् । यिनले कवितालाई सपनासँग तुलना गरेका छन्, जसरी राती निद्रामा सपना अनेक किसिमको देखिन्छ र जीवित रहँदा हराउँछ, त्यसरी नै कतिपय कविका कविता पनि सपना जस्तै कोरा र काल्पनिक छन् जुन यथार्थसँग गाँसेर हेर्न सकिँदैन भन्ने उनको आरोप रहेको छ । कलाकलाका लागि नभई कलासमाजका लागि लेख्नुपर्दछ भन्ने भनाइमा सहमति राख्ने अधिकारीले साहित्यलाई इतिहास र राजनीतिसँग पनि तुलना गरेका छन् । २००७ सालको राजनैतिक आन्दोलनको समयमा प्रगतिशील साहित्य पनि राणाशासनको विरोधमा देखापरेको कुरालाई समालोचक अधिकारीले व्यक्त गरेका छन् । भाषा र कलाको सम्बन्ध तार र विद्युत शक्तिको जस्तै समान हुने गर्दछ । कला व्यक्तिको कोरा कल्पना नभई विषयवस्तुसँग सम्बन्धित हुने गर्दछ । साहित्य र समाजको सम्बन्ध नङ्ग र मासुको जस्तै निकट रहन गएको छ ।[२१५] प्रगतिवाद घोक्ने कुनै दीक्षा मन्त्र नभई समाजमा भइरहेको चौतर्फी विकासको चरित्रचित्रण हो । साहित्य पनि समाजभित्रको एक क्रियात्मक स्वरूप हो भन्ने धारणा अधिकारीको रहेको छ । लाखौंलाख देशवासीहरू सामाजिक उत्पीडनको कारणले थिए । जनसंवेदनाले प्रतिनिधित्व भएको साहित्य नै

---

[२१३] ऋषिराम भुसाल, पूर्ववत्, पृ. ९३ ।

[२१४] देवीप्रसाद गौतम, पूर्ववत्, पृ. ८३ ।

[२१५] डी.पी. अधिकारी, **यथार्थवादी समालोचना,** (काठमाडौं: टी. आर विश्वकर्मा, २०१७), पृ. २२ ।

प्रगतिवादको लक्षण हो । साहित्यले कलाको हत्या गर्दछ भने प्रगतिवाद त्यसका लागि दोषी हुन सक्तैन भन्ने धारणा अधिकारीको रहेको छ ।

अधिकारीको समालोचनाको अर्को शीर्षक 'नेपाली साहित्य र प्रगतिवाद' हो । यहाँ अधिकारीले साहित्यमा प्रगतिवादको प्रवेशले गर्दा शिल्प, कला, सौन्दर्य नाश भई साहित्य रुखो भयो भन्ने कृष्णचन्द्रसिंह प्रधानको भनाइको खण्डन गरेका छन् । प्रजातन्त्रको आरम्भसँगै देशमा विभिन्न राजनैतिक विचारधाराले प्रवेश गर्ने क्रममा मार्क्सवाद पनि भित्रिएको स्वीकार गर्दै प्रगतिशील साहित्य बन्नका लागि मार्क्सवाद नै बन्नु पर्ने आवश्यकता नभएको अधिकारी ठान्दछन् । मार्क्सवादले साहित्यिक शिल्प र सौन्दर्यको उपेक्षा गर्दछ भन्ने भ्रमात्मक विचार कृष्णचन्द्रसिंह प्रधानले लिएको बताउँदै अधिकारी भन्छन् : मार्क्सवादी समालोचनाकला कौशललाई त्यति नै महत्त्व दिने गर्दछ ।[२१६] सामन्ती व्यवस्थाबाट मुक्त पाएका देश र जनताले पूँजीवादको पछि लाग्नु बाहेक अरु कुनै बाटो देखेका थिएनन् । पूँजीवाद र प्रगतिवाद साहित्य संस्कृति नै त्यस समयमा सबैभन्दा क्रान्तिकारी शक्ति मानिन्थ्यो ।[२१७] आजको नेपाली साहित्यमा संकट देखापरेको छ ।

वास्तवमा मान्छे स्वभावैले प्रगतिप्रेमी हुन्छ र ऊ प्रगतिशील हुन पनि चाहन्छ । त्यस्तै प्रगतिको अर्थ मानव जातिले आर्जन गरेको समस्त ज्ञानविज्ञानद्वारा जीवनलाई भौतिक र बौद्धिक रूपले समृद्ध पार्दै मानव समाजका विसङ्गतिलाई निर्मूल पारी प्रकृति माथि विजय प्राप्त गर्नु हो ।[२१८] २००७ सालको जनआन्दोलनपछि धेरै कविहरू प्रगतिवादको धारालाई लिएर देखा परे । लेखनाथ समेत 'प्रगतिप्रेमी हृदय छ मेरो' भन्दै अगि बढेको पाइन्छ । साहित्यलाई कोरा रूपले मात्र मूल्याङ्कन गर्ने पद्धतिले २००७ सालको क्रान्तिको लहरसँगसँगै देशका लेखकहरूमा मौलाएको प्रगति पक्षीय चरित्रलाई सूक्ष्म रूपले हेर्न नसकेर यस्ता रचना अपेक्षित भए । प्रगतिशील पक्षको यस कमजोरीको फाइदामा विपक्षीले प्रगतिशीलतामा कलाकौशलकै हत्या गर्छ भनी सबैलाई तर्साउने मौका पाए । यही हमलाबाट अड्न नसकी प्रगतिवाद पनि व्यक्तिवादकै अगाडि घुँडा टेक्न पुगेको राम्रो उदाहरणमा कृष्णचन्द्रसिंह प्रधानको **कवि व्यथित र काव्यसाधाना** हो भन्ने चर्चा पाइन्छ ।[२१९] यसै क्रममा पूँजीवादी साहित्यले समाजलाई भन्दा व्यक्तिलाई महत्व दिने भएकाले नेपाली साहित्य सङ्कटमा परेकोमा विरोधीले गरेको हौसलाबाट प्रगतिशील साहित्य दिनदिनै पलायन बन्दै गइरहेकोमा अधिकारीले चिन्ता प्रकट गरेका छन् । साहित्य सर्वसाधारण वर्गको जीवनस्तर उकास्न नलेखिएर मनोरञ्जनतिर लागेकाले यो शिक्षित वर्गमा मात्रै सीमित बन्न पुग्यो भन्ने उनको धारणा छ ।

**यथार्थवादी समालोचना**को अर्को विषय 'नेपाली साहित्यमा फ्रायडवादी प्रसार' हो । फ्रायडवाद पाश्चात्य पूँजीवादको देन हो । पाश्चात्य पूँजीवादी संस्कृति सारा विश्वलाई नै नाङ्गो पारी आफ्नो लुप्त लिप्सालाई तृप्त गर्न चाहन्छ । यही फ्रायडवादलाई नेपाली

---

[२१६] ऐजन ।

[२१७] ऐजन ।

[२१८] विष्णु प्रभात, **चिन्तन र सौन्दर्य,** (काठमाडौंः कल्पवृक्ष प्रकाशन, २०४८), पृ. १४ ।

[२१९] कुमारी सारिता ढकाल, **प्रगतिशील दृष्टिमा केही समालोचनाहरू,** (काठमाडौंः रत्न पुस्तक भण्डार, २०४०), पृ. ५५ ।

साहित्यमा भित्र्याउने विश्वेश्वरप्रसाद कोइराला हुन् । विशेष गरेर कोइरालाको २००७ साल अगि प्रकाशित रचनाहरूमा **कर्नेलको घोडा, होड, सिपाही** आदिद्वारा नेपाली साहित्यमा यौनको गन्ध सुघाउने काम गरिएको थियो । फ्रायडको मनोवैज्ञानिक सिद्धान्तलाई नै कोइरालाले आफ्ना रचनामा भित्र्याएका हुन् । फ्रायडको सिद्धान्तको मूल तत्त्व कामेच्छा वा कामवृत्ति हो र कोइराला पनि यही सिद्धान्तलाई अँगाल्दै साहित्यसिर्जना यौनभावनाको अतृप्तिले गर्दा हुन्छ भन्दछन् ।

फ्रायडका दृष्टिमा साहित्यको हेतु वा कारक तत्त्व नै कामेच्छा वा कामवृत्ति हो । जब कुनै व्यक्तिको अचेतन मनमा कामेच्छाको भोक सबल रहन्छ र त्यसको पूर्तिको सम्भावना हुँदैन तब त्यसको क्षतिपूर्तिको रूपमा साहित्यमा यौन भावना अभिव्यक्त भएर प्रकट हुन्छ । फ्रायडका विचारमा मान्छे एक प्रकारको मनोरोगी नै हो र उसबाट अभिव्यक्त साहित्यिक भावना एक प्रकारको मनोव्यथा हो । काम भावनालाई जीवनको मूल शक्तिका रूपमा स्वीकार गर्ने फ्रायडका अनुसार साहित्यमा मूलतः यौनभावना हुनुपर्ने देखिन्छ । [२२०]

यौन वासनाका उपाशकहरू फ्रायडवादबाट प्रभावित हुने भएकाले यौन-कामना नै समाजको मूल आधार हो । समाजको विकास र ह्रास यसैमा निर्भर हुने गर्दछ । यौन सम्बन्धलाई स्वतन्त्र नबनाउँदा समाजमा विश्रृङखल उत्पन्न हुन जान्छ । जङ्गली अवस्थाका यौन स्वतन्त्रतालाई एकनिष्ठ विवाहमा परिवर्तन गराउनमा नारीको महत्वपूर्ण भूमिका रहेको हुन्छ भन्ने वाखोफिनको भनाइको समर्थन गर्दै एङ्गेल्सले यसरी व्याख्या गर्छन्: आदिम साम्यवादको नारा हुनुको साथै जङ्गली यौन सम्बन्ध टुट्दै नारीले आफ्नो सतित्व रक्षाका लागि एउटा निश्चित पुरुषसँग वैवाहिक सम्बन्ध राख्नुपर्दछ [२२१] भन्ने दृष्टिकोण अधिकारीको रहेको छ ।

यही फ्रायडको विचारमा सहमति हुँदै साहित्य सिर्जना गर्ने विश्वेश्वरप्रसाद कोइरालाका प्रायः सबै रचना यौनप्रधान रहेका छन् । यी छाँडा र अश्लील रचना समाज उपयोगी हुनाको साटो कामवासना युक्त सावित हुन पुगेका छन् । यौनवादी साहित्यकारलाई देश र जनताप्रति कुनै वास्ता नगर्ने साहित्यकारका रूपमा आरोपित गर्दै उनीहरूलाई मनोरञ्जन दिलाउन मात्र साहित्य लेख्ने तर्फ अधिकारीले असन्तोष व्यक्त गरेका छन् । फ्रायडवादीहरू प्रगतिवादका दुश्मन हुन भनेका छन् । समाजमा दिनहुँ उत्पन्न जटिलताले मानव व्यवहारमा देखिने व्यापक चरित्रलाई साहित्यलेखनले उतार्ने गरेको छ , तर मान्छेको मनोवैज्ञानिक घेरा कदापि पनि यति सानो रहन सक्दैन । [२२२] यसरी नै यौनवादी रचनाले ल्याएको विकृतिको चर्चा गर्दै अधिकारीले कवि रिमालको **प्रति** कविता र रमेश विकलको **बासी फूलदानी** र विजय मल्लको **गगल्स** कविताको कमजोरी पक्षलाई देखाएका छन् ।

---

२२० नरेन्द्र चापागाईं र दधिराज सुवेदी, **कोइरालाको साहित्यको समग्र अध्ययन,** (विराटनगरः प्रतिभा पुरुकार प्रतिष्ठान, २०५१), पृ. १२३ ।

२२१ डी.पी. अधिकारी, पूर्ववत्, पृ. ३८ ।

२२२ ऐजन ।

**यथार्थवादी समालोचना**को अर्को विषय 'नेपाली साहित्यमा केही कमजोरी', यस समीक्षात्मक लेखमा अधिकारीले नेपाली साहित्यमा देखापरेका व्यक्तिवादिता पलायनवादिता तथा आत्मकेन्द्रितता जस्ता कमजोरीतर्फ इङ्गित गर्दै यसको कारण देखाएका छन् । यसमा नेपाली साहित्यमा लेखिएका केही कृतिहरूको चर्चा उठाउँदै हाम्रो राष्टियताले हाम्रो संस्कृति र साहित्यलाई विदेशी प्रभावबाट मुक्त गराउनुपर्दछ । यसका लागि हाम्रो देशलाई विदेशीको मुख ताक्ने बानी नभएको स्वावलम्बी बनाउनु पर्छ भन्ने धारणा अधिकारीले अगि सारेका छन् । [२२३] हाम्रो देशका लेखकहरू देशका क्रान्तिकारी जनता किसान, मजदुरसँगको सजीव सम्पर्क देखि टाढा मध्यम वर्गीय संसारकै घेराभित्र थुनिएका छन् , जसको फलस्वरूप उनीहरू सङ्घर्षलाई असम्भव ठानेर पलायनवादी वा व्यक्तिवादी एकाङ्गी संसारका गायक बनेका छन् । यसै सिलसिलमा समको **चिसो चुल्लो,** विजय मल्लको **कविता सङ्ग्रह,** श्यामदास वैश्णवको **पतकर**, विकलको **विरानो देशमा**, गोठालेको **कथैकथा** र अन्य केही कविहरूका कविता पेश गर्दै तिनमा भएका व्यक्तिवादी, यौनवादी, पलायनवादी, प्रवृत्तिको आलोचना गरेका छन् । उनले यस्ता साहित्यको विरोध गर्दै देशका लाखौं जनतालाई नयाँ उत्साह दिने साहित्यको आवश्यकता देखाएका छन् ।

**यथार्थवादी समालोचना**को अर्को विषय हो 'लेखकले ध्यान दिनुपर्ने कुरा'। यसमा अधिकारीले सरिता ढकाललाई पत्रका रूपमा लेखेको अन्तिम लेखमा मार्क्सवादी शिक्षाले सिकाउने धेरै कुराको जानकारी गराएका छन् । वुर्जुवाहरूले कलाकलाका लागि लेखिन्छ भनेतापनि कला साहित्य जनताका लागि लेखिनुपर्दछ । साहित्यरचना गर्ने नै मनुष्य भएकाले त्यसले केही लेख्दछ भने समाजभित्रै बसेर समाजको लागि उपयोगी कुरा नै लेख्नुपर्दछ भन्ने उनको धारणा रहेको छ । मार्क्सले कलात्मक सृजनशीलतामा सामाजिक विकासका आम नियमहरू नै लागू हुन्छन् भन्दै साहित्य र समाज बीचको घनिष्ठ सम्बन्धतिर सङ्केत गरेका छन् । [२२४] साहित्यकला र संस्कृति इत्यादि राजनीतिको समान समाजको व्यवस्थाबाट प्रभावित रहने गर्दछ ।

अधिकारीले साहित्यसँधै समाजपरक हुनुपर्दछ भनेका छन् । वास्तवमा साहित्य समाजविकासको एउटा प्रक्रिया हो । साहित्य अन्तर्गत कहानी पनि लेखिन्छ तर त्यो कहानी वास्तविक जीवनसङ्गत हुनुपर्दछ । बुर्जुवा साहित्यकारले कहिले पनि जनताको लागि साहित्य नलेख्ने भएकाले उनीहरू प्रगतिशील साहित्यका बाधक तत्व हुन् पाश्चात्य पूँजीवादी फ्रायडवाद प्रगतिवादी साहित्यको बाधक हो । यसले यौनलाई मात्र एकाङ्गी महत्त्व दिन्छ । कोइरालाको कर्णेलको घोडाले हाम्रो समाजलाई कुनै शिक्षा दिन नसकेको तर्क अधिकारीले अगि सारेका छन् ।

## ६.३ भाषाशैली

डी.पी. अधिकारीले आफ्नो समालोचनामा भाषिक सरलतालाई अँगालेका छन् । उनको समीक्षाको भाषा सरल छैन । उनको **यथार्थवादी समालोचना**का कतिपय ठाउँमा

[२२३] रविलाल अधिकारी, पूर्ववत्, पृ. ११४ ।

[२२४] मार्क्स एङ्गेल्स, **साहित्य र कला**, (मास्कोः प्रगति प्रकाशन, २०४२), पृ. १७ ।

निबन्ध लेखनमा जस्तो आत्मपरकता पनि कहीँ-कहीँ देखिन्छ । यिनले यस समालोचनामा आगन्तुक शब्दको प्रयोग गरेको पाइन्छ । अंग्रेजी आगन्तुक शब्दहरूमा टेक्निक, स्ट्यान्जा स्पिरिट जस्ता शब्दको प्रयोग गरेका छन् । उनले प्रयोग गरेको वाक्यमा अङ्ग्रेजी भाषाको प्रभाव झल्किन्छ । जस्तै स्पष्ट छ कि, अब यहाँ हेर्नु यो छ कि' ।

अधिकारीको लेखनको अर्को विशेषताको रूपमा द्वित्व प्रक्रियाबाट बनेका शब्दको प्रयोगलाई लिन सकिन्छ । उनले प्रयोग गरेका शब्दशब्द, टुक्राटुक्रा, छोटाछोटा, कुँदीकुँदी जस्ता शब्द यसकै उदाहरण हुन् ।

अलङ्कारको प्रयोगले पनि अधिकारीको भाषा मिठासपूर्ण बन्न पुगेको छ । उनको उपमा अलङ्कारको एउटा उदाहरण यसप्रकार छ ।

'यथार्थवादबाट पलायन भएका काव्य व्यक्तिवादको उडानमा चुँडिएको चङ्गा समान हो ।[२२५] यसरी अधिकारीको समालोचनाको भाषा सरल किसिमको छ ।

### (३) निष्कर्ष

अधिकारीको यथार्थवादी समालोचनाको सँगालोमा पाँचवटा लेखहरू सङ्कलित छन् । अधिकारीको समालोचना समाजपरक समालोचना पद्धतिमा आधारित छ । समाज वर्गमा विभाजित भए जस्तै साहित्य पनि दुई वर्गमा विभाजित छ । निम्नवर्गीय जनजीवनसँग सम्बन्धित प्रगतिशील धारा र त्यसको विपरित पूँजीवादी सिद्धान्तद्वारा निर्देशित धारा । यिनको साहित्यप्रतिको दृष्टिकोण प्रगतिशील रहेको छ । यिनले नेपाली साहित्यका विभिन्न स्रष्टाहरूका रचनातिर दृष्टि लगाउँदै तिनको समाजिक मूल्य पहिल्याउने प्रयत्न गरेका छन् ।

## ६.४ नेपाली साहित्य र आलोचना (२०३२) को विश्लेषण

### (१) विषयवस्तु

डी.पी. अधिकारीको **यथार्थवादी समालोचना** पछिको दोस्रो समालोचना कृति **नेपाली साहित्य र आलोचना** (२०३२) हो । यसमा अधिकारीद्वारा विभिन्न समयमा लेखिएका र विविध पत्रिकामा छापिसकेका १० वटा समालोचनात्मक रचनाहरूको सङ्कलन गरिएको छ । २०३२ सालमा प्रकाशित भएको अधिकारीको दोस्रो समालोचनात्मक कृति **नेपाली साहित्य र आलोचना** (२०३२) को विश्लेषण हो । यसमा निम्नलिखित रचनाहरू सङ्कलित छन् :

(१) नेपाली साहित्यमा सामाजिक प्रतिनिधित्व

(२) नेपाली उपन्यास र जनजीवन

(३) नेपाली साहित्यमा सामाजिक चिन्तन

(४) हृदयचन्द्रसिंह प्रधान

---

[२२५] डी.पी. अधिकारी, **यथार्थवादी समालोचना**, पूर्ववत्, पृ ३० ।

(५) कला, जीवन र दर्शन

(६) गोपाल प्रसाद रिमालको नाटक **मसान** माथिको एक अध्ययन

(७) साहित्यमा आधुनिकतावाद के हो ?

(८) प्रगतिशीलता र यथार्थता

(९) प्रगतिशील साहित्य र आलोचना

(१०) आजको एउटा कथा संग्रह ।

**नेपाली साहित्य र आलोचना**मा परेका समालोचनात्मक रचनालाई दुई समूहमा बाँड्न सकिन्छ ।

(क) नेपाली साहित्यको समाजपरक वर्गीय विश्लेषण मूल्याङ्कन सम्बन्धी

(ख) प्रगतिवादी साहित्य र मान्यता सम्बन्धी ।[२२६]

यिनै दुई समूहमा विभाजित गरिएका आधारमा यस समालोचनाको विश्लेषण गर्न सकिन्छ । **नेपाली साहित्य र आलोचना**को पहिलो शीर्षक 'नेपाली साहित्यमा सामाजिक प्रतिनिधित्व' हो । यस समीक्षात्मक लेखमा अधिकारीले २००७ साल अगि र पछि नेपाली साहित्यमा प्रचारमा आएका साहित्यिक रचनाको उल्लेख गर्दै तिनीहरूमा सामाजिक प्रतिनिधित्व खोज्ने काम गरेका छन् । २००७ साल अगिको बालकृष्ण समको **मुकुन्द इन्दिरा, स्वास्नीमान्छे**, खगेन्द्र संग्रौलाको **चेतनाको पहिलो डाँक**, पारिजातको **वैंशको मान्छे**, नरेन्द्रराज शर्माको **महापुरुष** र केशवराज पिंडालीको **एकादेशकी महारानी** र विजयमल्लको **अनुराधा** जस्ता कृतिलाई लिएका छन् । **मुकुन्द इन्दिरा**, **वैंशको मान्छे**, **स्वास्नीमान्छे**, **चेतनाको पहिलो डाँक**मा त्यसवेलाको सामाजिक चरित्रलाई देखाउने प्रयास त गरिएको छ तर त्यहाँ भित्रका पात्रहरूलाई दुःख र विवशतामा बाँच्न बाध्य तुल्याउने कारकतत्व के हो भन्ने तर्फ भने दृष्टि पुऱ्याइएको छैन । २००७ साल अगिको समयमा सामाजिक प्रतिनिधित्व भएको एउटा मात्र रचना देवकोटाको **मुनामदन** हो भन्ने अधिकारीको भनाइ छ । मुनामदनले तत्कालीन समयमा भएको नेपालको सामाजिक स्थितिलाई देखाउन सकेको छ ।

**नेपाली साहित्य र आलोचना**को अर्को विषय 'नेपाली उपन्यास र जनजीवन' हो । पारिजाताको **वैंशको मान्छे**मा क्रान्तिकारी भावनाको प्रतिनिधि चरित्रको चित्रण गरिएको छ । यसमा एउटा पिउन र विद्यार्थी दुबै नेपाली निम्नमध्यम वर्गीय परिवारका पात्रको उपस्थिति छ । एउटा पिउनको जीवनसँग आजका निम्नस्तरका कर्मचारीले भोग्नु परेका बाध्यता र विवशतालाई उपन्यासमा चर्चा गरिएको छ । विद्यार्थी एउटा समाजभित्रको क्रान्तिकारी चरित्रका रूपमा उभ्याइएको छ ।[२२७] उसले आफ्नो योग्यता अनुसारको जागिर खोजेको हुन्छ तर पनि उपन्यासमा कुनै पनि नोकरी उपलब्ध हुन सकेको देखिँदैन ।

---

[२२६] डी.पी. अधिकारी, **नेपाली साहित्य र आलोचना,** पूर्ववत्, पृ. ञ ।

[२२७] ऐजन ।

यसरी **वैंसको मान्छे** उपन्यासमा सामाजिक पक्षलाई प्रमुखता दिइएको छ । निम्न वर्गीय जनताको जीवन र उसमाथिको सामन्ती शोषण र अन्याय अत्याचारमा उपन्यास चित्रित छ । **वैंसको मान्छे**ले कलात्मक उच्चता दिन सकेको छ । **वैंसको मान्छे**मा शोषण अन्याय, अत्याचार र सङ्घर्षका कुराहरू नभएका होइनन् तर यसमा समाज र सामाजिक सम्बन्ध लुप्त भएर एउटा व्यक्तिको एकलो र विक्षिप्त आक्रोशले प्रमुख स्थान पाएको छ । **वैंशको मान्छे**मा विद्रोह समष्टिगत नभएर व्यक्तिगत भएको छ ।[२२८] **आशमाया**, र **धरती अझै बोल्दैछ**, उपन्यास लेखनमा लागेका अधिकारीको उपन्यास **आशमायाले** प्रगतिवादी उपन्यासलाई स्थापित गराएको छ । **धरती अझै बोल्दैछ**मा श्रमिक र पूँजीपति वर्गको भिन्नता तथा निम्नवर्गमा आएको चेतना प्रकट भएको छ ।[२२९] मदनमणिको संस्करण **हाम्रा ती दिनमा** विगत जीवनलाई उपस्थित गरिएको छैन, एउटा परिवारलाई उसको आफ्नो पारिवारिक सेरोफेरोमा केन्द्रित गरी हेर्ने काम गर्दछ ।

डी.पी. अधिकारीको अर्को समीक्षात्मक लेखको शीर्षक 'हृदयचन्द्र सिंह प्रधान' मा केन्द्रित छ । अधिकारीले हृदयचन्द्रसिंहका लेखहरूलाई लिएर व्यापक रूपले अध्ययन गर्ने काम अहिलेसम्म भएको छैन भनेका छन् । नेपाली उपन्यासमा हृदयचन्द्रसिंह प्रधानले सामाजिकतालाई जोड दिएका छन् र सामाजिक साहित्य रचना गर्ने श्रेय नै प्रधानलाई छ भन्ने अधिकारीको भनाइ छ । अधिकारीले हृदयचन्द्रसिंहका नाटक र उपन्यासलाई अङ्ग्रेज नाटककार वनार्ड शका नाटकसँग तुलना गरेका छन् । हिन्दी साहित्यकार प्रेमचन्द्रसँग पनि उनले हृदयचन्द्रलाई तुलना गरेका छन् । हिन्दी साहित्यकार प्रेमचन्द्रले जस्तो समाजलाई गहिरिएर विश्लेषण गर्न नसके पनि उनीहरूका रचनासँग हृदयचन्द्रका रचनाको केही पक्ष मेल खान पुगेको बताइएको छ सामन्ती व्यवस्थाभित्रको सबैभन्दा ज्यादा उत्पीडित किसान वर्गको दयनीय स्थितिलाई राम्ररी हेर्न सक्दछन् । देशका स्वास्नीमान्छेहरू माथिको उत्पीडन र उनीहरूका मुक्तिको प्रश्नलाई अध्ययन गर्न प्रधान प्रयत्नशील छन् ।

हृदयचन्द्र जस्ता व्यक्तिले राणाशासनमा बालकृष्ण सम जस्तै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतको बारेमा ज्ञान राख्न असम्भव थियो ।[२३०] नेपाल भित्र पूँजीवादी बजारको प्रवेशले देशको आर्थिक अवस्थालाई हेर्न सक्दैनन् । अधिकारी अन्त्यमा के भन्दछन् भने नेपालका अरु लेखकहरू युवकयुवतीको प्रेममा धोका पाएका विषय अथवा सौतासौताको कलहलाई लिएर लेख्ने गर्दै थिए । हृदयचन्द्रले मान्छेका जीवनलाई समाज र राष्ट्रभित्र राखेर हेर्ने आँखा बनाइसकेका थिए ।[२३१] प्रधानका नाटकमा **मरुभूमिको लेखक**, **नाइव राइटर**, र **उनको मुरादले** आफ्नो देशका जनताका विभिन्न अङ्ग, राष्ट्रको समस्या र सवाललाई गहिरोसँग हेर्न सकेका छन् ।

**नेपाली साहित्य र आलोचना**को अर्को विषय 'कला जीवन र दर्शन' हो । यसमा अधिकारीले नेपाली साहित्यका आलोचक कृष्णचन्द्रसिंह प्रधानको 'दर्शन विज्ञान र साहित्य'

---

[२२८] ऋषिराज बराल, **प्रगतिवादी नेपाली उपन्यसका मूलप्रवृत्ति**, पूर्ववत्, २०४८, पृ. १९४ ।

[२२९] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, (काठमाडौं: साझा प्रकाशन, प्रथम संस्करण, २०५६), पृ. १५३ ।

[२३०] डी.पी. अधिकारी, पूर्ववत्, पृ. ३० ।

[२३१] ऐजन ।

भन्ने लेखको चर्चा गरेका छन् । प्रधानले मार्क्सवाद समाजपरक भएकाले यसले खण्डित जीवनलाई मात्रै साहित्यमा उद्घाटन गर्ने गर्दछ भन्ने विचार प्रकट गरेका छन् । आजको प्रगतिवादी आन्दोलनमा राष्ट्रिय आकांक्षाका साथै देशवासीको आकांक्षाको नेतृत्वदायी भूमिका छ । प्रधानका मतमा साहित्यमा जीवनलाई सम्पूर्णतामा उभ्याउनका लागि मार्क्सवादसँगै फ्रायडवादी दृष्टिलाई पनि अङ्गाल्नुपर्दछ तर यी दुवै मतको सम्मिश्रणमा बाह्य र आन्तरिक दुवैको प्रभाव पर्ने हुँदा जीवनलाई सम्पूर्णतामा साहित्यमा उद्घाटन गर्न सकिने छ ।[२३२] प्रधानको यस भनाइको खण्डन गर्दै अधिकारी भन्दछन् प्रधानको यो लेख, शब्दजालभित्र लुकेर साहित्यको आजको प्रगतिवादी आन्दोलनलाई बराल्न आएको छ । आजको प्रगतिवादी आन्दोलन एउटा सानो स्वार्थको मात्र कुरा गर्ने नभई सारा राष्ट्रिय स्वार्थलाई इतिहासले स्वीकारेको छ । वास्तवमा प्रगतिवादले मानव नैतिकतालाई पालन गर्दछ, मान्छेलाई मान्छेका रूपमा बाँच्नका निम्ति एकताबद्ध गर्दै सबै खाले शोषणका विरुद्धमा जुधी न्यायपूर्ण गतिशील र समुन्नत समाजको स्थापनामा टेवा दिन्छ ।[२३३] यसरी प्रधानले प्रगतिवादलाई महत्त्व दिएका छन् ।

कृष्णचन्द्रसिंह प्रधानले मार्क्सवादलाई फ्रायडवादसँगै राखेर हेरेका छन् । प्रधानको यस दृष्टिकोणका विपरित, फ्रायडवादले मानव मस्तिष्कलाई उसको यौन व्यवहारको आधारमा मात्र जाँच्ने गर्दछ । मार्क्सवादले मानिसको मस्तिष्कलाई बाह्य जगतको प्रभाव अन्तर्गत आउने चिन्तन प्रक्रियालाई मान्ने गर्दछ । **चेतनाको पहिलो डाक**मा काठमाडौंको समाजमा बढ्दो साँस्कृतिक विकृति, जनजीवनको असुरक्षा, वेरोजगारी समस्या, नातावाद र कृपावादको बोलबालाका साथसाथै भारतद्वारा नेपालको महेशपुरमाथि भएको आक्रमणको समेत चर्चा गरिएको छ ।

**नेपाली साहित्य र आलोचनाको** अर्को शीर्षक 'गोपाल प्रसाद रिमालको नाटक **मसान** माथिको एक अध्ययन' हो । अधिकारीले इब्सनको **डल्स हाउस**को प्रेरणामा लेखिएको नाटक भएतापनि **डल्स हाउस**की महिला र **मसान**की महिलामा अधिकारीले धेरै भिन्नता देखाएका छन् । इब्सनले अतुलनीय सफलता प्राप्त गरेको नाटक नै **डल्स हाउस** हो । यो नाटक नारी स्वतन्त्रताका लागि एउटा क्रान्तिकारी नाटकका रूपमा चर्चित छ । **मसान** र **डल्स हाउस** दुबै नाटकमा स्वास्नी मान्छेले लोग्नेलाई त्याग्ने कुरामा भिन्नता पाइने कुरा अधिकारी बताउँदछन् ।

नाटकमा सामाजिक जीवनलाई देखाउने युरोपेली नाटककारमा नर्वेका लेखक इब्सन नै थिए । इब्सनले **डल्स हाउस**मा नोराको सामाजिक, आर्थिक बन्धन र सीमाहरूको मार्मिक चित्रण गरेका छन् । जर्जबर्नाड शले सामाजिक जीवनलाई लिएर नाटक लेख्ने काम आरम्भ गरेका थिए । अंग्रेजी साहित्यमा जर्ज वर्नाडशको योगदान अतुलनीय रहेको छ ।

---

२३२ ऐजन ।

२३३ विष्णु प्रभात, **चिन्तन सौन्दर्य**, (काठमाडौंः कल्पवृक्ष प्रकाशन, २०४९), पृ. १ ।

**मसान** नाटकको भावभूमि प्रेमको विकृत रूप **मसान**को कृष्णमा देखिन्छ । उसको निम्ति परिपुष्ट शरीर सौन्दर्यको उपभोग नै प्रेम हो । वस्तुतः शारीरिक प्रेमको अथवा यौन तृप्तिको केन्द्रमा **मसान** नाटकका कृष्णको मनस्थिति केन्द्रित छ । युवती छातीभरि मातृत्वको ज्वाला लिएर डुल्छे । यौन आस्वाद र मातृत्वको रहरहरूको द्वन्द्व नै **मसान** नाटकको भावभूमि हो । [२३४]

**मसान**को कथावस्तुमा पनि द्वन्द्वको यथोचित निर्वाह गरिएको छ । यसमा द्वन्द्व योजना गर्दा मानसिक भौतिक वा आन्तरिक र बाह्यरूपमा द्वन्द्वको आयोजना गरिएको छ । **मसान** नाटकको मूल वा प्रमुख हो, यौनेच्छा वा मातृत्ववीचको द्वन्द्व । नाटकमा यौनेच्छाको प्रतिनिधि कृष्ण छ भने मातृत्वको प्रतिनिधि युवती छे । यिनै दुईका परस्पर विरोधी दुई चाहनाका वीचमा नाटकमा द्वन्द्वको विकास भएको छ । स्त्री र पुरुषको दाम्पत्य जीवनको अर्थ र उद्देश्य प्रेयसीसित यौनेच्छाको परिपूर्ति गर्नु मात्र हो भन्ने मानसिकताबाट कृष्ण ग्रसित छ । दाम्पत्य जीवनको उद्देश्य त सन्तानोत्पत्तिबाटै साकार हुन्छ भन्ने विचारबाट नाटकीय द्वन्द्व प्रारम्भ हुन्छ । कृष्णको पुनर्विवाह हुन्छ र दुलही भित्र्याइन्छ तर पुनर्विवाहपछि दुलहीमा भन्दा युवतीमा नै कृष्णको अनुराग र प्रेम बढ्नुले कृष्णका मनमा रहेको प्रेम कर्तव्यको मनोद्वन्द्व उद्घाटित भएको छ ।

**मसान** नाटककी युवतीले जुन आधारलाई लिएर लोग्नेलाई त्याग्न पुग्छे, त्यसले स्वास्नीमान्छे माथि स्थापित सामन्ती दुराचार र अनैतिक व्यवहारका विरुद्ध स्वास्नीमान्छेले बोल्ने समस्यालाई उठाए पनि त्यही कारणले आफ्नो लोग्नेलाई अन्यायी सम्झेर त्याग्ने युवतीका व्यवहार स्वाङ्गे र नक्कलवाज छन् भन्ने धारणा अधिकारीको देखिन्छ । यो नाटक स्त्री समस्याको नाटक हो । नायिका र सहनायिकाका रूपमा युवती र दुलही दुवै जनाका आआफ्नै समस्या छन् । सुरुमा युवतीको नाटकीय यात्रा मातृत्त्वको प्रलोभनमा भावुकताबाट आरम्भ हुन्छ भने दुलही पनि सीधी नै देखिन्छे तर नाटकको बिडम्बनास्वरूप लोग्नेबाट आफ्नो मातृत्वको अधिकार हनन भएको थाहा पाएपछि पुरुषको परम्परागत थिचोमिचोको विद्रोह गरी घर छाडिदिन्छे ।[२३५]

युरोपमा समस्या नाटकको आरम्भ सामाजिक सुधारका समस्यालाई लिएर भएको छ । समस्या नाटक समस्या प्रधान हुने भएकाले यसमा कथावस्तुको महत्त्व समस्याको सम्यक् उद्घाटनका दृष्टिले मात्र हुन्छ । यसमा परम्परागत रोमान्टिक आदर्शवादी नाटकमा झैं कथावस्तुको असाधारणता, विलक्षण वा चमत्कारितालाई महत्त्व दिइदैंन । यसको कथावस्तु साधारण सामान्य र देखेभोगेका घटनामा आधारित वा परिचित किसिमका हुन्छन् ।[२३६] नेपाली समाजमा समस्या नाटकको प्रारम्भ गोपालप्रसाद रिमालका नाटकबाट भएको हो । रिमालको **मसान** नेपाली साहित्यको पहिलो समस्या नाटक हो ।

[२३४] वासुदेव त्रिपाठी, **विचरण,** (काठमाडौंः भानु प्रकाशन, २०५९), पृ. १७६ ।

[द्घछ] डा. केशव प्रसाद उपाध्याय, **नेपाली नाटक तथा रङ्गमञ्च उद्भव र विकास,** (काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, २०५९), पृ. १७६ ।

[द्घट] घनश्याम उपाध्याय कँडेल, **केही अन्वेषण केही विश्लेषण,** (काठमाडौंः भीमसेन थापा स्वयम्भु पादु, २०४०), पृ. ७५ ।

जर्ज बर्नाडश अंग्रेजी साहित्यका निकै प्रसिद्ध नाटककार हुन् । यूरोपमा जर्ज वर्नाडशका समस्या नाटक महत्त्वपूर्ण रूपमा रहेका छन् । उनका नाटकमा परम्परागत नाटकमा झैं साज-सज्जा देखिदैंन र पात्र लेखकको विचारका बाहक जस्ता प्रतीत हुन्छन् तापनि बौद्धिक र विचारोत्तेजक सम्वाद विरोधाभास व्यङ्ग्यपूर्ण उक्ति तथा सशक्त भाषाले गर्दा आकृष्ट पार्न उनका हासपरिहास र व्यङ्ग्यपूर्ण शैलीमा नाटककारद्वारा गरिएको युगीन विकृतिको आलोचना भन्न सकिन्छ । नेपालमा नाटक लेख्ने काम सामाजिक समस्याका धरातलबाट सुरु नगरी कोरा देखासिखीबाट भएको छ । अधिकारीको यो एउटा समस्यामूलक अध्ययन नभई वाँझी आइमाईको मनस्थितिमा पर्ने आघात सम्बन्धी अध्ययनको सानो सरोफेरोमा सीमित रहेको छ भन्ने विचार उनले व्यक्त गरेका छन् । अधिकारीले यसलाई इब्सनको **डल्स हाउस**की महिला र **मसान**की विद्रोही महिलामा धेरै अन्तर देखाएका छन् । युरोपमा **डल्स हाउस** र **क्यान्डिडा** जस्ता नाटक मार्फत नारी स्वतन्त्रताको प्रश्नलाई अगाडि बढाएका छन् भने नेपालमा धेरै समयपछि मात्र नारी अस्तित्वको प्रश्न उठाई स्वास्नी मान्छेको परीक्षा लिने शिक्षा तयार गरेका हुन्छन् ।

युरोपेली नाटककारहरू जब यहाँ **डल्स हाउस** र **क्यान्डिडा** जस्ता रचनामार्फत नारी स्वतन्त्रताको प्रश्नलाई अगाडि बढाएका छन् । २००७ पहिले लेखिएको **मुनामदन**, एउटा सामाजिक परिवेशमा आधारित छ । जे पेसा लिएर गए पनि र जति सम्पत्ति कमाएर ल्याए पनि अन्ततः उनीहरूको दुर्दसा नै भएका तथ्यको मार्मिक अभिव्यञ्जना तत्कालीन विभिन्न कृतिहरूमा पाइए जस्तै **मुनामदन**मा पनि पाइन्छ । धन कमाउन जाने व्यक्तिहरूमध्ये कतिपय घर फर्केको र कतिपयको उतै जीवन समाप्त भएको तथ्य पनि भेटिन्छ । तर यस काव्यको नायक मदनलाई नेपाली निम्नमध्यम वर्गीय सहरिया समाजको जिम्मेवार युवाहरूको प्रतिनिधि पात्रका रूपमा उभ्याइएको छ भने नायिका मुनालाई आफ्नो पतिकासाथ छोड्न नचाहने दुःखजिलो गरेर भए पनि सँधै पतिसँगै बस्न चाहने नेपाली युवतीको पात्रका रूपमा उभ्याइएको छ ।[२३७] यसरी **मसान** नाटकमा एउटी आइमाइले आफूलाई वाझी बनाउने सौतालाई प्रेम नदिने आदि आरोप लगाउनु सबै नक्कली र स्वाङ्गे कुरा हुन् भन्ने अधिकारीको दृष्टिकोण रहेको छ ।

**नेपाली साहित्य र आलोचना**को अर्को विषय 'साहित्यमा आधुनिकतावाद के हो?' लेखकले यहाँ आधुनिक साहित्य केलाई भन्ने हो भन्ने विषयमा चर्चा गरेका छन् । त्यसभन्दा अझ यस समीक्षात्मक लेखमा बी.पी कोइरालाको आधुनिकतासम्बन्धी धारणा व्यक्त गरिएको छ । अधिकारीका दृष्टिमा पाश्चात्य साहित्यको पूँजीवादी चिन्तनलाई नेपालमा भित्र्याउने बी.पी. कोइराला नै हुन् । बी.पी. फ्रायडवादबाट प्रभावित भएकाले नेपालमा फ्रायडवादका जन्मदाता उनैलाई भनिन्छ । कोइरालाले आधुनिकतलाई फ्रायडवादसँग गाँसेर हेरेका छन् भन्ने अधिकारीको धारणा रहेको छ । विषयवस्तुको आधुनिकवादका प्रश्नमा कोइराला ज्ञानको क्षेत्रमा भइरहने नयाँनयाँ आविष्कारलाई कलाकृतिमा समावेश गर्नुपर्छ भन्ने धारणा राख्दछन् तर यो ज्ञान फ्रायडवादसम्बन्धी मात्र

---

[२३७] डा. खगेन्द्रप्रसाद लुइटेल, **'मुनामदनः वस्तुवादी विश्लेषणको निष्कर्ष' कुञ्जिनी,** (वर्ष ११, अङ्क ८, २०६०), पृ. ६८-७४ ।

हो भन्ने अधिकारीको कोइरालाप्रतिको मत रहेको छ ।[२३८] पश्चिमी विद्वान्बाट प्रभावित कोइरालाले यौन नै साहित्य सृजनाको प्रमुख स्रोत मान्दछन् र त्यसैबाट जीवनको सम्पूर्ण पक्षको उद्घाटन हुनसक्छ भन्ने उनको दृष्टिकोण रहेको छ तर अधिकारी कोइरालाको यस भनाइप्रति असहमति जनाउँदै के निष्कर्ष निकाल्छन् भने दिनहुँ उत्पन्न हुँदो जटिलताले मानव व्यवहारमा देखिने व्यापक चरित्रको साहित्य लेखनमा उद्घाटन गर्ने भन्दा यौन व्यवहारको एक पक्षीय चरित्रलाई मात्र कोइरालाको साहित्यले उतार्ने गरेको छ ।

**नेपाली साहित्य र आलोचना**को अर्को शीर्षक 'प्रगतिशीलता र यथार्थता' हो । प्रगतिशील साहित्यको पक्षमा रहेर लेख्ने आजका नयाँ लेखकहरूले पनि प्रगतिशीलताको वास्तविक स्वरूपसँग परिचय लिन सकेका छैनन् । प्रगतिशील समालोचकहरूले अथक सेवाको यथेष्ट प्रशंसा गर्दागर्दै पनि उनीहरूमा रहेको अनुभवको अभावले गर्दा प्रगतिवादको समुचित व्याख्या र उचित मूल्याङ्कन सहित प्रगतिवादलाई समेटेर लाने काममा सफलता मिल्न नसकेको कुरा उनीहरूले पनि औंल्याएका छन् ।[२३९] अधिकारीले प्रगतिशील र यथार्थता बीचको सम्बन्धलाई स्पष्ट पार्नको लागि बालकृष्ण समको चिसोचुह्लोलाई चर्चामा ल्याएका छन् । अधिकारीले चिसोचुह्लोमा तत्कालीन सामाजिक परिवेशलाई लिएर लेखिएको एउटा प्रगतिशील रचना भए पनि त्यस प्रगतिशीलताभित्र यथार्थता नरहेको विचार प्रकट गरेका छन् । समले त्यससमयमा गौरी र सन्ते दमाईको प्रेम गराउनु सामाजिक यथार्थका दृष्टिले उपयुक्त नभएको राय डी.पी. अधिकारीको छ । प्रगतिशील साहित्य भित्रको यथार्थ सामाजिक यथार्थसँग मेल खान सक्ने हुनुपर्दछ भन्दै अधिकारीले आफ्नो भनाइ अगि सारेका छन् । खगेन्द्र सङ्ग्रौलाको **चेतनाको पहिलो डाँक** क्रान्तिकारी दृष्टिमा लेखिएको उपन्यास हो ।

**नेपाली साहित्य र आलोचना**को अर्को शीर्षक 'प्रगतिशील साहित्य र आलोचना' हो । यसमा गोविन्द भट्टले अधिकारीको **आशमाया**, र टी. आर. विश्वकर्माले **धरती अझै बोल्दैछ**का बारेमा उठाएका प्रसङ्गको चर्चा गरेका छन् । अधिकारीको **आशमाया** उपन्यासका बारेमा गोविन्द भट्ट यसरी भन्दछन् - प्रगतिवादी दृष्टिबाट हेर्दा त्यस उपन्यासभित्र पाइने अनेकन गम्भीर सैद्धान्तिक त्रुटिहरू र अन्य शैलीगत कमजोरीहरूले गर्दा आजका सचेत प्रगतिवादी पाठकहरूलाई त्यसबाट सन्तुष्टि हुन गाह्रै पर्दछ । अधिकारीको अर्को उपन्यास **धरती अझै बोल्दैछ** बारे टी. आर. विश्वकर्माले प्रकट गरेका मतमा सन्तुष्ट देखिएका छैनन् । स्वभाविक चित्रण र वर्णनले इतिहास बन्दछ तर औपन्यासिक कला र मान्यता साहित्यमा त्यसको सशक्त स्थान विशेषलाई हेर्दा वर्तमानका जुनसुकै उपन्यासमा विद्रोही पात्रको आवश्यकता पर्दछ[२४०] भन्ने कुरा टी. आर. विश्वकर्माले भनेका छन् । यसरी यस लेखमा अधिकारीले आफ्नो रचनाको बारेमा टीकाटिप्पणी उठाउनेसँग असहमत हुँदै त्यसको खण्डन गरेका छन् ।

---

२३८ डी.पी. अधिकारी, **नेपाली साहित्य र आलोचना**, पूर्ववत्, पृ. ४१ ।

२३९ सरिता ढकाल, पूर्ववत्, पृ. ५२ ।

२४० डी.पी. अधिकारी, **नेपाली साहित्य र आलोचना**, पूर्ववत्, पृ. ५६ ।

अधिकारीको अन्तिम शीर्षक 'आजको एउटा कथा सङ्ग्रह' हो । कथाकार रमेश विकलको दोस्रो कथा सङ्ग्रह **नयाँ सडकको गीत**माथि चर्चा गर्दै अधिकारी भन्दछन् यस कथासङ्ग्रहले विकलको पहिलो कथासङ्ग्रह **विरानो देश**को परम्परालाई अगाडि बढाउन सकेको छैन । विकलका कथा सपाट चित्रहरू जोल्ठाइएको रिल मात्र प्रतीत हुन्छन्[२४१] भन्ने उनको विचार देखिन्छ । यसरी मनोविज्ञानले कुनै खास देशकाल परिस्थितिमा क्रियाशील मानवको आन्तरिक स्वरूपलाई अभिव्यक्त गर्दछ ।

### (२) भाषाशैली

**नेपाली साहित्य र आलोचना**मा अधिकारीको भाषाशैली सरल छ । समालोचनाका कतिपय अंशमा निबन्ध लेखनमा जस्तो आत्मपरकता पनि देखिन्छ । ठाउँठाउँमा प्रश्न गरेर पाठकको जिज्ञासा बढाउने प्रयत्न अधिकारीले गरेको देखिन्छ । अधिकारीका केही प्रश्नार्थक वाक्य भएका आत्मपरक अभिव्यक्तिको उदाहरण यसप्रकार छः

जीवनको अध्ययनको अभावमा साहित्यिक अभिव्यक्ति भन्ने कुरा के हो ? त्यो अभिव्यक्तिको कुनै स्वरूप प्रधानजी हाम्रो समक्ष उपस्थित गर्न सक्नुहुन्छ ? कुनै दिन यस्तो पनि थियो, तपाई र म एउटा बेन्चमा बसेर साहित्यको प्रगतिवादी आन्दोलनको सम्बन्धमा सोच्ने विचार नै गर्थ्यौं संयोगको कुरा हो । ऐले तपाई कहाँ ? म कहाँ ? बाध्यतावश म ऐले तपाईंको आजका विपरित मतको खण्डन गर्न लागेको छु ।[२४२]

आफ्ना भनाइलाई पुष्टि गर्न अधिकारीले तुलनात्मक पद्धतिलाई पनि ग्रहण गरेका छन् । नेपाली साहित्यकारलाई विदेशी साहित्यकारसँग तुलना गरेका छन् । नेपाली साहित्यका हृदयचन्द्रलाई हिन्दी साहित्यका प्रेमचन्द्रसँग तुलना गरेका छन् । अधिकारीले रिमालको **मसान** नाटकलाई इब्सनको **डल्सहाउस**सँग तुलना गरेका छन् । द्वित्व प्रक्रियाबाट बनेका शब्दहरूको प्रयोग गरेका छन् जस्तै माथिमाथि, बीचबीच, नयाँनयाँ, पहिलेपहिले । तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरेका छन् । अङ्ग्रेजी आगन्तुक शब्दहरू यसप्रकार छन् - बेन्च, टेक्निक, पियन जस्ता शब्द पाइन्छन् ।

### (३) निष्कर्ष

डी.पी अधिकारीको **नेपाली साहित्य र आलोचना**मा १० वटा लेखहरू समावेश गरिएको छ । अधिकारीको समालोचना समाजपरक समालोचना पद्धतिमा आधारित छ । प्रगतिवादी मान्यता अनुसार साहित्यले सर्वहारा वर्गको प्रतिनिधित्व गर्न सक्नुपर्दछ । अधिकारीका रचनामा शोषित-पीडितको सुख-दुःखको प्रतिच्छाया हुनुपर्दछ भन्दछन् । अधिकारीले २००७ साल अघि देखापरेका कृतिमा मुनामदन मात्रै सामाजिक चिन्तन भएको कृति ठानेका छन् ।

---

२४१ ऐजन ।

२४२ ऐजन ।

## ६.५ नेपाली उपन्यास र जनजीवनको (२०६०) विश्लेषण

### (१) विषयवस्तु

डी.पी. अधिकारीको **नेपाली साहित्य र आलोचना** पछिको तेस्रो समालोचनात्मक कृति **नेपाली उपन्यास र जनजीवन** हो । अधिकारीको आफ्नै पुस्तक **नेपाली साहित्य र आलोचना**मा केही छापिसकेका र केही नयाँ रचनाहरूको सङ्कलन गरिएको छ । यसमा जम्मा १२ वटा समीक्षात्मक लेखहरू सङ्कलन गरिएको छ, जुन यसप्रकार छन्:

(१) 'नेपाली उपन्यास र जनजीवन'

(२) 'साहित्यमा सामाजिक चिन्तन के हो ? '

(३) 'नेपाली साहित्यमा देखापर्ने केही प्रवृत्तिहरू'

(४) 'नेपाली साहित्यको अध्ययनमा उठेका केही प्रश्न'

(५) 'नेपाली उपन्यासले अपनाएका बहुआयमिक पक्षहरू'

(६) '**घामका पाइला** र **अलिखित** दुई उपन्यासहरू'

(७) 'उपन्यास **त्रिदेवी** आलोचनात्मक हेराइमा'

(८) 'गोपालप्रसाद रिमालको नाटक **मसान** माथिको एक अध्ययन'

(९) 'हृदयचन्द्रसिंह प्रधान'

(१०) 'प्रगतिशील साहित्य र आलोचना'

(११) 'साहित्यमा आधुनिकतावाद के हो'

(१२) 'प्रगतिशीलता र यथार्थता'

डी.पी. अधिकारीको **नेपाली उपन्यास र जनजीवनमा** १२ वटा लेखहरू समावेश गरिएकोमा ५ वटा लेख **नेपाली साहित्य र आलोचना** (२०३२) मा छापिसकेका छन् । ती लेखहरू यसप्रकार छन् ।

(१) 'गोपालप्रसाद रिमालको नाटक **मसान** माथिको एक अध्ययन

(२) 'हृदयचन्द्रसिंह प्रधान'

(३) 'प्रगतिशील साहित्य र आलोचना'

(४) 'साहित्यमा आधुनिकतावाद के हो'

(५) 'प्रगतिशीलता र यथार्थता'

अधिकारीको **नेपाली उपन्यास र जनजीवन** (२०६०) पुस्तकको पहिलो समीक्षात्मक लेख 'नेपाली उपन्यास र जनजीवन' हो । नेपालमा राष्ट्रिय समस्याका कारण उपन्यास लेखनको थालनी २००७ साल पछि मात्र भएको हो । २००७ सालको समय सामन्ती

हुकुमत शासनको समय थियो । यस समयमा लेखिएका उपन्यासहरू प्रगतिशील विचारधारामा आधारित छन् । देशमा कायम सामन्ती शोषण र भूमिपति वर्गको शोषण अझ खुल्ला रूपमा बढ्दै जान्छ ।[२४३] साहित्यिक सृजना मानवचिन्तनको गहिराइसम्म पुगेर अध्ययन गर्न सक्छ, अरु कुनै विधाबाट सम्भव छैन ।[२४४] देशमा पूँजीवादी भूमिपति किसानको भीड देखिन्छ । मदनमणि दीक्षितको **त्रिदेवी** नेपाली राष्ट्रिय उत्थानको बोटोमा समाजभित्र निहीत आपसी अन्तर्विरोधको कारण राष्ट्रिय चिन्तनको विकास हुन नसकेको कुराबाट उपन्यास आरम्भ हुन्छ । मोहनविक्रमसिंहले आहुतिद्वारा लिखित **नयाँघर**मा सर्वहारा वर्गको कुरा गर्दैमा नेपाली साहित्य लेखनमा नयाँ थालनीको कुरा प्रमाणित गर्दैन । देशको राज्यसत्तामा दबाब पुऱ्याउन सक्ने यस्तो वर्ग थियो जसले देशविकासमा परिर्वतन गर्न सक्ने धारणा स्पष्ट पार्दछ । नेपाली साहित्यको प्रगतिवादको चित्रण गर्ने क्रममा सामाजिक चिन्तन र सामाजिक जीवनको यथार्थमा बढी जोड दिएका छन् ।

साहित्यिक लेखनमा यौन विश्लेषणलाई प्रवेश गराउने व्यक्ति बी.पी कोइराला हुन् । नेपालमा प्रगतिशील साहित्यलेखनमा अग्रणी व्यक्तिका रूपमा देखापरेका हृदयचन्द्रसिंहले सर्वप्रथम **स्वास्नीमान्छे** र **एकचिहान** उपन्यासका माध्यमद्वारा समाजभित्र कायम सामन्ती उत्पीडनलाई उद्घाटित गर्नाका साथै नेपालजस्तो बहुजातीय देशका एकताको प्रश्नलाई महत्त्व दिए[२४५] भन्ने अधिकारीको धारणा छ । ऋषिराज बरालले नेपाली उपन्यासको चर्चा गर्दा सामाजिक चिन्तन र सामाजिक जीवनको यथार्थलाई चित्रण गरेका छन् । मदनमणि दीक्षितको **त्रिदेवी** उपन्यासका पात्रहरू उच्च आदर्शमा बोल्ने गरे पनि सबै दुर्बल चरित्रमा देखा पर्दछन् । **अविरल बग्दछ इन्द्रावती** उपन्यासकारमा आएको साहित्यिक, प्रखरता, प्रौढता र प्रगाढ चिन्तनशीलताको परिणति हो । यसका साथै यो उपन्यास नयाँ विषयवस्तु र आञ्चलिक जीवनलाई समग्रता दिने प्रयासको रूपमा यो उपन्यास देखापरेको छ ।[२४६] यस उपन्यासमा इन्द्रावती नदीको किनारामा दुःखेसो गरी जीवन चलाएर बसेका माझीहरूमाथि त्यहाँको सामन्ती काजी खलकहरूले गर्दै आएको शोषणको सुन्दर चित्रण पाइन्छ । उपन्यासको विषयवस्तु पौराणिक कालसँग सम्बन्धित जनश्रुतिमा बोलिने भएकाले विशुद्ध काल्पनिक हुन्छ ।

**नेपाली उपन्यास र जनजीवन**को अर्को विषय 'नेपाली साहित्यमा देखापर्ने केही प्रवृत्तिहरू' हो । नेपाली साहित्यको अध्ययन गर्दा पुराना लेखकलाई आजको मूल्याङ्कनमा राखेर हेर्न हुँदैन । पारिवारिक जीवनका सुखदुःखका घटनालाई त्यतिबेलाको साहित्यलेखनमा समावेश हुन्थ्यो । १९९० सालपछि नेपालमा प्रकृति वर्णनमा केन्द्रित कविता र जीवनका एकांकी घटनामा वर्णन गर्ने गद्य लेखनका नाटक, कथा, निबन्ध लेखनको आरम्भ भएको थियो सामन्ती, मध्ययुगी अन्धकारको अवस्थामा पनि देवकोटा, सम, सिद्धिचरण सधैंका लागि सम्मानित छन् ।

---

[२४३] डी.पी. अधिकारी, **नेपाली उपन्यास र जनजीवन,** (काठमाडौं: चेतना अधिकारी, २०६०), पृ. ७ ।

[२४४] ऐजन ।

[२४५] घनश्याम उपाध्याय, **नेपाली समालोचना**, पूर्ववत्, पृ. ९८ ।

[२४६] ऋषिराज बराल, **प्रगतिवादी नेपाली उपन्यासका मूलप्रवृत्ति,** पूर्ववत्, पृ. १५६ ।

परम्परामा आधारित नेपाली समाजको विघटनको सँगसँगै नेपाली समाजमा सुरु गरेको नयाँ सम्बन्ध र व्यवहारमा उत्पन्न जटिलताले गर्दा उपन्यास लेखनमा व्यापकता आउन सुरु गरेको छ । हृदयचन्द्रसिंह प्रधानको **एकचिहान**, **स्वास्नीमान्छे** उपन्यास लिएर देखापर्दछन् दुवै उपन्यास आदर्शवादी उपन्यास होइनन् । **स्वास्नीमान्छे** उपन्यासमा हाम्रो पुरुष प्रधान समाजमा नारीले भोग्नुपरेका दासत्व र अवहेलना मोतीमाया नामकी पात्रद्वारा अभिव्यक्त गर्दै उपन्यासकार नारीमाथि हुने शोषणको विरुद्ध हुँकार गर्दछन् । त्यस्तै नारीमुक्ति नारीहरूकै सङ्गठित शक्ति भावना र कार्यबाट सम्भव हुन्छ भन्दै नारीहरूको सङ्घर्षशील र मुक्तकामी चाहनाको पक्षमा उभिन्छन् । स्वास्नीमान्छेको पक्षमा आवाज उठाउने पूर्ववर्ती र समकालीन उपन्यासकारले सामाजिक वर्गस्वरूप नारी सम्बन्धलाई द्वन्द्वात्मक किसिमले हेर्न सकेका थिएनन् ।[२४७] **एकचिहान** उपन्यासले बहुगति, भाषाभाषी समुदायबाट बनेको नेपालमा देशभित्र राष्ट्रिय एकतालाई दह्रो बनाउने सवालप्रति सबैलाई जागरुक उद्देश्यमा पुऱ्याएको थियो । हृदयचन्द्रसिंह प्रधानपछि विजयमल्ल देखापर्दछन् । **अनुराधा** उपन्यासमा विजयमल्लले स्वास्नीमान्छेको स्वतन्त्रताको प्रश्नलाई उठाएका छन् । अनुराधाको सुन्दरताप्रति लोभिएर रत्नमानजस्ता पुरुषप्रति अनुराधाले गरेको सङ्घर्षलाई उपन्यासमा प्रस्तुत गरिएको छ । काठमाडौंको रुढिवादी परम्पराले ग्रस्त समाजमा जन्मेर पनि दार्जिलिङको कन्भेष्टमा स्वतन्त्र, स्वच्छन्द वातावरणमा पढेर हुर्किएकी हुनाले समाज पुरुष प्रेम, विवाहप्रति उसको भिन्न सोचाइ रहेको पाइन्छ । भिन्न स्थान र वातावरणले गर्दा काठमाडौंका साधारण नारीहरू भन्दा उसको लवाइ, खवाइ र सोचाइ विशिष्ट प्रकारको पाइन्छ । अनुराधाको विचार सौन्दर्य स्वास्नीमान्छेको महत्त्वपूर्ण पूँजी हो, हतियार हो तर उनीहरूको सर्वनासको बीज पनि यही रहेको हुन्छ ।[२४८] अनुराधाको सुन्दरताप्रति लोभिएर रत्मानजस्ता पुरुषप्रति अनुराधाले गरेको सङ्घर्षलाई उपन्यासमा प्रस्तुत गरिएको छ । भूपि शेरचनको **हामी**, **मेरोचोक**जस्ता कवितामा नेपाली समाजमा भोग्नु परेका उद्वेग र आक्रोशलाई कवितामा प्रस्तुत गरिएको छ । सामाजिक जीवनलाई लिएर लेखिएका उपन्यासमा **चेतनाको पहिलो डाँक, बैंसको मान्छे, पर्खालभित्र** र **बाहिर, उसले रोजेको बाटो, अनिंदो पहाडसँगै**[२४९] जस्ता उपन्यास रहेका छन् ।

तेस्रो दशकमा ध्रुवचन्द्र गौतमको **कट्टेलसरको चोटपटकमा** नेपालका शिक्षित समुदायले भोग्नुपरेको विवशतालाई उपन्यासमा प्रस्तुत गरिएको छ । **अलिखित** उपन्यासमा दरिद्रता, अन्धकार र शिक्षाको अवसरबाट वञ्चित हुनुपरेको यथार्थलाई उपन्यासमा देखाइएको छ । जमिन्दारले गर्ने ज्यादती आदिको चित्रण तराईको एउटा गाउँको परिवेशमा केन्द्रित भएर गरिएको छ । सामन्ती, शोषण र जनताको जीवनस्तरलाई व्यक्त गर्ने क्रममा आएका चालचलन रीति स्थिति र तराईको ग्राम्य परिवेशको वर्णनका दृष्टिले अलिखितलाई तराईको आञ्चलिक जीवनको प्रस्तुत गर्ने उपन्यासका रूपमा राख्न

---

२४७ डी.पी. अधिकारी, **नेपाली उपन्यास र जनजीवन**, पूर्ववत्, पृ. २२ ।

२४८ विजयमल्ल, **अनुराधा**, (काठमाडौं: साझा प्रकाशन, २०४९), पृ. ७६ ।

२४९ डी.पी. अधिकारी, **नेपाली उपन्यास र जनजीवन**, पूर्ववत्, पृ. २८ ।

सकिन्छ ।[२५०] साहित्यलेखनसँधै नारामा नबसी समयअनुसार परिवर्तन हुन्छ । साहित्यलेखन सृजनात्मक प्रक्रिया भएकाले मानवीय चरित्र र मनोवैज्ञानिक व्यवहारलाई गहिराइसम्म पुगेर अध्ययन गर्न आवश्यक हुन्छ ।[२५१] गाउँले जीवन यथार्थतालाई देखाउने गरेर लेखिएका उपन्यासमा ध्रुवचन्द्र गौतमको **अलिखित,** विकलको **अविरल बग्दछ इन्द्रावती** सङ्ग्रौलाको **जुनकीरीको संगीत** रहेका छन् । नेपालमा लेखिने उपन्यासमा प्रमुख पात्रहरू नालायनी, सौदामिनी र स्मिता देशमा राष्ट्रिय चिन्तनको विकास नभएको कुरा गर्छन् । अन्त्यमा यसका प्रमुख पात्र वीचमा पुगेर कसैलाई गराउन र कसैलाई हिमालयमा पुऱ्याएर बिलीन गराउँदछन् ।[२५२] यस्तै ध्रुवचन्द्र गौतमको **अग्निदत्त** उपन्यासको प्रमुख पात्र छुट्याउन गाह्रो भएको धारणा अधिकारी बताउँदछन् ।

मान्छे जन्मनु र मर्नुले मानवसमाजको गति रोकिएको छैन । मान्छेको निरन्तर जुन यात्रा हो, सिर्जनात्मक अनुभवलाई बोकेर अगाडि हिडेका छन् । कुनै घटना विशेषको उपन्यासमा अध्ययन गर्दा त्यहाँ उभ्याइएका प्रतिनिधि पात्रको मृत्यु गराउनुले लेखक आफैं नै सृजनात्मक संरचनाको परिणामसँग परिचित नरहेको धारणा अधिकारी बताउँदछन् ।

**नेपाली उपन्यास र जनजीवन**को अर्को शीर्षक 'नेपाली साहित्यको अध्ययनमा उठेका केही प्रश्न' हो । नेपाली साहित्यको निरन्तर विकासपछि मात्र राष्ट्रिय उत्थानको विकास हुने गरेको छ । शास्त्रीय बन्धनबाट मुक्त भएर युरोपमा लेख्न थालिएका मानव जीवनका यस्ता एकांकी चित्रण र प्रकृतिवर्णनलाई स्वच्छन्दताको नामले परिचित गराएको कुरा अधिकारी बताउँछन् । कवि वर्डस्वर्थ जस्तै नेपालका देवकोटा र सिद्धिचरण प्रकृतिवर्णनमा रमाउने गर्दछन् । युरोपमा सुरु भएको यथार्थवादी प्रगतिशील दृष्टिकोण एशियाका मुलुकमा आइ नसकेको धारणा अधिकारी बताउँछन् । १९ औं शताब्दीको मध्यतिर मार्क्सको मानवसमाज र उसको सामाजिक सम्बन्धलाई वर्गीय आधारमा राखेर अध्ययन गर्ने सिद्धान्त प्रचारमा आएपछि मात्र प्रगतिवादी शिक्षा प्रचारमा आएको छ ।[२५३] युरोपेली लेखकमा शेक्सपियर नै यस्ता कवि थिए, पूँजीवादी व्यवहारले ल्याएको सामाजिक अन्तरद्वन्द्वलाई नाटकमा स्थापित गरेका छन् । वर्नाडश मार्क्सको समान समाजभित्रका अन्तर्द्वन्द्व र अन्य विकृतिहरू सूक्ष्म तरिकाले देख्न सक्ने समान क्षमताका प्रतिभाशाली व्यक्ति मानिन्छन् । सृजनात्मक प्रतिभाका धनि देवकोटा यस्तो समयमा जन्मिए जुन समयमा नेपालमा राणाशासनको दबदबाले नेपाली जनतालाई शिक्षा, रोजगारीको अवसरबाट वञ्चित गराउँदै आएका थिए । देवकोटाको **मुनामदन** खण्डकाव्यमा नेपालीहरूको आर्थिक दुरावस्थाका कारण सम्पत्ति कमाउनका लागि विदेसिन बाध्य भएको तथ्यलाई मार्मिक ढङ्गले चित्रण गरिएको छ ।[२५४] देवकोटाले **मुनामदन**मा नेपाली जीवनमा प्रवेश गरको नौलो तस्विर प्रस्तुत गरेको छन् । आर्थिक समस्याका कारण धन कमाउन

---

[२५०] ध्रुवचन्द्र गौतम, **अलिखित,** (काठमाडौं: साझा प्रकाशन, २०४०), पृ. १६ ।

[२५१] डी.पी. अधिकारी, **नेपाली उपन्यास र जनजीवन**, पूर्ववत्, पृ. ५८ ।

[२५२] ऐजन ।

[२५३] ऐजन ।

[२५४] खगेन्द्रप्रसाद लुइटेल, '**मुनामदनः वस्तुवादी विश्लेषणको निष्कर्ष**', **कुञ्जिनी**, पूर्ववत्, पृ. ६८-७२ ।

मदन ह्लासा जाने प्रवृत्तिलाई यसमा देखाइएको छ ।[२५५] १७-१८ औं शताब्दीमा लेखिएका प्रसिद्धि प्राप्त उपन्यासहरू **डन क्वीजेट**, **रविन्शन** तथा **अन्नाकरेनिया**, **युद्ध र शान्तिले** त्यतिबेलाको समाजभित्र उदाउँदै गरेको पूँजीवादी निजी स्वार्थले उपन्यासमा राम्रोसँग उजागर गर्न सकेको धारणा अधिकारी बताउँदछन् ।

ध्रुवचन्द्र गौतमको **अलिखित**, रमेश विकलको **अविरल बग्दछ इन्द्रवती**जस्ता उपन्यास राष्ट्रिय एकतालाई समेत ध्यानमा लिई लेखिएका उपन्यास हुन् । माछा मारेर जीवन निर्वाह गर्ने माझीको जातीय यथार्थलाई उपन्यासमा देखाएका छन् । गाउँघरमा व्याप्त गरिवी र स्थानीय जाली फटाहाहरूको उत्पीडनकारी व्यवहारको साथै थोरै तलबमा शिक्षणसेवमा कार्यरत देशका निम्नमध्यम वर्गीय समुदायले भोगिरहेको कष्टमय जीवनलाई आफ्ना उपन्यासमा गौतमले प्रस्तुत गरेका छन् । **द्विविधामा** देशको राजनैतिक यथार्थता, भ्रष्ट व्यवहारलाई उपन्यासमा देखाएका छन् । वी.पी. कोइरालाको **नरेन्द्रदाइमा** मानवजीवनलाई निस्सारतामा देखाइएको छ ।[२५६] नेपाल चार जात छत्तीस वर्णको साझा फुलबारी भनेर दिव्यउपदेशमा उल्लेख गर्नुले राष्ट्रिय एकताप्रति प्रतिबद्धता प्रकट गरेको देखिन्छ । युरोपमा गद्य साहित्यको लेखनले चौशरलाई अंग्रेज लेखकहरू उनीहरूको चर्चा गर्न रुचाउँछन् ।[२५७] भारतेन्दु हरिशचन्द्रले हिन्दी भाषालाई पुनर्स्थापित गराउने साँस्कृतिक यथार्थतालाई देखाउने प्रयास गरे ।

**नेपाली उपन्यास र जनजीवन**को अर्को विषय ‘नेपाली उपन्यासले अपनाएका बहु-आयामिक पक्षहरू’ हो, नेपाली साहित्यलेखन इतिहासको कुनै समयमा बढी महत्वपूर्ण रहेको छ । २० औं शताब्दीका प्रखर इ.एम फस्टर भन्दछन् - साहित्यलेखन मानव जीवनसँग सम्बन्ध राख्ने भएकाले उपन्यासले मात्र मान्छेको बहुपक्षीय चरित्रलाई अध्ययन गर्नसक्छ । १७ औं र १८ औं शताब्दीमा युरोपमा पूँजीवादको व्यवस्थाको उदयको साथै त्यतिवेलाको मानवीय चरित्रमा हुने उपन्यास लेखनको अध्ययनको विकास हुँदै आएको धारण अधिकारी बताउँदछन् ।

नेपाली कविता लेखनले पनि उच्चता प्राप्त गरिसकेको छ । मानव उदवेग र भावनालाई संक्षिप्त शब्दमा समेटेको धारणा अधिकारी बताउँदछन् । विकासशील देशहरूमा साहित्यिक लेखनलाई साँस्कृतिक जागरणले अभियानको रूपमा हेर्ने गरेको छ । सामाजिक जीवनको बहु-पक्षीय यथार्थलाई उपन्यासमा देखाइएको छ । [२५८]

नेपाली समाजको विकासको बाटोमा उत्पन्न विकृति र यथार्थतालाई उपन्यासमा देखाइएको छ । ध्रुवचन्द्र गौतमको **अलिखित** उपन्यासमा ग्रामीण जीवनमा भोग्दै आएका गरिबी दरिद्रतालाई उपस्थित गरिएको छ । खगेन्द्र संग्रौलाको **जुनकिरीको संगीत**, गाउँमा छरिएर बसोबास गर्दै आएका दलितहरूको उत्थानमा संलग्न केही व्यक्तिको प्रयासलाई

---

[२५५] ऐजन ।

[२५६] डी.पी. अधिकारी, **नेपाली उपन्यास र जनजीवन**, पूर्ववत्, पृ. ३७ ।

[२५७] ऐजन ।

[२५८] ऐजन ।

देखाइएको छ । मञ्जुश्री थापाको **द ट्युतर अफ हिस्ट्री**मा ग्रामीण जीवनकै सेरोफेरोमा उपन्यास केन्द्रित रहेको छ । नेपालमा सम्पन्न हुने सानो परिदृश्यलाई उपन्यासमा देखाइएको छ । मदनमणि दीक्षितको **त्रिदेवी**, ध्रुवचन्द्र गौतमको **कट्टेलसरको चोटपटक** तथा डी.पी अधिकारीको **युगान्तकारी** उपन्यास प्रमुख रूपमा रहेका छन् । [२५९] विश्वमा सर्वोत्कृष्ट मानिएको टल्सटायको उपन्यास **युद्ध र शान्ति** ऐतिहासिक घटनाको विवरणलाई उपन्यासमा देखाइएको छ । डायमन शमशेरको **वसन्ती** उपन्यास त्यतिबेलाका दरबार भित्रका राणाहरूको कस्तो व्यवहार थियो जुन यथार्थतालाई उपन्यासमा देखाइएको छ । यस ऐतिहासिक उपन्यास **वसन्तीमा** तत्कालीन नेपाली दरवारमा घट्ने राजनैतिक षड्यन्त्र र शक्तिको लागि हुने दाउपेच चाकडी आदिलाई सफलतापूर्वक प्रस्तुत गरिएको छ । [२६०] राजेश्वर देवकोटाको **डबली,** उपन्यासमा मानवजातिले परापूर्वकालदेखि नै आत्मसाथ गर्दै आएको धार्मिक दासताको चर्चा गरेको यथार्थतालाई उपन्यासमा देखाएका छन् । सत्य र सौन्दर्यता एउटा स्वरूप नभई मनुष्यले ईश्वरीय शक्तिको अस्तित्वलाई स्वीकारेको छ । इतिहासको विभिन्न समयमा धार्मिक प्रचारमा हुने गरेका विरोधात्मक स्वरहरू मुखरित भए पनि यसलाई आफ्नै किसिमले व्याख्या गरिन्छ ।

**नेपाली उपन्यास र जनजीवन**को अर्को शीर्षक '**घामका पाइला** र **अलिखित** दुई उपन्यासहरू' हुन् । धनुषचन्द्र गौतमको **घामका पाइला** उपन्यास र **अलिखित** गरी दुई उपन्यास छन् । धनुषचन्द्र गौतमको **घामका पाइला** उपन्यासमा ७० वर्ष पहिले नेपालमा रेलमार्गको स्थापनाले आधुनिक जागरणको प्रारम्भको ऐतिहासिक तथ्यलाई उपन्यासमा देखाउन खोजिएको छ । आधुनिकतातर्फ जुर्मुराउन थालेको युगको सङ्केत गर्दै समाजमा आएको परिवर्तन र प्रगतिलाई देखाउनु नै **घामका पाइला** उपन्यासको मुख्य विषय हो । यस विषयलाई प्रष्ट्याउन उपन्यासको कथानक सफल भएको छ । यसका साथै आउने युगको प्रगतिको सम्भावनालाई समेत देखाउदैं अन्याय विरोधी विकारको प्रतिस्थापना गराएर **घामका पाइला** उपन्यासको कथानकले आदर्श भावनाको छाप पनि छोडेको देखिन्छ । [२६१] भारतीय भूमिको प्रत्येक भागलाई छुने गरेर बिच्छाएका रेलका लाइनले नेपालका तराई क्षेत्र र राजधानी काठमाडौंमा प्रभाव पर्ने गर्थ्यो । भारतीय बजारमा आधुनिक फेसन र सुख भोगका समाग्रीप्रति काठमाडोंका राणा शासकहरू पनि विस्तारै आकर्षित हुँदै आएका थिए ।

ध्रुवचन्द्र गौतमको **अलिखित** उपन्यास आञ्चलिक उपन्यास हो । तराईमा बसोबास गर्दे आएका गरिबीको चित्रण गरिएको छ । शिक्षालगायत सुविधाका अन्य क्षेत्रमा काठमाडौंमा सहुलियत बन्दै आएको छ । गरिबी, द्ररिद्रता र असहायको वातावरण भित्र बस्ने समुदायबीच पाइने चरित्रको चित्रण उपन्यासमा गरिएको छ । देशको ठूलो जनसंख्या गाउँमा बस्ने भएकाले उनीहरूको आर्थिक जीवनको अध्ययनको साथै आफ्नो समाज र राष्ट्रलाई हेर्ने उनीहरूको दृष्टिकोण रहेको छ । **अलिखित** उपन्यासमा मानव चिन्तनको

---

[२५९] ऐजन ।

[२६०] देविका चाम्लिङ्ग राई, **मदनमणि दीक्षितका उपन्यासमा नारीपात्र**, (अप्रकाशित, नेपाली स्नातकोत्तर शोधपत्र पी. के. क्याम्पस, २०५६), पृ. ९५ ।

[२६१] डी.पी. अधिकारी, **नेपाली उपन्यास र जनजीवन**, पूर्ववत्, पृ. १५ ।

विकासमा रहने हुँदा यो उपन्यासलाई राष्ट्रले समेत प्रोत्साहन दिनुपर्दछ भन्ने मत अधिकारीको रहेको छ ।

**नेपाली उपन्यास र जनजीवन**को अर्को शीर्षक 'उपन्यास **त्रिदेवी** आलोचनात्मक हेराइमा' हो । बौद्धिक समुदायमा वैचारिक चिन्तनको विकास हुन नसकेको यथार्थतालाई उपन्यासमा चित्रण गरिएको छ । **त्रिदेवी** उपन्यासका मुख्य पात्रहरू नालायनी, सौदामिनी र स्मिता यी तीनै जना नारीहरूको चरित्र सबल देखाइएको छ । देशको राजनैतिक, सामाजिक, आर्थिक स्थितिको बारेमा चेत भएका यी नारीहरू देश पतनको खाडलतिर जान लागेकोमा चिन्तित छन् । २०३६ सालको आन्दोलनदेखि प्रजातन्त्र निम्ति आस्था राख्ने र यसनिम्ति सक्रिय भाग लिने यिनीहरू २०४६ सालको आन्दोलनमा पनि उत्तिकै सक्रियताकासाथ भाग लिन्छन् । प्रजातन्त्र आएर देशमा निर्वाचन हुँदासम्म पनि देशको स्थिति झन् विग्रदै गएको अवस्थाको कारण राजनैतिक विचार नै हो भन्दछन् । [२६२]

**त्रिदेवी,** उपन्यासमा पूर्व र पश्चिम भ्रमणको स्थलगत गर्णन नगरी बयान मात्र गरिएको छ । राष्ट्रिय विकासको क्षेत्रमा दुरगामी दृष्टिकोण राख्ने देश र जनताको आर्थिक जीवनको उत्थानमा तत्पर रहने उपन्यासको आरम्भदेखि नै यौनवेदनाले ग्रसित तुल्याएको छ । उपन्यसामा उद्देश्यअनुकूल चरित्र निर्माण भएको छैन । उपन्यासमा देखाउन खोजेको आदर्शलाई देखाउने उद्देश्यमा प्रमुख पात्रहरूमा नालायनी, स्मिता सौदामिनी तथा प्रोफेसर सुद्युम्न र शम्भु थापा लगायत शौम्यराज जस्ता पात्र उपस्थित गराइएको छ । [२६३] पूर्वपश्चिम हिमसागर नामको पुस्तकालयको स्थापनाले मात्र उपन्यासले परिलक्षित गरेको राष्ट्रियचिन्तनको विकास हुने होइन ।

उपन्यास **त्रिदेवी**, सरुभक्तको **पागल वस्ती** जस्तो धार्मिकतामा अल्झिएको दृष्टिकोण अधिकारीको रहेको छ ।

## (२) भाषाशैली

**नेपाली उपन्यास र जनजीवनमा** अधिकारीको भाषाशैली सरल छ । समालोचनाका कतिपय ठाउँमा निबन्ध लेखनमा जस्तो आत्मपरकता शैली अपनाएका छन् । अधिकारीले आगन्तुक शब्दको प्रयोग गरेका छन् । अङ्ग्रेजी आगन्तुक शब्दमा स्टेशन, मास्टर, गार्ड, इन्जिनियर आदि ।

## (३)निष्कर्ष

नेपालको सामाजिक जीवनमा आउने गरेका परिवर्तनलाई अधिकारीले **नेपाली उपन्यास र जनजीवनमा** देखाएका छन् । अधिकारीको समालोचनाको विशेषता राष्ट्रिय चिन्तनको खोज पनि हो । उनले गोतामेको **घामका पाइला** ध्रुवचन्द्रको **अलिखित**, मदनमणिको **त्रिदेवी** र **आहुतीको नयाँघर** उपन्यासमा राष्ट्रिय चिन्तनलाई राम्रोसँग समेट्न

---

[२६२] देविका चाम्लिङ्ग, **उपन्यासकार मदनमणि दीक्षितको उपन्यासमा नारीपत्र**, पूर्ववत्, पृ. ९५ ।

[२६३] डी.पी. अधिकारी, **नेपाली उपन्यास र जनजीवन**, पूर्ववत्, पृ. ५४ ।

नसकेको चर्चा गरेका छन् । उपन्यासले जीवनको सम्पूर्ण पक्षको उद्घाटन गर्न सक्नुपर्दछ भन्ने अधिकारीको दृष्टिकोण रहेको छ ।

## (५) फुटकर समालोचनाको विश्लेषण

समालोचक डी.पी. अधिकारीका समालोचना कृति बाहेक फुटकर समालोचना पनि प्रकाशित छन् । ती समालोचनाहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका छन् । अधिकारीका फुटकर समालोचनाहरू निम्नलिखित छन् ।

(१) राष्ट्रियता, **कोपिला** (वर्ष १, अङ्क १, **सामयिक साहित्य सङ्कलन**, २०१७)

(२) 'नेपाली साहित्य र सामाजिक यथार्थ', (**रूपरेखा**, २०२१)

(३) दुई भाई दुई उपन्यास, **रश्मि**, (२०४९)

(४) उपन्यास **त्रिदेवी** आलोचनात्मक हेराइमा, (**मधुपर्क,** २०५२ जेष्ठ, वर्ष २८: अङ्क १)

(५) नेपाली उपन्यास र जनजीवन, (**नेपाली समालोचना**, २०५५)

यी मध्ये तीनवटा फुटकर लेख **नेपाली उपन्यास र जनजीवन**मा प्रकाशित भइसकेका छन् र तिनको विश्लेषण त्यहीँ गरिएकाले यहाँ बाँकी दुईवटा लेखको मात्र विश्लेषण गरिन्छ ।

## राष्ट्रियता

### (१) विषयवस्तु

राष्ट्रियता अधिकारीको फुटकर समालोचनात्मक लेख हो । आफ्नी साली सरिता ढकाललाई लेखेको पत्र हो । अधिकारी पटनामा बसेको त्यहाँको वस्तुस्थितिबारे यसमा लेखेका छन् । पटनामा पढ्ने नेपाली विद्यार्थीसँग अधिकारीको भेट भयो र उसले अधिकारी तथा सरिता ढकाललाई चिनेको जानकारी पत्रमा उल्लेख गरेका छन् । [२६४] राष्ट्रियता सधैंको भन्दा सङ्गठित र सुदृढ हुने मुख्य कारण पूँजीवाद र साम्राज्यवादको उदयले गर्दा हुन्छ । आज नेपालीहरूबाट नै राष्ट्रिय परम्परालाई पुरानो भन्दा पुरानो देखाउने काम भएको छ । [२६५] यस लेखमा पूँजीवाद र सामन्तवादको चर्चा गर्दै पूँजीवादी र सामन्तवादी राष्ट्रियताको चर्चा गरेका छन् । समाजवादको नाममा जनतालाई भुक्याउने समाजवादलाई नक्कले समाजवादको संज्ञा दिएका छन् ।

नेपालको पूँजीवाद विदेशी शक्तिको कब्जामा भएकाले यसको आफ्नो स्वतन्त्र राष्ट्रिय चिन्तन हुन सकेको छैन । नेपाल कम्युनिष्ट पार्टी तथा नेपालका क्रान्तिकारी जनतामाथि शोषणको विरुद्ध लडिरहेका छन् । मानवतावादमा आधारित राष्ट्रियता अन्तर्राष्ट्रिय मानववाददेखिको भिन्न स्वरूप होइन । राष्ट्रियताको उद्देश्य असभ्यता र गरिबीलाई कायमै राख्नका लागि होइन । देश र जनताको उज्ज्वल भविष्यको पक्षमा

---

[२६४] डी.पी. अधिकारी, राष्ट्रियता, **कोपिला,** (सामयिक साहित्य सङ्कलन, वर्ष १, अङ्क १, २०१७), पृ. २-६ ।

[२६५] **नेपाली साहित्य र सामाजिक यथार्थ, रुपरेखा,** २०२१, पृ. ७०-७५ ।

त्यस्तो समाज सिर्जनाका लागि हुनुपर्दछ जुन समाजमा शोषक, शोषित, अशिक्षित केही हुँदैनन् भन्दै सरिता ढकाललाई प्रष्ट पार्ने काम उनले गरेका छन् ।

अधिकारीको अर्को फुटकर लेखको शीर्षक नेपाली साहित्य र सामाजिक यथार्थ हो । यस लेखमा अधिकारीले नेपाली साहित्यलाई सामाजिक यथार्थतासँग दाँजेर हेर्ने काम गरेका छन् । यस लेखमा हाम्रो साहित्यले राष्ट्रिय जनजीवनको व्यापक विकास गर्न नसक्नु र साहित्यिक चिन्तनलाई राष्ट्रिय घेराको माथिसम्म उठाउन नसक्नु जस्ता समस्या रहेका छन् ।

आजको नेपाली साहित्यले आफ्नो राष्ट्र र सामाजिक जनजीवनको बहुपक्षलाई लिई केही बोल्ने गरेकाले केही प्रगति हुँदाहुँदै पनि यसले आफूभित्रको अन्तर्मुखी दृष्टिलाई सही रूपले अगाडि बढाउन सकेको छैन ।[२६६] यस हेराइमा **चिसो चुल्हो**, आफ्नो सामाजिक परम्पराको विद्रोही बनेर उठेको छ । यो आफैले उपस्थित गरेका कतिपय अनावश्यक अल्झनमा समेत परेकाले सुसङ्गठित भएर आउन सकेन, यो नै यसको असफलता हो, **अनुराधा** उपन्यास पनि यस्तै प्रकारको उपन्यास हो भन्ने अधिकारीको धारणा रहेको छ ।

अधिकारीको **रश्मि** पत्रिकामा प्रकाशित फुटकर लेखको शीर्षक 'दुई भाइ दुई उपन्यास' हो । यस लेखमा '**घामका पाइला** र **अलिखित** उपन्यासको' चर्चा गरिएको छ । **दुई भाई दुई उपन्यास**, उपन्यास **त्रिदेवी** आलोचनात्मक हेराइमा, **नेपाली उपन्यास र जनजीवन** जस्ता फुटकर लेख **नेपाली उपन्यास र जनजीवन** (२०६०) भन्ने पुस्तकमा प्रकाशित भएका छन् । त्यसैले यहाँ चर्चा गर्न सान्दर्भिक देखिएन ।

### (२) भाषाशैली

डी.पी. अधिकारीको फुटकर समालोचनाको भाषा सामान्य वा सरल छ । उनका समालोचनामा कतैकतै फारसी र अङ्ग्रेजी शब्दको प्रयोग भेटिन्छ । आफूलाई भन्न मन लागेको कुरा भन्नु अधिकारीको शैलीगत विशेषता हो ।

### (३) निष्कर्ष

अधिकारीले आफ्नो फुटकर समालोचनामा सामाजिक जनजीवन र यथार्थलाई खोज्ने काम गरेका छन् । यिनले आफ्ना फुटकर समालोचनाहरूमा सुगठित सिर्जना र राष्ट्रियताका पक्षमा साहित्यकारहरू स्पष्टसँग नउभिएको देख्ता आफू सन्तुष्ट नभएको राय व्यक्त गर्दछन् ।

[२६६] डी.पी. अधिकारी, **नेपाली साहित्य र सामाजिक यथार्थ**, पूर्ववत्, पृ. ७०-७५ ।

# सातौँ परिच्छेद

# उपसंहार

देवीप्रसाद अधिकारीको जन्म वि.सं १९८३ मा कोशी अञ्चल सुनसरी जिल्लाको बराह क्षेत्र अन्तर्गत चौतारा भन्ने गाउँमा भएको हो । यिनका पिताको नाम नरपति अधिकारी र आमाको नाम दिव्यकुमारी अधिकारी हो । यिनको न्वारनको नाम थाहा नभएको बताए । यिनको वास्तविक नाम देवीप्रसाद अधिकारी हो । नरपति अधिकारी र दिव्यकुमारी अधिकारीका पाँच भाइ छोराहरूमा काँहिला छोरा देवीप्रसाद अधिकारीका तीन दाजु र एक भाइ छन् ।

देवीप्रसाद अधिकारी साहित्य र राजनीतिको क्षेत्रमा भए तापनि चार वर्षको उमेरमा बुवाको मृत्युको कारणले विभिन्न ठाउँको वातावरणमा उनको बाल्यकाल वित्यो । मावली घरमा वङ्गाली मास्टर राखिएकाले सानैदेखि बङ्गाली मास्टरको सङ्गतले हिन्दी र अङ्ग्रेजीमा राम्रो ज्ञान प्राप्त गर्ने अवसर पाए । यसबाट उनमा हिन्दी उपन्यासको विशेष प्रभाव परेको पाइन्छ । उनले आई. ए. सम्मको अध्ययन पूरा गरी आफ्नो राजनैतिक र सामाजिक व्यक्तित्व विस्तार गर्न आफूलाई कार्यक्षेत्रमा सामेल गराएका थिए । विद्यार्थी जीवनको सुरुमै कहिले बनारस, कहिले दार्जिलिङ्ग गर्दै उनी अध्ययनतर्फ त्यति लगनशील हुन सकेनन् । राजनीतिकै क्रममा कलकत्तामा पुष्पलाल, मनमोहन, शैलेन्द्र कुमारसँग मिलेर कम्युनिष्ट पार्टीको काममा क्रियाशील भए । २००४ सालदेखि २०१५ सालसम्म राजनीतिमा सक्रिय भएका अधिकारी राजनीतिमा आफ्ना केही कमजोरी भएपछि साहित्यतिर लागेको पाइन्छ । राजनैतिक र साहित्यिक व्यक्तित्व पनि भएका हुन् । धरानमा रात्री स्कुलको संस्थापक, त्यस्तै  धरान आदर्श पुस्तकालयको संस्थापक र धरान सेवा समितिको स्वयंसेवक भएर उनले काम गरेको पाइन्छ । राजनीतिबाट चर्चामा आउन सफल भएका अधिकारी विस्तारै राजनीतिबाट पलायन हुँदै साहित्यतिर परिचित हुन पुगे ।

**डी.पी. अधिकारीको समालोचनाको विश्लेषण अध्ययन** शीर्षकमा प्रस्तुत गरिएको यस शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचय दिइएको छ । यस क्रममा शोधपत्रको शीर्षक, शोधकार्यको प्रयोजन, समस्याकथन, शोधकार्यको उद्देश्य, डी.पी. अधिकारीको समालोचनाको विश्लेषणका  बारेमा यसभन्दा  अगाडि भएका  अध्ययनको विवरण, शोधकार्यको औचित्य , महत्त्व उपयोगिता, सीमाङ्कन र सामग्री सङ्कलन तथा शोधविधिका बारेमा स्पष्ट पारी अन्त्यमा शोधपत्रको रुपरेखा प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा **समालोचक डी.पी. अधिकारीको सङ्क्षिप्त परिचय** दिई उनको व्यक्तित्वको बारेमा चर्चा गरिएको छ । नेपाली साहित्यमा डी.पी. अधिकारीले कथा, उपन्यास र समालोचना विधामा कलम चलाएका छन् । उनको साहित्यिक यात्राको आरम्भ विद्यार्थीकालमै भएको पाइन्छ । यिनको पहिलो कृति सरिता ढकाललाई लेखेको पत्रहरूको सङ्कलन **यथार्थवादी समालोचना** (२०१७) हो । यिनी

हालसम्म पनि लेखनमै सक्रिय रहेका छन् । यिनको अहिलेसम्मको प्रकाशित अन्तिम पुस्तकका रूपमा **नेपाली उपन्यास जनजीवन** (२०६०) रहेको देखिन्छ । अधिकारीका हालसम्म कथा, उपन्यास, समालोचना आदि विधाका रचना देखिन्छन् । अधिकारीका पुस्तकाकार कृतिहरू यसप्रकार छन्-

**यथार्थवादी समालोचना** (२०१७), **नेपाली साहित्य र आलोचना** (२०३२), **नेपाली उपन्यास र जनजीवन** (२०६०) जस्ता समालोचनात्मक कृति रहेका छन् । कथासङ्ग्रह **माउसुली** (२०२३), **लङ्गडोमान्छे** (२०२७) गरी दुई कृति रहेका छन् । यसै गरी उपन्यासमा **आशमाया** (२०२५) , **धर्ती अभै बोल्दैछ** (२०२७), **युगान्तकारी** (२०५६) गरी तीन कृति रहेका छन् । फुटकर साहित्यिक कृतिमा उनका अन्य फुटकर लेख रचनाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् ।

अधिकारीका रचनामा कतै प्रगतिवादलाई र कतै प्रगतिवाद उन्मुख यथार्थवादलाई अँगालेका छन् । राजनीति र साहित्यमा दुबैतिर रुचि राख्ने अधिकारी कहिले धेरै चर्चामा आउने र कहिले दुबै क्षेत्रमा शिथिल रहने गरेका छन् । आफ्नो रचनामा कतै प्रगतिवादलाई र कतै प्रगतिवाद उन्मुख यथार्थवादलाई अँगालेका छन् । आफ्नो केही तार्किक स्वभावले गर्दा पनि राजनीतिमा निश्चित अडान लिन नसकेका अधिकारी कुनै पाटीमा पनि स्थायी रुपमा आबद्ध नभएको पाइन्छ । उनका समालोचनात्मक कृतिहरूमा प्रगतिवादी साहित्यको पक्ष उनले लिएका छन् । कथा, उपन्यासहरूमा कतै सामाजिक यथार्थ र कतै मनोवैज्ञानिक यथार्थलाई पनि प्रस्तुत गर्ने प्रयास गरेका छन् । यौनसम्बन्धी साहित्यको आलोचना गरेका विभिन्न लेखहरू लेखेका छन् । उनको लेखनको मूलधार भने प्रगतिवादतर्फ नै उन्मुख रहेको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेदमा **समालोचनाको सैद्धान्तिक स्वरुप** रहेको छ । यसका बारेमा चर्चा गर्दै संस्कृतमा, पश्चिममा र नेपालीमा विभिन्न विद्वान्हरूले दिएको समालोचनाको परिभाषा उल्लेख गरी अन्त्यमा निष्कर्ष यसरी दिइएको छ; समालोचना भन्नाले कुनै कृतिभित्र प्रवेश गरी त्यसमा पाइने गुणदोषलाई केलाएर त्यसको व्याख्या विश्लेषण गर्नु हो । पूर्व र पश्चिम दुबैतिर साहित्यका विभिन्न विधासम्बन्धी कृतिहरूको रचना गरिएपछि तिनको व्याख्या, विश्लेषण गरी आफ्ना दृष्टिकोण प्रस्तुत गर्ने सन्दर्भमा विविध खालका अवधारणा र मान्यताहरू विकसित हुँदै गई समालोचनाका पनि अनेक विधाहरू देखिएका छन् । अहिले नेपालीमा प्रभाववादी सैद्धान्तिक, ऐतिहासिक, प्रगतिवादी, मनोवैज्ञानिक, शैलीवैज्ञानिक, समकालीन, नारीवादी, संरचनावादी समालोचनाका अतिरिक्त केही मात्रामा कृतिपरक, निर्णयात्मक र तुलनात्मक समालोचनाहरू पनि पाइन्छन् ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा **नेपाली समालोचनाको विकास प्रक्रिया** रहेको छ । नेपाली समालोचनाको विकासप्रक्रियामा खास खास मोड र प्रवृत्तिका आधारमा चार चरणमा विभाजन गर्न सकिन्छ -

(१) पहिलो चरण (१९४८-२००२ सम्म)

(२) दोस्रो चरण (२००३-२०३३ सम्म)

(३) तेस्रो चरण (२०३४-२०५६ सम्म)

(४) चौथो चरण (२०५७ देखि यता)

नेपाली साहित्यका समालोचक मोतीराम भट्टले **कवि भानुभक्ताचार्यको जीवनचरित्र** प्रकाशित गरी नेपाली समालोचनाको यात्रा आरम्भ गरेका हुन् । यस चरणमा समालोचनाको प्रारम्भ मात्रै भयो । यसै चरणमा जीवनीपरक समालोचना बढी देखिए । नेपाली समालोचनाको विकास प्रक्रियामा २००३-२०३३ सम्मको समयलाई दोस्रो चरण मानिन्छ । यस चरणमा यदुनाथ खनालको **समालोचनाको सिद्धान्त** र **साहित्यिक चर्चा** बाट यस चरणको आरम्भ भएको हो । यसै चरणमा ईश्वर बरालले **झ्यालबाट** (२००६) कथा सङ्ग्रह सम्पादन गरी देखापरे । यस चरणमा प्रभावपरक , जीवनीपरक, व्याख्यात्मकता, वर्णनात्मकता, ऐतिहासिक , सैद्धान्तिक , प्रगतिवादी समालोचना लेखिएको पाइन्छ ।

२०३४-२०५६ सम्मको समयलाई तेस्रो चरण मानिन्छ । यस चरणको शुभारम्भ गर्ने व्यक्ति मोहनराज शर्मा हुन् । उनको ने**पाली साहित्यको संक्षिप्त इतिहास (सहलेखन**, २०३४), **कथाको विकास प्रक्रिया** (२०३५), **शैलीविज्ञान** (२०४८) **समकालीन समालोचना सिद्धान्त र प्रयोग** (२०५५) आदि ग्रन्थ लिएर नेपाली समालोचनामा शैलीविज्ञानको शुभारम्भ गरी त्यसको विकास र विस्तारसमेत गरेको देखिन्छ । यस चरणमा शैलीवैज्ञानिक , वस्तुवादी, भाषावादी, समकालीन समालोचना लेखिएका छन् ।

२०५७ देखि यताको समयलाई नेपाली समालोचनाको चौथो चरण मानिन्छ । यस चरणको शुभारम्भ गरी त्यसको विकास र विस्तारसमेत गर्ने व्यक्ति डा. खगेन्द्रप्रसाद लुइटेल हुन् । उनको **कविताको संरचनात्मक विश्लेषण** (अप्रकाशित विद्यावारिधि, शोधप्रबन्ध, त्रि.वि., २०५८) यस चरणको प्रतिनिधि कृति हो । हाल यो पुस्तक पुस्तकाकार कृति रुपमा प्रकाशित भैसकेको छ । **कोशविज्ञान** (२०५८) पनि संरचनावादी समालोचनापद्धतिसँग सम्बन्धित ग्रन्थ हो । **आशिष कविताको संरचनावादी** लेख डा. लुइटेलको यस क्षेत्रको पहिलो लेख हो । यस चरणमा संरचनावादी, प्रभाववादी र प्रगतिवादी समालोचना लेखिएको पाइन्छ । यस चरणमा मात्रात्मक गुणात्मक दुबै दृष्टिले उर्वर देखिन्छ । मूलरुपमा संरचनावादी समालोचनाको आरम्भ  हुनु  यस चरणको मूलभूत प्रवृत्ति मानिन्छ । यसै परिच्छेदमा नै नेपाली समालोचनामा देखिएका प्रभाववादी, सैद्धान्तिक, ऐतिहासिक, प्रगतिवादी, मनोवैज्ञानिक, शैलीवैज्ञानिक, समकालीन, नारीवादी र संरचनावादी समालोचनाअन्तर्गत पर्ने प्रमुख समालोचक र समालोचनात्मक कृतिहरूको विश्लेषण समेत गरिएको छ ।

पाचौँ परिच्छेदमा **डी.पी. अधिकारीको समालोचना यात्रा** रहेको अधिकारीको समालोचना यात्रा, मौलिक समालोचनात्मक कृति र फुटकर समालोचनात्मक लेखहरूमा देखिएका मुख्य मुख्य प्रवृत्ति र मोडहरूका आधारमा निम्न लिखित दुई चरणमा विभाजन गरिएको छ :

(१) पहिलोचरण (२०१७-२०३२ सम्म)

(२) दोस्रोचरण (२०३२ देखि हालसम्म )

अधिकारीको पहिलो चरणको मूलभूत प्रवृत्ति प्रगतिवादी हो । दोस्रो चरणमा अभिव्यक्तिको स्पष्टता, भाषिक सामर्थ्यको साथै विवादको विषयवस्तु समात्नु, मार्क्सवादी समालोचनात्मक दृष्टिको आँड लिनु, कला र विषयवस्तुको सन्तुलन खोज्नु, स्पष्ट र प्रभावकारी भाषामा लेख्नु तथा भाषिक शुद्धिमा विशेष ध्यान नदिनु नै अधिकारीका मूलभूत समालोचनात्मक प्रवृत्ति मानिन्छन् ।

छैटौँ परिच्छेदमा **डी.पी. अधिकारीको समालोचनाको विश्लेषण** रहेको छ। यसमा अधिकारीको पहिलो समालोचनात्मक कृति **यथार्थवादी समालोचना** (२०१७) हो । यो पुस्तक आफ्नी साली सरिता ढकाललाई लेखेको पत्रहरूको सङ्कलन यसमा समावेश गरिएको छ । यसमा पाँचवटा लेखहरू समावेश गरिएको छ । अधिकारीको यो समालोचना समाजपरक समालोचनापद्धतिमा आधारित छ । अधिकारीको अर्को पुस्तक **नेपाली साहित्य र आलोचना** (२०३२) हो । यसमा १० वटा लेखहरू समावेश गरिएको छ । यसमा अधिकारीद्वारा विभिन्न समयमा लेखिएका र विविध पत्रिकामा छापिसकेका लेखहरू समावेश गरिएको छ । अधिकारीको अर्को पुस्तक **नेपाली उपन्यास र जनजीवन** (२०६) हो । यसमा १२ वटा लेखहरू समावेश गरिएको छ । यसका ५ वटा लेखहरू **नेपाली साहित्य र आलोचनामा** फुटकर समालोचनात्मक लेखहरू पनि प्रकाशित भएका छन् । **राष्ट्रियता,** अधिकारीको फुटकर समालोचनात्मक लेख हो । यस लेखमा पूँजीवाद र सामन्तवाद राष्ट्रियताको चर्चा गरेका छन् । अधिकारीको अर्को फुटकर लेखको शीर्षक **नेपाली साहित्य र सामाजिक यथार्थ** हो । यस लेखमा अधिकारीले नेपाली साहित्यलाई सामाजिक यथार्थसँग दाँजेर हेरेका छन् । यसरी समालोचक डी.पी. अधिकारी वर्गीय चिन्तनका आधारमा सृजना भएको र नभएको भनी साहित्यलाई ठम्याउने समालोचक हुन् ।

## निष्कर्ष

आधुनिक नेपाली साहित्यका डी.पी. अधिकारी (१९८२) ले नेपाली साहित्यका कथा, उपन्यास र समालोचनामा कलम चलाएका छन् । आफूले कलम चलाएका जति सबै विधा क्षेत्रमा उत्तिकै प्रसिद्धि कमाउन सकेका छैनन् । **यथार्थवादी समालोचना** (२०१७) मा अधिकारीले प्रगतिवादी सिद्धान्तलाई अँगालेका छन् । अधिकारीको दोस्रो चरणको आरम्भ **नेपाली साहित्य र आलोचना** (२०३२) बाट भएको हो । **नेपाली उपन्यास र जनजीवन** ( २०६०) दोस्रो चरणको प्रतिनिधित्व गर्ने कृति हो । समसामयिक देशको आर्थिक अवस्थाको चित्रण यस पुस्तकमा गरिएको छ । यिनका फुटकर लेख रचनाहरू पनि प्रकाशित भएका छन् ।

डी.पी. अधिकारीले नेपाली समालोचना परम्परामा प्रगतिवादी समालोचना पद्धतिलाई अँगालेका छन् । डी.पी. अधिकारी राजनीतिमा अडिग रहन नसकेझैं साहित्यलाई मात्र आफ्नो लेखनको लक्ष्य बनाएनन् । उनको लेखन र चिन्तन फैलिन गयो । उनले साहित्यमा खास विशिष्टता हासिल गर्न नसके पनि नेपाली प्रगतिवादी

समालोचनामा उल्लेख्य छन् । उनको प्रगतिवादी लेखन मूलतः प्रभाववादी धारमै अगि बढेको देखिन्छ ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, डी.पी., **यथार्थवादी समालोचना**, काठमाडौं : टी. आर. विश्वकर्मा, २०१७ ।

__________, **नेपाली साहित्य र आलोचना**, काठमाडौं : स्कुल अफ जर्नालिज्म, २०३२ ।

__________, **नेपाली उपन्यास र जनजीवन**, काठमाडौँ : चेतना अधिकारी, २०६० ।

अधिकारी, रविलाल, **प्रगतिवादी नेपाली समालोचना**, पोखरा : लेकाली प्रकाशन, २०५६ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, तेस्रो संस्क., काठमाडौं : साझाप्रकाशन, २०४९ ।

__________, **नेपाली नाटक तथा रङ्गमञ्च उद्भव र विकास**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, २०५९ ।

एङ्गेल्स, मार्क्स, **साहित्य र कला**, मास्को : प्रगति प्रकाशन, २०४२ ।

कँडेल, घनश्याम, **केही अन्वेषण केही विश्लेषण**, काठमाडौँ : भीमसेन थापा स्वयम्भू पादू, २०४० ।

__________, **नेपाली समालोचना**, काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

खनाल, यदुनाथ, **समालोचना सिद्धान्त**, दोस्रो संस्क., काठमाडौँ : साझा प्रकाशन, २०२३ ।

__________, **साहित्यिक चर्चा**, काठमाडौँ : साझा प्रकाशन, २०३४ ।

गौतम, देवीप्रसाद, **प्रगतिवादी परम्परा र मान्यता**, काठमाडौँ : श्रीमती मुना गौतम, २०४९ ।

चापागाईं, नरेन्द्र र सुवेदी, दधिराज, **कोइरालाको साहित्यको समग्र अध्ययन**, विराटनगर : प्रतिभा पुरुष्कार प्रतिष्ठान, २०५१ ।

ढकाल, कुमारी सरिता, **प्रगतिशील दृष्टिमा केही समालेचनाहरू**, काठमाडौँ : रत्न पुस्तक भण्डार, २०४० ।

तिमसिना, डिल्लीराम, अनु., **काव्यमीमांशा**, काठमाडौँ : ने.रा.प्र.प्र., २०३० ।

त्रिपाठी, वासुदेव, **विचरण**, काठमाडौं : भानुप्रकाशन, २०५९ ।

थापा, हिमांशु, **साहित्यपरिचय**, ते.स., काठमाडौं : साझा प्रकाशन, २०४७ ।

थेगिम, शोभाकान्ति, **नेपाली समालोचनाको परम्परा मूल्याङ्कन तथा विश्लेषण**, गान्तोक सौरभ प्रकाशन, २०४० ।

देवकोटा, लक्ष्मीप्रसाद, **नेपाली शाकुन्तल**, पाँचौं संस्क., काठमाडौं : साझा प्रकाशन, २०६१ ।

प्रभात, विष्णु, **चिन्तन सौन्दर्य**, काठमाडौं : कल्पवृक्ष प्रकाशन, २०४९ ।

प्रसाईं, नरेन्द्रराज, **नेपाली साहित्यका समालोचक र समालोचना**, काठमाडौँ : एकता प्रकाशन, २०५७ ।

प्रधान, कृष्णचन्द्रसिंह, **साझा समालोचना**, ते.सं., काठमाडौँ : साझाप्रकाशन, २०५८ ।

बराल, ईश्वर, **छरिएका समीक्षा**, काठमाडौँ : साझा प्रकाशन, २०३५ ।

बराल, ऋषिराज, **प्रगतिवादी उपन्यासका मूल प्रवृत्ति**, अप्रकाशित, विद्यावारिधि, शोधप्रबन्ध, त्रि.वि. २०४८ ।

बराल, कृष्णहरि र एटम, नेत्र, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, प्र.सं., काठमाडौँ : साझा प्रकाशन, २०५६ ।

भट्ट, मोतीराम, **कवि भानुभक्ताचार्यको जीवनचरित्र**, सम्पा. राई, इन्द्रबहादुर, सम्वत् २०४८ ।

भट्टराई, घटराज, **प्रतिभैप्रतिभा र नेपाली साहित्य**, काठमाडौँ : नेशनल रिसर्च र एशोसियट्स, २०४० ।

भुसाल, ऋषिराम, **प्रगतिवादी समालोचना र नेपाली समालोचनामा यसको प्रयोग**, अप्रकाशित नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०३८ ।

मल्ल, विजय, **अनुराधा**, काठमाडौँ : साझा प्रकाशन, २०४९ ।

रावल, भीम, **नेपालमा साम्यवादी आन्दोलन उद्भव र विकास**, काठमाडौँ : पैरवी प्रकाशन, २०४७ ।

लमजेल, रविमान, **कोशी अञ्चलको साहित्यिक इतिहास**, धरान : रत्नमाया दलित साहित्य संरक्षण समिति, २०५० ।

लुइटेल, खगेन्द्रप्रसाद, **आधुनिक नेपाली समालोचना**, काठमाडौँ : ने.रा.प्र.प्र., २०५७ ।

__________, **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौँ : ने.रा.प्र.प्र., २०५५ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **नेपाली गद्य भाषासाहित्य र इतिहास**, काठमाडौँ : नवीन प्रकाशन, २०५५ ।

__________, **शोधविधि**, काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

__________, **नेपाली कविता, नाटक र इतिहास**, काठमाडौँ : ने.रा.प्र.प्र., २०५६ ।

शर्मा, रामकृष्ण, **सप्तशारदीय**, काठमाडौँ : जगदम्बा प्रकाशन, २०२४ ।

श्रेष्ठ, दयाराम, **नेपाली साहित्यका केही पृष्ठ**, काठमााडैं : साझा प्रकाशन, २०३४ ।

__________, **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास परम्परा**, काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र, २०३८ ।

सुवेदी, राजेन्द्र, **स्रष्टा सृष्टि द्रष्टा दृष्टि**, काठमाडौँ : साझा प्रकाशन, २०५२ ।

__________, **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, वाराणसी : भूमिका प्रकाशन, २०६१ ।

हड्सन, विलीयम हेनरी, **एन इन्ट्रीडक्सन टु स्टडी अफ लिट्रेचर**, नवौं भारतीय संस्क, २०३६ ।

**पत्रिकासूची**

अधिकारी, डी.पी., *राष्ट्रियता,* **कोपिला**, (वर्ष १, अङ्क १, २०१७), पृ. ५-७ ।

अन्नपूर्ण समाचारदाता, *कविता सिद्धान्तका क्षेत्रमा गहकिलो पुस्तक,* **अन्नपूर्णपोष्ट**, (वैशाख ५, २०६१), पृ. ७ ।

अन्नपूर्ण, समाचारदाता, *डा. लुइटेलको नयाँ कृति,* **अन्नपूर्णपोष्ट**, (२०६२ भदौं २), पृ. १२ ।

अन्नपूर्णपोष्ट समाचारदाता, *उपयोगीकृति,* **अन्नपूर्णपोष्ट**, (२०६२ भदौं १७), पृ. ७ ।

गौतम, लक्ष्मणप्रसाद, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* **गरिमा**, (वर्ष २२, अङ्क १२, २०६१ मङ्सिर), पृ. ६६ ।

__________, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास, कविताको बारेमा लेखिएको एउटा मानक ग्रन्थ,* **नवप्रज्ञापन**, (वर्ष १३, अङ्क २, २०६२ असोज), पृ. २० ।

*त्रिभुवन विश्वविद्यालय बुलेटिन,* **विद्यावरिधि**, (वर्ष ३५, अङ्क १, २०५९ साउन), पृ. ११ ।

पाण्डेय, माधवप्रसाद, *कविता विधामा आधुनिक विस्फोट,* **स्पेशटाइम**, (२०६२ वैशाख १९), पृ. ६ ।

**बुधबार**, *कविता विधाको गहन दस्तावेज,* (२०६१ जेठ २०), पृ. म ।

बोंगटी, रामबहादुर, *लोकसाहित्यमा गतिलो अनुसन्धान,* **देशान्तर साप्ताहिक**, (२०६३ असोज १), पृ. ४ ।

भट्टराई, गोविन्दराज, *कविता माथि भिन्न हेराई,* **कान्तिपुर**, (२०६१ जेठ १६), पृ. घ ।

__________, *लोकवार्ता साहित्य जीवन,* **कान्तिपुर**, (२०६३ असोज १), पृ. ४ ।

भट्टराई, भरतकुमार, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* **गोरखापत्र**, (२०६१ असार १२), पृ. ख ।

__________, *विधागत इतिहास लेखनमा अद्वितीय कृति,* **सुनकोशी**, (२०६१ भदौ) पृ. २१६ ।

भुसाल, राजु, *लोकसाहित्यको मानक ग्रन्थ,* **लुम्बिनी**, दैनिकी, (२०६३ मङ्सिर १), पृ. २ ।

*रा.स.स. कविताको संरचनात्मक विश्लेषण,* **गोरखापत्र**, (२०६२ साउन ३२), पृ. २ ।

लुइटेल, खगेन्द्रप्रसाद, **सामकालीन साहित्य**, (वर्ष ९, अङ्क ३, साउन, भदौ, असोज २०५९), पृ. १७९-१८२ ।

__________, *संरचनावादी समालोचना पद्धति,* **गरिमा**, (वर्ष ११, अङ्क १, २०५९ पुस), पृ. २१-३० ।

__________, *आशिष कविताको संरचनावादी विश्लेषण,* **जुही**, (वर्ष २०, अङ्क १, २०५७/५८), पृ. ७७-८१ ।

शर्मा, सुकुम, *कविता सिद्धान्त र नेपाली कविताको इतिहासका सन्दर्भमा, डा. खगेन्द्रप्रसाद लुइटेलको समालोचकीयता,* **समकालीन साहित्य**, (वर्ष १४, अङ्क २, २०६१ वैशाख-असार), पृ. ८१ ।

साप्ताहिक चितवन समाचारदाता, *लोकसाहित्यको अधिकारिक ग्रन्थ प्रकाशित,* २०६३ असोज १ ।

हिमालय टाइम्स समाचारदाता, *कवितामा संरचनावादको प्रयोग,* **हिमालय टाइम्स**, ( २०६२, साउन ३२), पृ. ४ ।